
# अमर ज्योति

## साहित्यिक त्रैमासिक



जेठ-२०८०

नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY

# विद्युतीय भान्छा, विद्युतीय यातायात ।
# स्वच्छ वातावरण, खर्चमा किफायत ।।



जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

वर्ष : २०, पूर्णाङ्क ५८
(२०७९ चैत-२०८० जेठ)

संरक्षक
**कुलमान घिसिङ**

प्रधान सम्पादक
**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक
**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति
**मुकुन्दप्रसाद प्रसाईं**
**आविष्कार कला**
**मिमन पुलामी**

व्यवस्थापक
**भोला शर्मा**
**रीता चालिसे (खनाल)**
**सङ्गीता अधिकारी (पौडेल)**
**शारदा भट्टराई पोखरेल**
**बलराम पुडासैनी**
**शारदा पराजुली**

आवरण कला
**उपेन्द्र शिवाकोटी**

सल्लाहकार
**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**वीरेन्द्र पाठक**
**केशवप्रसाद रूपाखेती**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिर**
**रामेश्वर राउत 'मातृदास'**

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा

प्रकाशक
**विद्युतकर्मी साहित्यिक समाज**
**नेपाल विद्युत प्राधिकरण**

सम्पर्क
रत्नपार्क, काठमाडौं, नेपाल
विद्युतीय ठेगाना: amarjyoti@nea.org.np
फोन नं. : ०१-४१५३०८९

मूल्य रू: १२०.००

अल मिडिया सोलुसन, बागबजार, काठमाडौं ४२५३६९४ द्वारा मुद्रित

आवरण चित्र : नयाँ स्वरूपमा निर्माण भएको त्रिशूली जलविद्युत केन्द्रको जलाशय ।

# साहित्यको देउरालीमा पर्यटनको पाती

नदीको गतिशील बहाबका कारण हिलो–लेदो पिँधमा थिग्रन्छ र सतहको पानी कञ्चन भएर सङ्लिन्छ । चलिरहने मेसिनको पुर्जामा खिया लाग्दैन । उफ्रने र दौडने अभ्यासले नै खेलाडीको शरीरलाई सुडौल तुल्याउँछ । भिरालो–साँघुरो डुँडहुँदै बगाइएको पानीले घट्टको मदानी फनफनी नचाउँछ । दृष्टान्तहरू यो बोलिरहेका छन्– गतिशीलताले नै ऊर्जा पैदा गर्छ ।

गतिशीलताको अर्को नाम यात्रा हो । यात्राको समानार्थी शब्द सफर हो; भ्रमण हो; पर्यटन हो । आमाको गर्भमा आएदेखि नै चलमलाएर मान्छे यो सङ्केत गर्छ कि अब जीवन–यात्रा सुरू भएको छ । जन्मपश्चात् कोक्रोमा हल्लिएर, बामे सरेर तथा तातेताते गरेर मान्छेले अल्पयात्रा तय गर्न थाल्छ । जब मान्छे आफ्नै खुट्टाको बलमा उभिएर यात्रा गर्न सक्षम हुन्छ तब मान्छे यात्रासँग यतिबिघ्न रत्तिन्छ कि यात्राप्रेमले वशीभूत भएर ऊ जीवनभर दिल खोलेर गीत गाइरहन्छ; "यात्रा रहेछ जिन्दगी...।"

होस सम्हाल्न सक्ने उमेरदेखि सुरू गरिने यात्राले जीवनभर अनेक स्वादका कोसेली चखाइरहन्छन् । आँखालाई दृश्य, कानलाई सङ्गीत, जिब्रोलाई स्वाद, छालालाई स्पर्श, नाकलाई सुवास, मनलाई भावना, दिमागलाई विचार आदि के के हो के के ! यात्राबाट कसैले सामान्य ज्ञानेन्द्रीयजन्य सुखको स्वाद मात्र अनुभूत गर्न सक्छन् भने कसैले चाहिँ जीवन जगतका गूढ रहस्य एवम् चूडान्त अनुभवहरू समेत हासिल गर्न सक्छन् । यात्राबाट अनुभव, अनुभवबाट अनुभूति र अनुभूतिबाट विचार निर्माण गर्ने वर्गचाहिँ साहित्यिक चेत भएका वर्गमात्रै हुन्; जो स–साना कुरालाई पनि सूक्ष्मरूपले नोटिस गर्छन् र कोमल संवेदनाले पनि चाँडै चसक्क छोइन्छन् ।

सफर वा यात्रामा निस्कने क्रममै भास्को डिगामाले भारत र कोलम्बसले अमेरिका पत्ता लगाएका हुन् । यात्रा अनुसन्धान र नवप्रवर्त्तनको औजार मात्र होइन, साहित्य लेखनका लागि अपार ज्ञानराशि उपलब्ध गराउने स्रोत–माध्यम पनि हो । साहित्यलाई कोरा कल्पना र फगतको भावुकताबाट बचाएर जीवन र जगत सापेक्ष बनाउन यात्राको वर्णनातीत भूमिका रहन्छ । कविशिरोमणि लेखनाथ पौड्यालले कास्कीबाट प्युठान यात्राकै क्रममा स्वर्गद्वारी तपोभूमिमा बसेर 'तरूण तपसी' नव्यकाव्य लेखेका हुन्, डा. दामोदर पुडासैनी 'किशोर'ले डोल्पाको यात्राबाटै 'डोल्पो ओ डोल्पो' नियात्रा कृति रचेका हुन्, प्रतीक ढकालले कर्णालीको भ्रमणबाटै 'त्यो उज्यालो कर्णाली' पुस्तक लेखेका हुन् । डा.नवराज लम्सालको 'धरा' महाकाव्य कोठे चिन्तनको उपज नभई देशको भूगोल विचरणबाट जन्मिएको उत्कृष्ट काव्य कृति हो । युवराज नयाँघरे सधैँ हातमा डायरी र कलम बोकेर साहित्यिक सर्जामको खोजीमा यायावरीय यात्रा तय गरिरहेका भेटिन्छन् ।

साहित्यकारका लागि यात्रा वा पर्यटन मनोविनोदको माध्यम त हुँदै हो, साहित्यिक सामल जुटाउने गतिलो मेसो पनि हो । पर्या पर्यटन, पर्वतीय पर्यटन, सहरी पर्यटन, ग्रामीण पर्यटन तथा साहसिक पर्यटनको हिस्सा बन्न पाउँदा जैविक विविधता तथा भौगोलिक विशेषताका बारेमा लेखकलाई यथेष्ट सूचना प्राप्त हुन्छ । प्रकृति र संस्कृतिको अध्ययन–अवलोकन, स्थानीय लोक जीवन र लोकसाहित्यको अध्ययन, मिथक सङ्कलन, पुरातात्त्विक, धार्मिक र ऐतिहासिक सन्दर्भको उत्खनन आदिका दृष्टिले समेत साहित्यिक पर्यटनको विशेष महत्त्व रहन्छ । –"जब व्यक्तिले आफ्नो जीवनलाई मूल्यहीन महसुस गर्न थाल्छ तब उसले या आत्महत्याको या त यात्राको योजना बनाउँछ" भन्ने एडवार्ड डालवर्गको भनाइले पनि यात्राले जीवनलाई ज्यान र पाइलालाई गति दिनसक्छ भन्ने निष्कर्षमा सजिलै पुग्न सकिन्छ ।

साहित्यका लागि पर्यटनले अमूल्य खजाना उपलब्ध गराएझैँ पर्यटन क्षेत्रलाई चम्काउन र लम्काउन पनि साहित्यको उत्तिकै भूमिका रहन्छ । साहित्यकारले ग्रामीण विम्बहरूलाई शब्दमालामा उनेर मीठो शैलीमा प्रस्तुत गरेपछि बेवास्ताको सिकार भएका गाउँठाउँको चिनारी समेत विश्वव्यापी बन्न पुगेको देखिन्छ । इतिहासको विभिन्न कालखण्डमा भएका साहित्यिक जमघटकै कारण लमजुङ जिल्लाको काउले पानी, तनहुँ जिल्लाको मानहुँकोट, कास्की जिल्लाको पोखरा आदि स्थानको प्रचारप्रसार भएको, ती ठाउँहरूमा पर्यटकको सङ्ख्या बढ्नाले होमस्टे हुँदै अत्याधुनिक होटेल तथा रेस्टुरेन्टहरू सञ्चालनमा आई आर्थिक क्रियाकलापमा समेत बढोत्तरी भएको दृष्टान्तलाई यस सन्दर्भमा साक्ष्य–प्रमाणका रूपमा लिन सकिन्छ ।

नेपालमा साहित्यिक अभियानका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने र जनताको सुख दुःखले निथ्रुक्क भिजेको "वास्तविक साहित्य" को सन्धान गर्ने उद्देश्यले पर्यटकीय गतिविधिलाई बढावा दिने प्रवृत्ति मौलाउँदै गएको छ । 'अक्षर यात्रा', 'संरक्षण कविता आन्दोलन', 'गाउँ गाउँमा कविता अभियान' आदि विविध नामबाट विभिन्न साहित्यिक संघसंस्थाले यस्ता कार्यक्रमहरू चलाउँदै आएका छन् । विद्युतकर्मी साहित्यिक समाजले पनि यस दिशामा ठोस कदम अगाडि बढाउने अठोटका साथ २०८० सालको जेठ महिनामा लमजुङ जिल्लास्थित सर्वोदय सेवाश्रम धर्मनाथ धाममा काव्यगोष्ठीको आयोजना गर्ने उद्घोष गरिसकेको खबर सम्प्रेषण गर्न पाउँदा हामीलाई खुसी लागेको छ ।

पर्यटन र साहित्यलाई सँगसँगै हिँडाउने हो भने हाम्रोजस्तो मुलुकले अनेकौँ लाभ लिन सक्ने देखिन्छ । यसका लागि लेखकहरूलाई केही दिन दूरदराजमा रहेका गाउँठाउँको अध्ययन–अवलोकन गराउने तर्फ सरकारी र संस्थागतरूपमै ठोस पहल हुनुपर्ने देखिन्छ । हाल पर्यटन बोर्डलगायतका केही संस्थाहरूले यस पुनीत कार्यमा सहयोग पुऱ्याउँदै आएका पनि छन् । यो अभियानमा अन्य संस्थाहरूले पनि हातेमालो गर्नुपर्ने देखिएको छ ।

**– अतृप्त**

## यस अङ्कमा


● **कविता/मुक्तक/गजल**

| | |
|---|---|
| प्रेमको लय | विमल भौकाजी/५ |
| ताजा रहोस् सम्झना | जयदेव गोविन्द/१५ |
| काठमाडौँ | रीता चालिसे खनाल/२२ |
| मुक्तक | राजन सिलवाल/३४ |
| मुक्तक | चेतनाथ धमला/३५ |
| एक जोर पुरानो जुत्ता | जीवन आचार्य 'निश्चल'/३६ |
| गजल | गङ्गा आचार्य सापकोटा/५६ |
| पुष्पबग्गो | शब्दसेना/६० |
| मुक्तक | उपेन्द्र पौडेल/६२ |
| पागल भिखारी | राममणि सिटौला/६३ |
| वृद्धाश्रम | मुकुन्दप्रसाद प्रसाईं/६८ |
| आमा : माया (२) | सानुराज श्रेष्ठ अन्जान/७२ |
| परिवर्तनको सङ्घारबाट | मधुर भट्टराई/८२ |

● **नियात्रा/संस्मरण**

| | |
|---|---|
| सौराहाको सौन्दर्यमा संरक्षणको लय | दीपेन्द्रसिंह थापा/४१ |
| एक्ले देउरालीको झरिलो बिहान | राजेन्द्रमान डङ्गोल/२४ |
| कालिन्चोक यात्रा | गजेन्द्रप्रसाद श्रेष्ठ/५१ |
| करनालको सूर्य मन्दिर | राजु शर्मा/७३ |

● **लेख**

| | |
|---|---|
| सार्वजनिक बसका पीडितहरू | विमल पोखरेल/७७ |

● **निबन्ध**

| | |
|---|---|
| डा. वानिरा गिरीसँगका केही पलहरू | श्रीबाबु कार्की/१६ |
| जीजिविषा र मुमूर्षा बिचको पृथक् पथ | चिरञ्जीवी दाहाल/४६ |
| दुब्लोगान | रेहित सैँजु/६५ |

● **कथा/लघुकथा**

| | |
|---|---|
| अपरिभाषित सम्बन्ध | जीवराज भट्टराई/७ |
| यन्त्र | खेमराज पोखरेल/२३ |
| इहलोक | नेत्रबहादुर कुँवर/५७ |
| सूत्रकथा | विष्णुप्रसाद आचार्य 'अतृप्त'/६४ |
| लघुकथा | नरेश अमात्य/७० |
| चिन्ता | सत्या अधिकारी/७१ |

● **कृति समीक्षा**

| | |
|---|---|
| जिन्दगीको गीतभित्र देशको गीत | आविष्कार कला/३८ |

● **साहित्यिक गतिविधि**

मुक्तक तथा गजल लेखन प्रशिक्षण कार्यशाला सम्पन्न/८४

मोहनकृष्ण उप्रेतीको 'नेपालको बिजुली र जनसरोकार' पुस्तक बजारमा/८७

# प्रेमको लय



विमल भौकाजी

ऊ छ,
उसको हल्ला छ ।

ऊ छ र त यो दिन छ
उसको हल्ला छ र त
यो साँझ छ /यो बिहान छ
ऊ नभए के होला ?

जब उसका सुस्त पाइला चल्छन्
कुनै जलतरङ्गभन्दा
कम मीठो लाग्दैन त्यो पदचाप,
र, हिँड्दाहिँड्दै
सुन्छु त्यहीँ कतै कुनै गायकी स्वर
तर बुझ्छु, आलापमा कुनै ढङ्ग छैन
वैशाखीले टेकेको खुट्टाजस्तो
धरमराएको हुन्छ आरोह,
रक्सीले मातेजस्तो
लरखराएको हुन्छ अवरोह
तर
त्यही बेसुर गीत छ र त
जीवनको सुर खोजिरहन्छन् मेरा पाइलाहरू ।

उसको गीत नभए के होला ?
हो नि त !
आँखैले गाइरहने
उसको धुनै त हो नसामा सञ्चार भर्ने

ओहो ! उसका आँखा नभए ?
उसका आँखाबाटै हो मैले संसार नियाल्ने
उसले हेर्छ र त मैले देख्छु
कदाचित् मेरा आँखा रसाए भने
तिनै आँखा त हुन् आँसु खस्ने,
र, कति खुकुलो मुस्कुराहट !
ऊ मुस्काएको छ र त म मुस्काउँछु
ऊ नमुस्कुराउने दिन कति अँध्यारो !
उसका ओठ छन् र त
मेरो आकाश छ, खुला आकाश !

ऊ नभएको मेरो आकाश कस्तो होला ?
आकाशमा ऊ छ, र यो घाम छ
आकाशमा ऊ छ, र यो जून छ,
ऊ नउदाएको प्रकृति कस्तो होला ?
उसको उज्यालो नै मेरो दृश्य
उसको खितखिताइ नै मेरा शब्द
आहा,
उसका हर भावभङ्गीले
मेरो कवितामा शृङ्गारिकता भर्छन्
उसको शृङ्गार छ र त मेरो कविता छ ।

उसको शृङ्गार नभए के होला ?
उसको शृङ्गार छ
उसका आँखा छन्/उसको बोली छ,
उसका ओठ छन्/उसको मुस्कान छ
उसको गीत छ
उसको हल्ला छ
र, ऊ छ, बस् ऊ... केवल ऊ छ ।

ऊ छ र त म छु
ओहो ! ऊ नभए के होला ?
उसको प्रेम नभए जीवन कस्तो होला ??
०००

# अपरिभाषित सम्बन्ध



जीवराज भट्टराई

"कहिलेकाहीँ त गम्भीर प्रसङ्गलाई त्यसरी नै बुझिदिए पनि त हुन्थ्यो । हरेक कुरालाई मजाकको टेकोमाथि अड्याएर फासफुस पारिदिने तपाईंको यो बानी देखेर कहिले त मलाई दिक्क पनि लाग्छ ।" सोविताको हल्का आक्रोशमिश्रित गुनासो हो यो ।

"विषयवस्तुलाई गम्भीर बनाउँदै गयो भने कहिलेकाहीँ त्यसको भार यति बढ्छ कि आफैंले उठाउन नसक्ने गरी बोझिलो हुन्छ । त्यसैले हल्का बनाउनुमै कल्याण छ ।" यति भनेर उसले सोवितालाई सम्झाउने पाराले आफ्नो सानोतिनो दार्शनिकताको प्रदर्शन गरेको थियो ।

"किन फेरि सिरियस नि ?" भान्साबाट फर्किंदै गर्दा सोविताको प्रश्न ।

"हैन, असार साउनमा कति छिटो मौसम परिवर्तन हुन्छ भनेर सोचिराखेको नि । पानी पर्न बेर न घाम लाग्न बेर । कहिलेकाहीँ त घामपानी पनि परिदिन्छ ।" ऊ अलि गम्भीरजस्तो देखियो ।

"प्रकृतिको यही अस्थिरताजन्य निर्दोषितालाई नै कोहीकोही अवसरवादीहरूले कमजोरी ठान्छन् । कतिसम्म भने आँगनमा बिस्कुन सुकाएर उनीहरू टारी खेतमा रोपाइँ गर्न जान्छन् ।" सोविताले पनि उसकै लय समातिन् ।

"ब्यङ्ग्यचेत र दर्शनमा पनि तपाईंको राम्रो दख्खल छ । तर..."

"तर के त ?"

"तर के भने त्यसको राम्रो प्रस्फुटन र लोकार्पण हुन पाएको छैन भन्नुपर्‍यो । जसले गर्दा तपाईंको त्यो क्षमताबाट मैले मात्र लाभान्वित हुने अवसर पाएको छु ।"

यत्तिकैमा टेलिफोनको घन्टी बज्छ । उताबाट कसैले सौगातको फोन आयो कि भनेर सोध्छ ।

फोन काटेपछि सोविता भुन्भुनिन्छिन्– "भात खानेलाई भन्दा पुरा खानेलाई हतपत् भनेको यही होला । मेरो छोराको फोन आयो कि आएन भन्ने कुरामा मलाईभन्दा यिनीहरूलाई बढी हतार छ ।"

"सोविता म्याम्, कुनै दिन यस्तो पनि थियो भन्ने कुरा तपाईं किन बिर्सनुहुन्छ कि, ती दिनहरूमा विनय उसकी आमाको एक्लो छोरोभन्दा तपाइँको मान्छे बढी थियो, होइन र ? यस्तो बेलामा हुने यस्तै हो । आज सौगात तपाइँको छोराभन्दा पनि अरू कसैको मान्छे भएको हुनसक्छ । तिम्रो बिन्ती चाँदीको मेरो बिन्ती सुनको जस्तो त गर्नु भएन नि ।"

"कहाँको कुरा कहाँ पुऱ्याएर मर्ममै प्रहार गर्नुहुन्छ तपाईं पनि ।" सोविताको अलिकति आक्रोसमिश्रित प्रतिक्रिया ।

ऊ केही नबोलेपछि उनले नै भनिन्- "साँच्चै, तपाईंले अघि असार साउनको प्रसङ्ग किन निकाल्नुभएको जयन्तजी ?"

"त्यो तपाईंले अघि नै बुझेर मलाई जवाफ समेत दिइसक्नुभएको छ । आज बिहानदेखि अहिलेसम्म तपाईं कम्तीमा चार पटक रूनुभयो । दर्जनौं पटक हाँस्नुभयो र सायद त्यत्ति नै पटक गम्भीर पनि हुनुभयो । यी सब कुराको साक्षी म भएको छुँ । यसलाई पनि मैले आफ्नो सौभाग्य नै भनौं कि ?"

एकछिन् टोलाएजस्तो गरेपछि फेरि पनि सोविताका आँखा टिल्पिलाए । हिजोआज ती अलि बढी पिन्ची भएझैं लाग्छ । अघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा छोरा सौगातलाई बिदाइका हात हल्लाउँदा उनका आँखा निक्कै छचल्किएका थिए । त्यतिबेला ती धेरै बेरसम्म थामिएनन्, ओभाएनन् । जो अस्वाभाविक पनि थिएन । त्यसअघि प्रतिक्षालयमा बसेर कफी पिइरहेको बेला सौगातकी एउटी केटी साथीले ऊसँग "तिम्रो ड्याडी र मम्मीको फिगर क्या मिल्दो रहेछ" भनी जयन्त र सोवितालाई इङ्गित गरिथिन् । सायद नसुने हुन्थ्यो भनेकी हुँदी हुन् । तर उनीहरू दुवै जनाले त्यो कुरा सुनिहाले । प्रतिक्रियामा उनीहरू मुखामुख मात्र गरे, प्रकटमा केही भनेनन् । सौगातले त्यसको प्रतिकार गर्दै "उहाँ त मेरो अङ्कल हो" भन्छ होला भनेको खै किन हो, ऊ पनि केही बोलेन ।

"त्यहाँ गएर विनय र सौगातको भेटघाट, कुराकानी र चिनजान होला त म्याम ?" उसले अर्को प्रसङ्ग कोट्यायो ।

"हुन पनि सक्छ र नहुन पनि । मेरो चाहनाको कुरा गर्नुहुन्छ भने सकभर भेटघाट नहोस् र कसैगरी भेटघाट भए पनि चिनजान र कुराकानी त हुँदै नहोस् । यो मेरो चाहना मात्र नभएर भगवानसँग पुकार पनि हो । भेट हुने कुरा दुर्लभ संयोगजस्तो ठान्छु म त ।"

यति भन्दै सोविता फेरि भान्सातिर लागिन् । ऊ फेरि एक्लो भयो । काम केही नभएपछि र कुरा गर्ने मान्छे पनि नभएपछि सम्झनाको फाइल त्यत्तिकै रिवाइन्ड हुँदै गयो ।

सोविताको एक्लो छोरा सौगात आज अध्ययनका लागि जापानतर्फ गयो । पाँचघण्टा जति अघि उसलाई बिदाइ गरेर उनीहरू एअरपोर्टबाट फर्केका हुन् ।

हो सोविताको लोग्ने पनि जापानमै छ । लोग्ने पनि के भन्नु, अब त्यो भूतपूर्व भइसक्यो । हैन, हैन, भूतपूर्व पनि भएको छैन । अनि के भयो त ?

अब त १८ वर्षभन्दा बढी भयो सोविता र विनयको बिहे भएको । ती दिनहरूमा उनीहरूको जोडीलाई देख्दा सबैले ईर्ष्या गर्थे । रूप सौन्दर्यमा सोविता जति राम्री थिई विनय पनि त्यत्तिकै लायक केटो थियो । त्यसो त सोवितासँगको चिनजान विनयको भन्दा जयन्तको पुरानो हो । त्यत्ति हो कि, उसको सम्बन्ध एउटा नजिकको साथीमा सीमित रह्यो । उनीहरू त्यसभन्दा धेरै अगाडि बढेर उदाहरणीय प्रेमी प्रेमिका बने । त्यो सम्बन्ध विवाहमा रूपान्तरित भयो । दुवै परिवारको पूरापूर असहमति हुँदाहुँदै पनि विनय र सोविताले आफ्नो प्रेमलाई अमर बनाउने कसम मात्र खाएनन् त्यो मार्गमा पाइला अघि बढाए । उनीहरूको विवाहका लागि जयन्त नै दुवैतर्फको अभिभावक बन्नुपरेको थियो । त्यसबाट उसले पनि एक किसिमको सन्तुष्टिको अनुभूति गरेको थियो ।

जयन्तभन्दा विनय धेरै चलाख केटा हो । गरिबी ब्याप्त माटोमा जतिसुकै राम्रो प्रेमको बिरूवा रोपे पनि त्यो राम्रोसँग हुर्किन सक्दैन भन्ने कुरा उसले छिट्टै नै बुझिसकेको थियो । सामाजिक परिवेशजन्य हुलमुल र त्यससँग जोडिएको समयचेत पनि उसमा प्रशस्तै थियो । त्यसैले बिहे गरेको एक वर्ष पुग्दानपुग्दै सोवितालाई कोठामा एक्लै छाडेर ऊ जापानतर्फ गयो । आज जयन्तले त्यो दिन

पनि सम्झियो जुन दिन सोविता र ऊ अघि भर्खरै सौगातलाईजस्तै एअरपोर्ट गएर उसलाई पनि हात हल्लाएरै बिदा गरेका थिए ।

विनयले जापानमा गएर खुब परिश्रम गऱ्यो होला । छिटोछिटो पैसा कमाएर उसलाई आउन पक्कै पनि हतार थियो । उसले महिनैपिच्छे पठाउने रकम हेरेर त्यस्तो अनुमान गर्न सकिन्थ्यो । त्यही पैसाले यता सोविताले काठमाडौंमा राम्रै घर किनी । लगभग दुई वर्षमै विनयको पसिनाले सोवितालाई सानो कोठाकी डेरावाल्नीबाट भव्य महलकी साहुनीमा रूपान्तरण गरिदिएको थियो । विनय जापान हिँडेको ६ महिनामै जन्मेको छोरा सौगात पनि राम्ररी हुर्किंदै गयो । सौगातको अनुहार अहिले अलि फेरिएजस्तो देखिए पनि सानोमा त काटीकुटी विनयजस्तै थियो ।

विनय जापान गएपछि भौतिक रूपमा टाढा भए पनि विनय र सोविताको कुराकानी भने भएभरका सञ्चारमाध्यमको उपयोग गर्दै दिनहुँ होइन एकै दिनमा कैयौं पटक हुन्थ्यो । एक दुई दिन बिराएर विनय र जयन्तको पनि त्यसरी नै कुराकानी हुन्थ्यो । साँच्चै भन्ने हो भने त उनीहरू तीन जना बीचका त्यस्ता अधिकांश कुराकानी झन्डै खुल्ला एकान्तजस्ता पनि हुने गर्थे । पछिल्ला दिनमा आएर विनयले अबको दुई तीन महिनामा नेपाल फर्किने कुरा गर्न थालेको थियो । उसको त्यस्तो निर्णयबाट उनीहरू तीनै जना उत्तिकै खुसी थिए । नहुन् पनि किन, तीनै जना बीचको सल्लाह तथा सोविता र जयन्तको दबाबबाट त उसले त्यस्तो निर्णय गरेको थियो ।

तर सोविता र जयन्तलाई अकल्पनीय आश्चर्यमा पाऱ्यो विनयले । एकाएक ऊ दुवैजनाको सम्पर्कबाट टाढियो । फोन गर्न छाड्यो, फेसबुक एकाउन्ट बन्द गऱ्यो र इमेल रिसिभ गर्न छाड्यो । यति भएपछि यताबाट जति नै प्रयास गर्दा पनि उसँग सम्पर्क र दोहोरो संवाद हुन सकेन । यता सोविता रोएरै मर्न थाली । उसलाई केही भनेर पनि सम्झाउन नसकिने भयो । कुनै न कुनै दुर्घटना भयो र विनय सकियो भन्ने बाहेक अरू कुरा सोच्ने ठाउँ पनि बाँकी रहेन । सम्भाव्य ठाउँहरूमा सोधखोज गरेर पत्ता लगाउने कोसिस पनि गरियो । त्यो पनि केही काम लागेन । तर फेसबुक एकाउन्ट बन्द गरेको हुनाले शङ्का गर्नुपर्ने ठाउँहरू अरू पनि देखिएका थिए ।

सबैतिरबाट थाकेपछि सोविता र जयन्त निरूत्तर अतः निरूपाय भएर बसेका बेला एकाएक सोविताको इमेलमा विनयको एउटा म्यासेज आयो । लेखिएको थियो–

"सोविता ! पैसा पठाउन सकिँदो रहेछ । कुराकानी गर्ने साधन पनि थुप्रै रहेछन् । तर तिनीहरूबाट माया पठाउन र पाउन नसकिँदो रहेछ । अभाव त केही छैन होला, परिस्थिति अनुसार चल्दै गर्नु ठीक होला कि !

उही परदेशी विनय ।"

सोविता र जयन्तले त्यो इमेल सयौं चोटि पढे । तर ठीक ढङ्गले बुझ्न सकेनन् । त्यसबाट एउटै कुराको निश्चय भयो– विनय जीवितै छ । फेरि सयौं इमेल पठाएर दोहोरो सम्पर्क गर्न खोजे तर त्यो प्रयास पनि निष्फल नै भयो ।

विनयको त्यस्तो चालापछि सोविता र जयन्तले पनि अनेक ढङ्गले अड्कलबाजीहरू गर्न थाले । कतै विनयले हाम्रो निकटताप्रति कुनै शङ्का त गरेन ? कतै उसले यहाँ कोही मार्फत गुप्तचरी त गराइरहेको छैन ? अथवा यहाँबाट त कसैले उसको कान भरिरहेको छैन ? त्यस्तो काम कसले गर्न सक्छ ? विनयको घरका मानिसहरूले, सोविताको माइतीपट्टि कसैले वा हाम्रै पुराना साथीहरूले वा अरू कसैले....।

यस्तै यस्तै कुरा सोचेर सोविता र जयन्त सहमतिअनुसार नै केही समय टाढाजस्तो पनि भए । उनीहरूका बीच फोनमा कुराकानी भए पनि घरमा आवतजावत बन्द भयो ।

त्यसैबीच एक दिन सोवितालाई पोखरातिरको एकजना आफूलाई थकाली भनी बताउने मान्छेले फोन गरेर भनेछ– "विनयले जापानमा मस्तसँग जिन्दगी बिताइरहेको छ । उसले त्यहाँ जापानी केटी बिहे गरेको छ । अब तपाईंले पनि उसलाई सम्झेर र कुरेर आफूलाई तड्पाउनुको सट्टा आफ्नै किसिमले जीवन बिताउनु भए हुन्छ ।"

त्यो मान्छेलाई उनीहरूले फेरि सम्पर्क गर्ने र भेट्ने धेरै प्रयास गर्दा पनि सकेनन् । यहाँ हुँदासम्म उसले भेट्न मानेन । अर्को दुई महिनापछि त ऊ पनि विदेश गयो भन्ने सूचना उनीहरूले पाए ।

थकालीको कुरा पत्याउन सोविताको मनले मानिरहेको थिएन । फेरि नपत्याएर पनि के गर्नु सत्य त त्यही थियो ।

समय बित्दै जाँदा सोवितामा विनयको सम्झना, चिन्ता र पिरलो पनि कम हुँदै गएको थियो । पछिल्ला दिनहरूमा जयन्तको सल्लाहअनुसार सोविताले विभिन्न

रचनात्मक कार्यहरूमा संलग्न भएर आफूलाई भुलाउँदै जान थालेकी थिई । विभिन्न संघ-संस्थामा लागेर उसले आफ्नो सक्रियता र प्रतिभा देखाउने गर्थी । उनीहरूको भेटघाट पनि फेरि पहिलेभैँ बाक्लिँदै गयो । निरन्तरको भेटघाटले फोन सम्पर्क पनि बढाउँदो रहेछ । उनीहरूका बीच एकै दिनमा पनि चार पाँच पटकसम्म फोनमा कुरा हुन थाले । कुराकानीका विषय प्रसङ्गहरू पहिलेभैँ गम्भीर प्रकृतिका नभई हल्काफुल्का हाँसो ठट्टा बढी हुन थाले ।

उनीहरूका बीच एउटा अपरिभाषित, अचम्मको र अपत्यारिलो सम्बन्ध छ । नाताले त उनीहरू कोही पनि होइनन् । बिहान उठेपछि पहिलो फोन सम्पर्क उनीहरू दुईका बीच नै हुन्छ । त्यतिबेला अधिकतर राति देखेको सपनाबाट कुराकानी सुरू हुन्छ । आज बिहान उठ्न अल्छी लागे नलागेको कुरा अनिवार्य हुन्छ । कस्तो कपडा लगाएर हिँड्ने, आज दिनभरि कहाँकहाँ जाने, के के गर्ने आदि सबै कुराको रिपोर्टिङसरह हुन्छ । बेलुका सुत्ने बेलामा पनि दिनभरिको वृतान्त कहिन्छ । दुईमध्ये एकलाई राति निद्रा लागेन भने जतिबेला भए पनि उनीहरूमा फोन गर्ने छुट छ । यसरी उनीहरूले फोनको विल रकममध्ये दुई तिहाइभन्दा बढी एक अर्कामा समर्पण गरिरहेका हुन्छन् ।

विषय यही नै हुनुपर्छ भन्ने छैन । उनीहरूका बीच जुनसुकै विषयमा पनि कुराकानी हुन्छन् । जीवन र जगत्सँग जोडिएका सामाजिकताका विषयमा, पुराना दिनहरूको सम्भनामा, रमाइलो ठट्टा अनि शारीरिक र मानसिक आवश्यकताको सापेक्षतामा यौनचाहनाका प्रसङ्गहरू पनि यदाकदा उठ्ने गर्छन् । कुराकानीहरू निर्वाद रूपमा अघि बढ्छन् र ती अन्तिमभन्दा अलि वल्लो बिन्दुमा पुगेपछि नाटकीय ढङ्गले अन्यत्रै मोडिन्छन् । तीमध्ये कुनैले पनि आफ्नो शिखर चुम्न पाउँदैनन् । एक किसिमले ती सबै श्रापितभैँ भएका छन् ।

सम्बोधनको हकमा जयन्त कहिले 'सोविताजी' भन्छ । कहिले 'सोविता म्याम्' र कहिले 'म्याम्' मात्र पनि चल्छ । सुरूसुरूका दिनमा उसले भाउजू पनि भन्ने गऱ्यो जुन शब्द उनलाई खुब मन पर्थ्यो । तर हिजोआज भाउजू सम्बोधनले उनलाई आपत्ति हुने गर्छ । यो आपत्ति बनावटी हैन भन्ने कुरामा विश्वस्त भएपछि जयन्तले भाउजू भन्न छाड्यो । उनी पनि त्यस्तै हो– कहिले जयन्त सर, कहिले जयन्तजी र कहिले सर मात्रै ।

सोविता भान्सामा गएर धेरै बेरसम्म उतै भुलेपछि जयन्तका मनमा यस्तै यस्तै कुराहरू भुत्ती खेलिरहे । हातेफोनको एकै घण्टीले सोवितालाई बैठक कोठामा हुत्याएर ल्याइ पुऱ्यायो । तर गलत नम्बर रहेछ ।

"केले एकोहोरो बनायो हजुरलाई ? गिलास रित्तिएको पनि थाहा हुन छाडेछ ।" सोविताको भनाइले जयन्त बिउँझेझैँ भयो ।

"तपाईं पनि भान्सातिर धेरैबेर अलमलिनु भयो । कुनै भाँडामा खानेकुरा पाक्नुभन्दा मस्तिष्कतिर केही खेलिरहेको थियो कि ?"

"हो, सर । मेरो यो सानो दिमागमा आज के के कुरा खेलिरहेका छन् । विनयले छाडेर गएपछि आजसम्म बाँच्ने आधार बनेको थियो– सौगात । आज त्यो पनि आफ्नो बाटो लाग्यो । अब नितान्त एक्लो भयो यो जीवन । सम्भवतः अब सधैंका लागि एक्लो हुनेछ । विनयसँगको बिहेले माइतीपट्टिको टेक्ने आधार समाप्त पारिदियो । घरपट्टिको हाँगो कहिल्यै समाउन सकिएन । बाहिर देख्नेहरूलाई त सबै राम्रै छ । लोग्ने विदेशमा कमाउन गएको छ । अब छोरो पनि बाहिर पढन गयो । यति ठूलो घर छ । सामान्यतः धनसम्पत्तिको अभाव छैन । तर पनि म रित्तो र खोक्रो छु । यो कस्तो विडम्बना हो ?"

"अरूले देखेको र आफूले भोगेको जीवनका बीच कहीँ त्यस्तो ठाउँ लुकिरहेको हुन्छ जसलाई फेला पार्न सकियो भने त्यही नै आफूलाई चित्त बुझ्ने आधार पनि बन्छ ।" जयन्तले अलि फरक ढङ्गले सम्झाउने प्रयत्न गऱ्यो ।

"त्यसका निम्ति पनि एउटा छुट्टै कला चाहिँदो रहेछ । सके त्यो अति दुर्लभ होला । मलाई लाग्छ– त्यस्तो कला तपाईंसँग छ तर मसँग छँदै छैन । मैले देखेभेटेदेखि नै एक्लै बस्दै आउनुभएको छ । यसरी एक्लो जीवन बिताउनुका पछाडि केही त कारण होला, जसका बारेमा अलिकति मात्र पनि कसैलाई केही आभास दिनुहुन्न । यहाँ यो घरको कुनै न कुनै तला सधैँ खाली नै रहन्छ । एक हिसाबले त तपाईंका निम्ति सधैँ सबै खाली नै छ । तर पनि तपाईं त्यति टाढा डेरामा बस्नुहुन्छ । तपाईंबाट मेरा हजारौँ होइन लाखौँ अनुरोधहरूको पनि रत्तिभर सुनुवाइ हुँदैन । धेरै कुरामा चित्त बुझ्दैन र कहिलेकाहीँ त सके सधैँभरि नभए दुई चार दिन बोल्दै नबोलौँ जस्तो पनि लाग्छ । तर एक दिन मात्र होइन एकछिन् पनि नबोलेर बस्न सक्दिनँ । यो कुन अवस्था हो ?"

"सोविताजी, किन यति भावुक र निरीह बन्नुहुन्छ ? आफ्नो मनलाई कमजोर

होइन अति सामान्य बनाएर एक पटक सोच्नोस् त । हामीले जे अनुभूत गरिरहेका छौँ, त्यो पनि एउटा सत्य नै हो नि । एउटा होइन, दुई दुई वटा मनले यति लामो समयसम्म अनुभूत गरेको सत्य । विनय र तपाईंको सम्बन्ध पूर्ण परिभाषित र अर्थपूर्ण रहेर पनि तपाईंका निम्ति त्यो दुःखद सावित भयो । तपाईं र मबीचको सम्बन्ध अर्थहीन छ र अपरिभाषित छ । त्यो सुखद बन्न नसके पनि दुःखद त भएको छैन नि, होइन र ? यसमा तपाइँ सहमत हुनुहुन्छ भने जुन कुरा पीडाको स्रोत होइन त्यसैलाई निरन्तरता दिनु नै उपयुक्त होइन र ?" जयन्तले सोविताको गुनासोलाई यसरी सम्बोधन गर्ने प्रयास गऱ्यो ।

सोविता भावुक बनेर टोलाइरहेको बेला झस्काउने गरी टेलिफोनको घण्टी बज्यो । सौगात जापान पुगेर खबर गरेको रहेछ । उसले जयन्तसँग पनि कुरा गर्न चाहेको थियो तर सोविताले 'अघि नै गइसक्नु भयो' भन्ने जवाफ दिइन् ।

एकाएक केही सम्झेझैँ गरी सोविता सोफामाथि मुढा राखेर त्यसमाथि चढिन् र बर्सौंदेखि बैठकको आकर्षणस्थलमा रहेको विनय र उनको ठूलो फोटो झिकेर सोफामुनि राखिन् । हुनसक्छ, जयन्तको आँखामा उनले केही प्रश्न देखिन् र आफैं बोलिन्–"विगत दुई वर्ष यता पटक पटक यसलाई मैले यहाँबाट हटाउन चाहेकी थिएँ तर सौगात यहाँ रहुन्जेल हटाउन हुन्न भन्ने मनको एउटा निर्णयका कारण अरूचि हुँदाहुँदै पनि यो यहाँ रहिरह्यो, तर अब भने रहँदैन ।"

रातको एघार बजिसकेछ । मापसे चेकिङ्का कारण मोटरसाइकल लैजानु हुँदैन । जयन्तले 'पठाओ' लाई फोन गऱ्यो । ऊ तल ओर्लेर हेर्दा बिदाइका निम्ति बार्दलीबाट सोविताका हातहरू उसरी नै हल्लिरहेका थिए ।

jibrajbhattarai7@gmail.com

# ताजा रहोस् सम्झना



जयदेव गोविन्द

यस्तो एक मनुष्यको उदय होस् यो भूमिको काखमा
ऊ आराध्य बनोस् करोड मनको रोजाइमा मागमा
पर्दाभित्र बसी नवीन पथको कोरोस् दिगो योजना
पारोस् स्वच्छ धरा अनन्त उसको ताजा रहोस् सम्झना ॥१॥

यस्तो शुद्ध उदार पात्र चुनिई आओस् कुनै कालमा
कालो ऐस भुली निदाउन सकोस् सानो कुटी पालमा
निर्धादेखि बलिष्ठसम्म प्रिय होस् बाँडेर सद्भावना
पारोस् रीत सफा अनन्त उसको ताजा रहोस् सम्झना ॥२॥

यस्तो दिव्य विचारको समर होस् सोचाइ फेर्नेगरी
चोखो संस्कृति होस् त्रिकाल नमुना मानेर हेर्नेगरी
कोही नायक जन्मियोस् उदयको सङ्कल्प बोकी घना
कोरोस् दीप्त भविष्य नित्य उसको ताजा रहोस् सम्झना ॥३॥

यस्तो क्रान्ति उठोस् कुशासकहरू काँपी बनून् कायल
स्थायी शान्ति मिलोस् वृथा विमतिको मासेर दावानल
आओस् एक सफा विचारक नयाँ बोकेर सम्भावना
ल्याओस् शान्त उषा अनन्त उसको ताजा रहोस् सम्झना ॥४॥

यस्तो सभ्य पवित्र नीति विधिले सम्पन्न नेपाल होस्
माटोमा बलिदान विम्बित हुने एकत्व सञ्जाल होस्
यस्तो एक सपूतको उदय होस् बोकी मिठो चेतना
कोरोस् नव्य दिशा अनन्त उसको ताजा रहोस् सम्झना ॥५॥

**नुवाकोट**



# डा. वानिरा गिरिसँगका केही पलहरू

श्रीबाबु कार्की

म काठमाडौं भर्खर-भर्खर उक्लिएको थिएँ ।

समय वि.सं. ०५८/५९ तिर हुनुपर्छ । म एकदिन भृकुटीमण्डपको बाटो हुँदै हिँड्दै थिएँ । मेरा आँखा पार्कभित्र दौडिरहेका थिए । पार्कका गतिविधिले जो कसैका आँखा नतान्ने कुरा हुँदैनथ्यो ।

म आफ्ना खुट्टा अन्नधुन्न चाल्दै आफ्ना दुवै आँखाहरू पार्कको रमाइलोमा भुलाउँदै हिँडिरहेको थिएँ । एक्कासि मभन्दा अगाडि हिँडिरहेको एकजना महिलाको चिन्याइँदो आवाज मेरो कानसम्म आइपुग्यो । –"ला..., मेरो चप्पल त !"

म झसङ्ग भएँ, अगाडि हेर्छु, मैले चालेको पाइलाले कुल्चिएर अगाडि-अगाडि हिँड्ने एक भद्र-महिलाको चप्पल चुँडिन पुगेछ । त्यो चप्पल चुँडाउने दोष मलाई थियो । उहाँको आँखामा म पूर्णरूपमा दोषी करार भैसकेको थिएँ ।

म एक्कै क्षणमा रातोपिरो भएँ, मेरो अनुहार एकाएक निचोरिएको कागतीमा परिणत भयो । म अन्यमनस्क भएँ ।

हतार हतार दुई हात जोडी हृदयदेखि 'सरी' भनैं ।

उहाँले मलाई सघन आँखाले हेरिरहनु भएको थियो । मैले पुनः उहाँको त्यो डर लाग्दो अनुहारमा हेर्ने दुस्साहस गरिनँ पनि ।

मेरो शरीर जिरिङ जिरिङ भएको थियो । म कुनै अप्रिय घटनाको अनपेक्षित स्थिति नआओस् भनेर मनमनै कामना गर्दै थिएँ ।

मैले घटनालाई सहज अवतरण गर्न नम्र भाषामा भुइँको चप्पल हातमा उठाउँदै भने–

-"म्याडम गल्ती गरेँ, क्षमा गर्नोस्, म सिलाएर ल्याउँछु ।"

स्थितिलाई मत्थर बनाउन मैले आफ्नो अनुहारबाट आत्मश्लाघा पूर्णरूपमा रित्याइदिएँ ।

-लाग्थ्यो उहाँ मेरो अनुहार र शारीरिक क्षमाभाव गहिरोसँग पढिरहनुभएको थियो । म यति नम्र भएको थिएँ, यति लचिलो भएको थिएँ कि, उहाँको हृदयमा सहजै मप्रति दया जागेर आओस् र मैले छिटो मुक्ति पाऊँ ।

मेरा वाचाल ओठहरू मौन थिए । मैले पुनः अन्तिम पटक आग्रह गरें,

-"म्याडम ऊ त्यहाँ सिलाउने ठाउँ छ । म सिलाएर ल्याउँछु । केहीबेर पर्खनुहोस् ।"

उहाँले मेरो अनुहारमा गाढा आँखाले हेरिरहनुभएको थियो । आफ्ना अधीर आँखामा एकाएक परिवर्तन ल्याउँदै उहाँले प्रश्न गर्नुभयो– "तपाईं के काम गर्नुहुन्छ भाइ ?"

मैले विनम्रतापूर्वक उत्तर फर्काएँ

- म त्रि-चन्द्र कलेजमा पढ्छु ।

- कुन विषय पढ्नुहुन्छ ? पुनः प्रश्न आयो ।

- हजुर, म नेपाली विषय पढ्छु ।

मेरो उत्तर हावामा फैलन नपाउँदै उहाँले शान्त स्वरमा यो अनपेक्षित घटनाको फैसला सुनाउनुभयो ।

- "ल ठिक छ । मैले माफी दिएँ ।"

आफूले गल्ती गरेको कुरामा हृदयदेखि नै क्षमाभाव देखाउनुभयो । म खुसी भएँ,

अहिलेका युवाले क्षमा माग्ने त कता हो कता ! उल्टै धम्क्याउन र थर्काउन पो खोज्छन् त भाइ ।

उहाँले ठिक छ, खै दिनुस् मेरो चप्पल म आफैं सिलाउँछु । मेरो हातको चप्पल उहाँले आफ्नो हातमा लैजानुभयो ।

उहाँले पुनः मलाई सुझाउनुभयो- "हेर्नुस् भाइ ! आफ्नो गल्तीमा क्षमा माग्दैमा कोही सानो हुँदैन । तपाईंको यो नम्र स्वभाव मलाई औधी मन पर्‍यो ।"

अनि मेरो नाम सोध्नुभयो मैले आफ्नो नाम भनें ।

- श्रीबाबु कार्की ।

- ए, ए नेपाली विषय पढ्नु हुँदो रहेछ । साहित्य कत्तिको पढ्नु हुन्छ ?

- 'हजुर अलिअलि पढ्छु ।' मैले उत्तर फर्काएँ ।

त्यतिबेलासम्म मेरो अनुहारमा खुसीका रङहरू दौडिन थालिसकेका थिए । उहाँले आफू पनि साहित्यलाई माया गर्ने मानिस भएको बताउनुभयो । अब भने मैले थोरै हिम्मत बटुलेर सामान्य श्वास फेरें । र प्रश्न गरेँ ।

- हजुरको शुभ- नाम ?

- "म डा.वानिरा गिरि ।"

आहा ! दिदी मैले चिनेकै नाम पर्नुभएको रहेछ । मैले एकै श्वासमा भनें- "मैले हजुरको उपन्यास र सुन्दर कविताहरू पढेको छु ।" मैले उहाँको 'कारगार' र ' शब्दातीत शान्तनु' पुस्तक पढिसकेको थिएँ ।

साँच्चै मैले उहाँको 'निर्बन्ध' उपन्यास धेरै चोटि दोहोर्‍याएर पढेको थिएँ । उहाँका कविताहरू त झन निक्कै धारिला र स्वादिला हुन्थे । मात्रै अनुहारसँग परिचित थिइनँ ।

- हजुर त मेरो प्रिय लेखिका हुनुहुन्छ ।

- "ए हो र ?"

उहाँले आफ्नो अनुहार बिहानको रोशनीले पहाडलाई उज्जिल्याएझैँ, उज्यालो बनाउँदै लैजानुभयो ।

-"ल धेरै खुसी लाग्यो भाइ ।"

उहाँले पूर्वतिरको मीठो लयमा बोल्नुभयो । लौ हो, भाइ छुटौं है त ? फेरि फेरि भेटौंला ल ।

- उहाँ एउटा हातमा चप्पल बोकेर फटाफट अघि बढ्नुभयो ।

मलाई एकप्रकारको पश्चाताप लागिरहेको थियो । झन्डै पचास साठी मिटर अगाडि रहेको चप्पल मर्मत गर्ने ठाउँ थियो । म आफैं गएर चप्पल सिलाएर दिने आँट किन गर्न सकिनँ ? वा त्यो सद्भाव देखाउन मलाई केले रोक्यो ? मेरो मनभित्र आज पश्चातापको बादल मडारिइरहेको छ ।

●●●

अर्को कुनै दिन नेपालको इतिहास बोकेको शारदा पत्रिकाका सम्पादक तथा कवि विमल भौकाजी र म पुतलीसडकमा हिँडिरहेका थियौं ।

डा. वानिरा गिरि भेटिनुभयो ।

हामी दुवैले डा. गिरिलाई आदरपूर्वक नमस्कारको अभिवादन गऱ्यौं । उहाँ पनि पुतलीसडकबाट बागबजारतर्फ हिँडिरहनु भएको थियो ।

हिँड्ने क्रममा नेपाली साहित्यका कुराकानी भए । उहाँले हिँड्दै गर्दा काठमाडौंको सभ्यताको कुरा उप्काउनुभयो । काठमाडौं उपत्यकामा प्रदूषणका कारणले उपत्यकाबासीको स्वास्थप्रति गम्भीर असर पर्दै गरेको सत्य उजागर गर्नु भयो ।

कुरैकुरामा 'अहिलेको काठमाडौंको सबै खोलाहरूको पानी धमिलो देखेर अधिकांश बालबालिकाहरूको मनोविज्ञानमा खोला त धमिलो नै बग्छन् भन्ने परेको रहेछ । सङ्लो पानी त धारा र जारमा मात्रै आउँछ भन्ने मनोविज्ञानको विकास भइसकेछ । हेर्नुस् त हामीले हाम्रो सभ्यता कति धेरै ध्वस्त बनाएछौं ?' गिरिले प्रश्न गर्नुभयो ।

कवि विमल भौकाजी मुसुमुसु हाँस्दै दिदीलाई प्रश्न गर्नुभयो । -"दिदीले यो कहाँ पढ्नुभयो ?"

- डा. गिरिले भौकाजीतर्फ हेर्दै भन्नुभयो । -"आजैको कान्तिपुर दैनिकको सप्लिमेन्टमा आउने बालबालिका विशेष पत्रिकामा पढेको हुँ ।"

भौकाजीले हाँस्दै भन्नुभयो । त्यो कथा लेख्ने लेखक दिदीसँगै हुनुहुन्छ । -"दिदीले प्रश्न गर्नुभयो - को हो र भाइ ?"

- यी श्रीबाबु !

- उहाँ नै हो त्यो कथाको लेखक !

दिदीले मेरो मुखतिर हेरेर भन्नुभयो ।

–"आहा ! कति मीठो कथा । धेरै धेरै धन्यवाद है भाइ, त्यति मीठो कथा लेख्नु भएको रहेछ ।" भन्दै मलाई धन्यवाद दिनुभयो ।

त्यही दिन मात्रै कान्तिपुर दैनिकको कोपिलामा मेरो एउटा 'सङ्लो पानी' भन्ने बाल मनोवैज्ञानिक कथा छापिएको थियो । हामी केही अगाडि मात्रै त्यही कथाको बारेमा छलफल गर्दै थियौं । विमल भौकाजी दाइले पनि आफूलाई कथा मन पराएको बताउनुभएको थियो ।

डा. गिरिले हातको घडी हेर्नुभयो अनि भन्नुभयो । "आहा ! यति मीठो कथा लेख्ने भाइसँग संयोगले भेट भयो । म आज दुवै प्रिय भाइहरूलाई मिठाई खुवाउँछु,

उहाँले पहिल्यै सर्त राख्नुभयो– नाइँ भन्न पाइन्नँ है !"

कवि विमल भौकाजीले दिदीको आग्रहलाई भर्खरै एक बज्दै छ, भोलि भोलि खाउँला नि हुन्न दिदी भनेर सम्झाउनुभयो । तर दिदीले तुरून्तै प्रतिवाद गर्नुभयो ।

- "दिदीले हत्तपत्त खाऊँ भन्दिन । खाऊँ भनेको बेला नाइँ भन्न पाइन्नँ ।" उहाँ नजिकै मिठाई पसल कहाँ छ भन्दै यताउता हेर्न थाल्नुभयो ।

हामी बागबजारको मध्यभागमा एक तलामाथि रहेको मिठाई पसल उक्लियौँ । उहाँले मिठाई अर्डर गर्नुभयो । हामी मिठाई खाँदै निकै बेर गफियौं । दिदीको नेपाली साहित्यको गहन चिन्तनबाट हामी प्रशस्त लाभान्वित भयौं ।

झन्डै एक घन्टाको बसाइपछि उहाँले अन्तिममा कफी खाएर छुट्टिने प्रस्ताव राख्नुभयो । कफी अर्डर गर्नुभयो ।

संयोगले उहाँको भागमा परेको कप थोरै चर्किएको परेछ । नजानिंदो रूपमा चर्किएको उक्त कपलाई दिदीले चारैतिरबाट राम्रोसँग नियाल्नुभयो । र काउन्टरमा बसेको साहुजीलाई हामी बसेकै टेबुलमा बोलाउनुभयो ।

साहुजी नजिकै आए, दिदीले शिष्ट भाषामा चर्किएको कपतिर देखाउँदै भन्नुभयो ।

-"यो के हो साहुजी ?"

- ग्राहकमाथि यत्रो नेक्लिजेन्स !

- हामीले तपाईंको यत्रो पसलमा के यस्तै कपमा कफी खाऊँला भनेर आएका हौँ र ? यो त ग्राहकमाथिको गम्भीर अपराध होइन र साहुजी ?"

साहुजीले विनम्रतापूर्वक माफी मागे र आइन्दा त्यस्तो नहुने वचन दिए । साहुजीले कफी फिर्ता लैजान खोज्यो तर उहाँले पहिला आफूलाई अर्को कफी ल्याएपछि मात्रै यो कफी फिर्ता पठाउने भन्नुभयो ।

उहाँले साहुजीलाई सम्झाउँदै भन्नुभयो ।

-"हेर्नुस्, उहिले हाम्रो पुर्खाहरूले समेत फुटेको भाँडामा खानुहुन्न, भाग्य फुट्छ भन्थे । तपाईंलाई आफ्ना पुर्खाले किन 'भाग्य फुट्छ' भनेका थिए, थाहै रहेनछ ।"

डा. गिरिले सम्झाउँदै भन्नुभयो- "फुटेको ठाउँमा ब्याक्टेरिया बस्छ । अनि हामीले त्यस्तो भाँडाकुँडामा खाँदा रोग लाग्छ । रोग लाग्नु भनेकै भाग्य फुट्नु होइन त ?"

हामी दुवैजना दिदीको मुखमा हेरिरहेका थियौं । साहुजीको अनुहार झनै भिजेको बिरालोझैँ भएको थियो । म केही समयअगाडि दिदीको चप्पल चुडिँदाको मेरो अनुहार साहुजीको अनुहारमा देखिरहेको थिएँ । दिदीले पछि ल्याएको कफी सक्नुभयो । हामी बल्ल छुट्टियौँ ।



# काठमाडौँ

रीता चालिसे खनाल

झलमल्ल छ काठमाडौँ
अँधेरी रातसँग
लठ्ठिएका छन् युवा
आफ्नै धुन र मस्तीमा

दिनमा भन्दा रातमा मुस्कुराउँछ रे काठमाडौँ
मिलाउछन् सबैकुरा
एकआपसको बातसँगै

लोभिनेहरू हेर्छन्
ऊ आफ्नै मस्तमा छ
लसक्क लसक्क सुस्तरी सुस्तरी
हात्तीको चालमा छ
कहिले जोगी बनिदिन्छ
कहिले भोगी बनिदिन्छ

कहिले तताउँछ सडक
कहिले चिस्याउँछ
भविष्य सबै अरूको जिम्मा लगाई
ऊ आफ्नै मस्तीमा छ ।

**माटो ढुङ्गा तथा कङ्क्रिट प्रयोगशाला, ने.वि.प्रा.**

# यन्त्र



खेमराज पोखरेल

'के वर माग्छौ मनुष्य ? तिम्रो तपस्या याने रिसर्चको हेतु के हो ?' कम्प्युटरको प्रयोगशालाबाट एउटा यन्त्र बोकेर भगवान् प्रकट भएर सोधे ।

ऊ अचम्मित भयो । उसको लामो समयदेखिको रिसर्च सफल भएको थियो ।

उसले भगवान्लाई एकोहोरो हेऱ्यो । कल्पकल्प बितेका दाह्री पालेका, केशविन्यास नमिलेका, दाह्रानङ्ग्रा भएका अट्टहास हाँस्ने एउटा स्वरूप उसको अगाडि थियो ।

उसले गुगलमा 'भगवान्को स्वरूप' भन्ने वाक्य टङ्कण गऱ्यो । सोही आकृति देखा पऱ्यो । अब भने ऊ ढुक्क भयो कि यही स्वरूप भगवान् हो ।

उसले भगवान्लाई भन्यो – 'हे भगवान् ! यो पृथ्वीका मान्छे किन विकृत भएका ?, यसको कारण के हो ? सद्दे र विकृत मान्छे चिन्ने कसरी ??'

भगवान्ले भने – यति जाबो कुरा पनि थाहा छैन मनुष्य ?

उसले भन्यो – छैन नि भगवान् ।

भगवानले भने – 'मनुष्य ! तिम्रो रिसर्चले एउटा यन्त्र जन्माएको छ । त्यो मसँग छ । यसलाई मैले अपारदर्शी र सुन्दर कागजले छोपेको छु । यो यन्त्र तिमी घर लिएर जाऊ । कोही मानिस विकृत छ कि छैन भनेर जाँच्नका लागि यो कागज खोल । अनि यो यन्त्र उसैलाई देखाइ देऊ । यो यन्त्रले भन्ने छ ।'

ऊ यन्त्र बोकेर घर पुग्यो । श्रीमतीले सोधिन् – 'चिया सँगै पिउने हो ? बनाऊँ ?'

उसले यन्त्र श्रीमतीतिर फर्कायो । श्रीमती मनमनै भन्दै थिइन्, 'यस्तो घोसे ढुङ्गाजस्तो लोग्ने हुनुभन्दा त बरू .....'

ऊ झर्कियो ।

कोठामा पुगेपछि यन्त्रलाई टेबलमा राखेर लुगा फेर्न थाल्यो । त्यो यन्त्रमा ऊ आफैँ देखियो- विकृत र दुष्ट !



# एक्ले देउरालीको झरिलो बिहान

**राजेन्द्रमान डङ्गोल**

सूर्यले पूर्वी क्षितिज आरोहण गर्नुअघि नै एक्ले देउराली टेक्न पुग्छु म ।

पौने छ बजेको छ यति बेला ।

मोबाइलको अल्टिमिटरले एक्ले देउरालीको उचाइ ४२०० मिटर देखाउँछ । आफैँमा पनि सानो हिमाल नै हो एक्ले देउराली । अन्नपूर्णा हिमशैलका दर्जनभन्दा बढी चुली देखिने भएकोले अचेल एक्ले देउरालीको अर्को नाम 'भ्यू प्वाइन्ट' बसेको छ जनजिब्रोमा ।

क्रमशः उज्यालिन खोज्दै छ धर्ती ।

आदर्श, पिटर, नीक, ज्याक्लिन र ब्रान्डन पहिले नै त्यहाँ पुगेर आरामी श्वास लिइरहेका थिए । नाथान र मार्टिनले पनि उकालो तुर्नै लागेका छन् । अलिकति पछाडि परेका छन्, राजी र लीना । उनीहरू सायद मानव ट्राफिकमा परे होलान् भन्ठान्छु म ।

हिमालहरू पनि कति नजिकिएका !

सामुन्नेमा उभिएका छन्– दिदीबहिनी भनेर चिनिने दक्षिणी अन्नपूर्णा र हिउँचुलीका सेता पिरामिड । त्यसैको पछाडिपट्टि छ, विश्वको आठौँ अग्लो चुली अन्नपूर्णा– १ (८०९१ मि.) र क्रमशः लाइन लागेका छन्– थर्पुचुली, सिंहचुली र गङ्गापूर्णा । मानव जातिलाई चुनौती दिइरहेको छ, अन्नपूर्णा हिमशृङ्खलामा पर्ने एकमात्र कुमारी हिमाल अर्थात् माछापुच्छ्रे (६९९३ मि.) ले । र, माछापुच्छ्रेकै पछाडि उभिएर पर्यटकहरूलाई स्वागत गरिरहेको छ गन्दर्भचुली (६२४८ मि.) र अन्नपूर्णा– ३ (७५५५ मि.) ले ।

दुई सय सत्तरी डिग्रीमा घुमेर ज्याक्लिन, नीक र पिटरलाई औँलाको टुप्पोले

देखाउँदै हिमाललाई साक्षात्कार गराउँछन् आदर्श । उनलाई बीचमै रोकेर प्रश्न गर्छिन् ज्याक्लिन, "ह्विच वन इज द मार्डी हिमाल ?"

"द वन सिचुएटेड राइट इन्फ्रन्ट अफ फिसटेल ।" आदर्शको जवाफ ।

झलक्क हेर्दा माछापुच्छ्रेकै अङ्गजस्तो लाग्छ– ५५८७ मिटर अग्लो मर्दी हिमाल । कतिपय हिमाल त्यस्ता छन्, जसलाई पहिचान गर्न किमार्थ सजिलो छैन । पृथक् स्वरूप हुनुले माछापुच्छ्रेलाई टाढाबाट सजिलै पहिचान्न सकिन्छ । तर अन्नपूर्णा शृङ्खलाका गङ्गापूर्णा, लमजुङ हिमाल, अन्नपूर्णा पहिलो/दोस्रो/तेस्रो र चौथो चुचुरा छुट्याउन हम्मेहम्मे पर्छ । मर्दी हिमाललाई त झन् टाढाबाट पहिचान गर्नै सकिन्नँ ।

मर्दीलाई हिजो बादल डाँडाबाट देख्दा आमाको छातीमा लिपिक्क टाँसिएको बालकझैँ लाग्थ्यो । आज 'भ्यू प्वाइन्ट' बाट हेर्दा हाम्रै हातका चोरीऔँला र बुढीऔँलाका आकृतिजस्तै लाग्छ । मर्दीकै सामीप्यताले माछापुच्छ्रे यति सुन्दर देखिन्छ । कुनै वस्तुको अवस्थिति कुनै ठाउँमा हुनु र नहुनुले पनि सौन्दर्यमा अन्तर पर्दोरहेछ ।

"साँच्चै, मर्दी नहुँदो हो त कस्तो देखिन्थ्यो होला माछापुच्छ्रे !" आत्मालाप गर्छु म ।

०००

बिहान साढे चार बजेसम्ममा 'भ्यू प्वाइन्ट'का लागि यात्रा सुरू गरिसक्ने हाम्रो योजना थियो । त्यही भएर चार बजेको लागि 'अलार्म' मिलाएको थिएँ । होटल हाइक्याम्पका पाहुनाहरूले राति तीन बजेदेखि नै कल्याङमल्याङ गरेपछि चङ्ख भए मेरा कान । अनि त मोबाइलको स्क्रीनझैँ स्वाट्टै खुलेथे आँखाका पर्दा ।

निद्रा पनि कसरी परोस् त विचराहरूलाई ! एउटा डाइनिङ हलमा पैँतालीस यात्री सुतेका थिए । कस्तो विडम्बना ! प्रकृतिको मजा लिन पनि यति धेरै कष्ट सहनुपर्छ नेपालमा; त्यो पनि नेपालीहरूले नै । निसास्सिएर सुतिरहनुभन्दा त बेलैमा उठेर आफ्नो बाटो लाग्नु नै जाती । ठिकै गरे । कमसेकम बाटो त काटिन्छ । त्यही भएर होला, कोही कोहीले त उति बेलै बाटो तताइसकेका थिए ।

चार बजे 'अलार्म' बजेपछि निक, ब्रान्डन र ज्याक्लिनका सुतेको कोठाका ढोका ढक्ढक्याउन पुगेँ । सूर्योदय (सन राइज) हेर्न नजाने निर्णय गरेका ब्रुसको निद्रा खल्बल्याइनँ ।

काठमाडौँमा शरद नसकिँदै नेपालका २५०० मिटरभन्दा माथिका भूगोलमा जवानीको मात चढिसकेको हुन्छ हेमन्तको । केउको उचाइको चिसो छेक्न न्यानो ट्राउजर उनेँ, डाउन ज्याकेट भिरेँ र हातमा पन्जा र शिरमा टोपी गुथेँ ।

कोठा बाहिर निस्केर हेर्दा 'भ्यू प्वाइन्ट' जाने नागबेली गोरेटोमा सल्बलाइरहेथ्यो टर्चलाइटको उज्यालो । मसाल जुलुस त होइन, जूनकिरीको झल्कोचाहिँ दिन्थ्यो त्यो दीपमालाले । बालवयमा जूनकिरीसँग खेल्थेँ म । मेरा सङ्गाती थिए राजकुमार, रञ्जन, राजु र ज्ञानु । साँझपख उडिरहेका जूनकिरी समाउथेँ । उनीहरूसँग जुनकिरी समाउने होड नै चल्थ्यो । जुनकिरीको पिलपिल देख्न पनि मुस्किल छ अचेल त । एकातिर जलवायुको प्रदूषण, अर्कातिर धर्तीमा झिलिमिली बिजुली बत्तीको साम्राज्य । अनि किन नलागोस् त जुनकिरीको उठिबास ।

प्रकृतिको अवयव हो– जुनकिरी । लाटोकोसेरो र चमेराको आहार पनि हो– जुनकिरी । पर्यावरण सन्तुलनमा महत्वपूर्ण भूमिका छ यसको । जुनकिरी नभए लाटोकोसेरो र चमेराको भविष्य के होला ! चीनको बुहान सहरको पार्कमा जुनकिरीको पिलपिल हेर्न सिजनका बेला लाखौँ पर्यटक पुग्छन् । यस्तो सम्भावना नेपालमा पनि नभएको होइन तर जुनकिरीको संरक्षणमा हामी उदासीन छौँ ।

अघिल्लो दिन केउको मेघमालाले 'कुहिरोको काग'जस्तै बनाएथ्यो हामीलाई । कता पूर्व, कता पश्चिम; एकछत्तै । आज बिहान पो होटलको आँगनबाट देखेँ मैले पोखरा दक्षिणी खाल्डोतिर । मधुरो देखिन्थ्यो कुहिरोलाई छेडेर निस्केको बिजुली बत्तीको किरण ।

"सम्भवतः यति बेला मोहक बिहानीको कल्पना गर्दै होला पोखरा !" त्यही खाल्डो हेर्दै कल्पना गरेथेँ मैले ।

यस्तो प्रतीत हुन्थ्यो कि कतै काठमाडौँजस्तै पोखरा पनि खोक्रा भाषणहरूले दिएका फोस्रा आश्वासन र आशाका सिरानीमा मस्त निदाइरहेको त छैन ?

निजी क्षेत्रले पो कमाल गरेको छ त पोखरामा । र, त तालको सहर भनेर चिनिने पोखराले आफ्नो चिनारीको घेरोलाई फैलाउन सकेको छ । पहिले पहिले नव–विवाहित जोडीको स्वप्न गन्तव्यका रूपमा चिनिन्थ्यो पोखरा । अहिले साहसिक पर्यटनका लागि पनि उत्तिकै आकर्षणको केन्द्र बनेको छ ।

खर्च किफायत गर्न काठमाडौँबाटै 'पोर्टेबल ग्याँस बर्नर' बोकेका छन् पिटरले ।

स्टोभलाई होटलको आँगनमा राखिएको टेबलमाथि राखेर पानी उमाले उनले । नत्र एक लिटर पानीलाई रू. ७५०।– सम्म ठटाउँछन् यतातिर ।

पिटरले दिएको एक मग तातोपानी पिएथेँ । ज्यान पनि तात्यो । पानीको मात्राको पनि पूर्ति भयो । त्यसैले होला डेढ घण्टाको उकालो चढ्दा पनि शरीरले पानी मागेन मसँग ।

साढे तीन सयको हाराहारीमा थिए होलान् केउका होटलहरूमा रात काट्ने यात्री । हामीले यात्रा सुरू गर्नुअघि नै कतिले त आधा बाटो तुरिसकेका थिए ।

०००

निर्धारित समयमै सुरू भएथ्यो यात्रा । समय तालिकाअनुसार चल्ने विदेशीहरूको शैली मलाई औधी मनपर्छ । उनीहरूसँगै सिकेको हुँ मैले पनि । ठिक समयमा चल्नु भनेको आफ्नो लक्ष्यमा स्पष्ट हुनु हो । लक्ष्यलाई निर्दिष्ट गर्ने काइदा र, अबेर गर्नेका लागि शिक्षा पनि हो यो ।

केउ परको गौँडो काट्नेबित्तिकैको उकालोमा अन्य पदयात्री भेटेथ्यौँ हामीले ।

बिहानीको प्रथम प्रहर । कृष्ण पक्षको समय । चुक घोप्ट्याएसरि अँध्यारो । साँघुरो गोरेटो । अँध्यारोलाई चिरेको थियो सबैका टाउकामा जडित 'हेडलाइट'ले । धिमा गतिमा उठिरहेका थिए, पदयात्रीका पाइला ।

मृग कुदेझैँ कुद्नु पर्ने ज्याक्लिन मानव ट्राफिकमा फसिन् । उनको पछाडि थिएँ म । तत्काल उछिन्न सक्ने अवस्था थिएन । मेरो छायाँ उनको लाइटको उज्यालोमा र अरूको छायाँ मेरोमा पर्थ्यो । नागबेली गोरेटोमा भइरहेथ्यो त्यस्तो घरीघरी । मैले त्यही छायाँमा यात्राको अर्थ खोजेथेँ । 'सन राइज टुर'को दौरानमा टर्चलाइटको झल्याकझुलुक उज्यालोमा बिहानका थुप्रै यस्ता प्रहर काटेको र साटेको छु मैले । जस्तो कि– म्याग्दीको घोडेपानीबाट पुनहिल उकालिँदा । त्यस्तै चितवनको हात्तीबाङबाट सिराइचुली उक्लँदा । परार साल पिकेपिक चढ्दा चिसो सिरेटोले मलाई घुच्चुकमा हानेको ताजै छ । सूर्योदय हेर्न हिँडेका विगतका सम्पूर्ण बिहानहरू मेरा स्मृतिदंशमा आइरहे । त्यही बेला एउटा आशाको चाँदनी उदाएथ्यो मेरो मनमा ।

थोरै माथि पुगेपछि ज्याक्लिनले उनीभन्दा अगाडिका केहीलाई उछिनिन् । उनकै पदचापलाई पछ्याउँदै थिएँ म ।

"ए, दाइ !"

हठात् महिलाको आवाज ठोक्कियो मेरो कानमा ।

एक पुरूष र दुई महिला बाटोको छेउमा उभिइरहेका थिए । बाबु–आमा र छोरी रहेछन् । छोरीचाहिँको थियो त्यो आवाज ।

रोकिएँ ।

"तपाइँसँग ट्वाइलेट पेपर छ ?" सोधिन् छोरीचाहिँले ।

'इमर्जेन्सी ट्वाइलेट' जानुपर्ने भएछ बिचरीलाई । पेपर रहेनछ साथमा । क्या फसाद !

"छ ।" भनेँ मैले ।

"अलिकति दिनुस् न ! हामीले पनि ल्याएका त थियौँ । कोठामै छोडिएछ । यस्तो पर्ला भन्ने सोचिएन ।"

आफूसँग भएको रोलबाट निकालेर उनलाई चाहिने जति दिएँ । यात्रामा धेरै पटक यस्तो आकस्मिकताको सामना गरेको छु मैले ।

ललितपुरको नेवार समुदायका रहेछन् उनीहरू ।

गन्थनमन्थनको सिलसिलामा सहयात्रीभन्दा पछि परिसकेको थिएँ म । करिब पन्ध्र मिनेट उक्लेपछि थलीमा पुग्दा आफ्नो समूहका सबैलाई भेटेँ ।

थलीपछि ठाडै उकालो लागियो । तर रफ्तार आ–आफ्नै । कोही अगाडि, कोही पछाडि । आदर्श, पिटर, निक, ज्याक्लिन र ब्रान्डन मज्जाले तन्किए । मभन्दा पछाडि नाथान र मार्टिन थिए । राजी र लीना झन् पछाडि पर्दै गएथे ।

न घाम, न पानी । परम आनन्द आउँछ सखारै पहाड चढ्दा । एउटा त प्रकृतिसँगको सानिध्यता र अर्को निरन्तरता सिक्ने तौरतरिका हो यो । पहाड चढेरै तनाव न्यूनीकरण गर्छु म । पहाड चढेरै बढेको हो मेरो शारीरिक लचकता । आत्मविश्वास पनि बढेको महसुस हुन्छ मलाई ।

पाइलैपिच्छे अनौठो आवाज निकालेथ्यो, मेरो 'ट्रेकिङ पोल'ले । सङ्गीतको विलम्बित क्रमझैँ लाग्थ्यो प्रत्येकचोटि जमिनमा टेकाउँदा हुने कम्पन । यस्तो

लाग्थ्यो– मेरो 'ट्रेकिङ पोल' ले मलाई समयमा गन्तव्य चुम्न नसक्ने हो कि भनी सचेत गराइरहेको छ ।

उकालोलाई ढुङ्गेनी सिँढीले निकै सहज बनाइदिएको छ । नत्र उबडखाबड गोरेटो हिँड्न ज्यानलाई कम्ताको सकस हुन्थेन । सम्म होला भनेर टेक्दा खाल्डोमा र खाल्डो भनेर टेक्दा ढिस्कोमा ठोकिन्थे गोडा । यति असहज गोरेटोलाई सहज बनाउन पहल गरेका थिए सिधिङका सुदीप गौतमले । उनी केउका चल्तापुर्जा होटल व्यवसायी । राम्रो काम गर्ने मान्छे नै भगवान्को प्यारो हुँदोरहेछ । उनलाई सम्झँदै पयर उचालेँ मैले ।

'ब्लू आवर'को सुरूवाती चरणमा म देउरालीसँग नजिकिइसकेको थिएँ । क्षितिजमा सुनौला रेखाहरू कोरिने सुरसार हुँदै थियो । मनमा अनेक तानाहरू परेड खेल्दै थिए । पहाडको थाप्लो टेकेको पत्तै भएन ।

ooo

पिटर, निक, ज्याक्लिन र ब्रान्डनले मलाई अँगालो हाल्न आइपुग्छन् । बेहद खुसी गन्तव्य चुम्दाको । स्वयम्लाई उच्च भूगोलमा पाउँदाको खुसी । यसैका निम्ति त आएका हुन् उनीहरू, सात समुद्रपारिबाट । यसैका लागि पसिना फ्याँकेका थियौँ हामीले । सबैभन्दा खुसी देखिन्छन् ब्रान्डन । स्वास्थ्यले साथ नदिँदा झन्डै हुमाल (लो क्याम्प) मै बस्ने निधो गरिसकेका थिए उनले । हामीले नै उक्साएका थियौँ उनलाई हिजो केउ (हाइ क्याम्प) आउन ।

खासमा हाम्रो निर्धारित गन्तव्य मर्दी हिमाल आधार शिविरसम्मको हो । तर दृश्यपानको हिसाबले आधार शिविरभन्दा एक्ले देउराली नै उत्तम । तसर्थ, यसैलाई अन्तिम गन्तव्य बनाउँदा रहेछन् आम पदयात्री । हामीले पनि त्यसै गर्‍यौँ ।

'भ्यू प्वाइन्ट'मा गाडिएको छ, नेपालको निसाना । त्यसैमा अड्काइएको छ, बौद्धमन्त्र अङ्कित ध्वजा । त्यसैको छेउमा छाप्रो हालेर तातोपानी, चिया र कफी बेचिरहेका छन् सिधिङका भीमबहादुर तामाङ । पर्यटकको चापले भ्याइनभ्याइ छ उनलाई । 'भ्यू प्वाइन्ट'मा मान्छेको भिड भएपछि अलिक पर लाग्छौँ हामी । त्यहीँ देखाउँछन् पिटरले आफ्नो योगको कला । दुई हातले भुइँमा टेकेर निकै बेर उभिन्छन् । उनमै केन्द्रित हुन्छ पर्यटकहरूको ध्यान । सबैका मोबाइलमा कैद हुन पुग्छन् उनी । आफू पनि यसरी उभिन सके पो ! कम ईर्ष्या लाग्दैन मलाई उनको योगकला देखेर ।

भीमबहादुरको चिया दोकानमा फर्कन्छु म ।

"चिया त खानै पर्ला जस्तो छ दाइ !"

"आच्या हो, खानुस् न ! तपाइँहरूकै लागि त हो मेरो सेवा ।" रसिक पारामा बोल्छन् उनी ।

उनले एक कप कालो चिया थमाए ।

यही बेला मैले मर्दीको अर्थ सोधेँ उनीसँग ।

'गुरूङ भाषामा 'मर्' को अर्थ सुन । 'धी'को अर्थ छाना । अर्थात् सुनको छाना । सूर्योदय र सूर्यास्तमा यसको रङ सुनौलो हुने भएकोले 'मर्धी' नाम रह्यो । अपभ्रंश हुँदै जाँदा 'मर्दी' भनिन थाल्यो । अचेल त झन् 'मार्दी' भन्छन् मान्छेहरू ।' जवाफ दिन्छन् उनी ।

"'एक्ले देउराली' भनिनुको कारण के हो ? मेरो थप जिज्ञासा ।

"बेस क्याम्पनिरको कुनामा पानीको मूल छ । असाध्यै पवित्र । यसलाई बराहक्षेत्र पनि भनिन्छ । पहिले पहिले हरेक जनै पूर्णिमाको दिन मेला लाग्थ्यो रे । भक्तजनहरू स्नान गर्न आउँथे रे । एक पटक तेह्र जनाको एउटा समूह आएका रहेछन् । उनीहरू स्नान गरेर फर्कंदै थिए रे । बाह्र जना ऊ त्यो डाँडोमा आइपुगेका रहेछन् । उनीहरूमध्ये एक जना यहाँ आइपुगेका रहेछन् । त्यही बेला अकस्मात् चट्याङ परेछ । चट्याङले सबै जनाको एकैचोटि ज्यान लिएछ । ऊ त्यो बाह्रजना मरेको डाँडा (हातको औँलाले देखाउँदै) लाई बगाले एक्ले देउराली र एक जना मरेको यो डाँडोलाई एक्ले देउराली भनिन थालेछ । तीमध्ये रजस्वला भएकी महिला पनि रहिछन् । देउता रिसाएर त्यसो भएको रे । त्यो घटनापछि मेला लाग्ने क्रम पनि टुट्यो रे ।" दुःखद कहावत सुनाए उनले ।

यहाँ 'भ्यू प्वाइन्ट' मात्र छैन । 'भ्यू प्वाइन्ट' हरू छन् । लमतन्न सुतेको पहाडको ढाड टेकिरहेका छौँ हामी । र, यो जोडिन पुगेको छ मर्दीको नाभीसम्मै । पहाडको दुवै छेउ ठाडै भिरालो छ । अग्ला-होचा परेका छन् पहाडी ढाडको सतह । अनेक नाम पाएका छन् तिनले विभिन्न कालखण्डमा ।

अलिक अघि उनै भीमबहादुर तामाङले भनेका थिए- "मर्दी आधार शिविरलाई इन्छत्री, त्योभन्दा यताको डाँडोलाई ताइछा र क्रमशः यताकालाई सागाडाँडा, बगाले देउराली र एक्ले देउराली भनिन्छ ।"

ooo

काठमाडौँकी जीवित देवी कुमारीको निधारको रातो टीकाजस्तै बनेर क्षितिजमा उक्लन थाल्छ बाल सूर्य। यस्तो लाग्छ क्षितिजमा टुसाइरहेछ छ एउटा गुराँसको कोपिला र फक्रँदै छ शनैःशनैः। यसैको उपज त हो दिन, रात, याम, युग, इतिहास र सभ्यता।

घाम– आकाशगङ्गाको एउटा अम्लान फूल। घाम– सौर्यमण्डलको एक मात्र उज्जर तारा। घाम– सौर्यमण्डलको नाभी, ग्रहहरूका राजा। घाम– भिटामिन डीको अजस्र प्राकृतिक स्रोत। एक अपरिहार्य ऊर्जा। लोकप्रिय आराध्यदेवमध्येको एक। ईश्वरीय शक्तिको जीवन्त प्रतीक। नित्य उदय र अस्त यसको कर्म। भनिन्छ– जीवनको आधा बाटो बिताएको छ रे घामले। अझैँ पाँच करोड वर्ष बाँच्छ रे घाम।

सूर्य त उही हो तर प्रत्येक दिनको सूर्योदय नितान्त पृथक् लाग्छ मलाई।

हर्षित देखिन्छिन् ज्याक्लिन। उनको आभायुक्त मुस्कान र क्षितिजमा उठ्दै गरेको बाल सूर्य उस्तै लाग्छ मलाई।

हाम्रा लागि सुखद दिनको निमन्त्रणा गरेझैँ लाग्छ सूर्योदयले। सूर्योदयलाई हठात् स्वागत गर्छन् मेरा नयनले। मैले मनमनै अर्घ दिँदै गर्दा सूर्यले क्षितिजबाटै गौरवशाली अभिवादन गर्छ पहाड र हिमाललाई। ठिक ६:१३ बजे कान्ति छाउँछ हिमालमा। यही बेला देउराली चुम्छन् राजी र लीनाले पनि।

आहा, माछाको पुच्छरझैँ लाग्ने हिमालको आकृति, त्यसमा पोतिएको रङ र अप्रतिम सौन्दर्य ! म माछापुच्छ्रेको यो सौन्दर्य कलाकारको रङमा देख्छु। एक्ले देउरालीमा पनि एउटा झरिलो प्रभात खसिसकेको छ। हामी अत्यन्तै उमङ्गित भएका छौँ यतिखेर। हिमालहरू आफैँ पनि उमङ्गित भएझैँ लाग्छन्। हाम्रो धर्ती, हाम्रै सूर्य। लाग्छ– यतिखेर धराको गति रोकिएको छ र सूर्यले परिक्रमा गरिरहेको छ धरालाई। साँच्चिकै पृथ्वी रोकिए त के पो होला ! कल्पना पनि गर्न सक्दिनँ म।

"वाउ ! दिस इज माइ फेवुरेट कलर !"

श्वेत हिमशैलले धमाधम सुनौला पोसाक फेर्न थालेपछि ज्याक्लिनको मुखारविन्दबाट निस्कन्छ यो उत्तेजनापूर्ण आवाज।

"सुनौलो रङ कसलाई पो मन नपर्ला र !" ज्यक्लिनजस्तै उत्तेजित भएर मभित्रको 'म' बोल्छ ।

आफैँमा एउटा रोमाञ्चक घटना हो अरूणोदय । दुर्लभ आनन्द र मान्छेको जीवनको एउटा नवीन अध्यायको सुरूआत पनि हो । प्रत्येक पर्यटक आफ्ना क्यामरामा यो पललाई कब्जा गर्न व्यस्त भएका छन् ।

यही बेला म सम्झन्छु ब्रुसलाई ।

र, सोच्छु– "बिचरा ब्रुस, के गर्दै होलान् ? यहाँसम्म आउन सकेका भए कति रोमाञ्चित हुन्थे होलान् उनी !"

हिजो केउ आइपुग्ने बित्तिकै उनले भनेको सम्झन्छु– "दिस इज द म्यक्सिमम् हाइट आई क्यान बी !"

उनको उमेर र शारीरिक अवस्थाले त्यो उचाइ नै काफी थियो ।

एक्ले देउरालीलाई घामले मुसार्न थालेपछि ऐनाझैँ टलक्क टल्किएको तुसारो हठात् रून थाल्छ र नरम बन्छ माटोको सतह । घामको चमकमा कावा खाँदै एक्ले देउरालीसम्मै गाउन आइपुग्छन् एक बथान मलेवा । र, अनन्ततामा प्रतिध्वनित हुन थाल्छ तिनको सुमधुर नाद ।

एउटा स्वर्गीय ठाउँ । एउटा स्वर्गीय पल । वर्णनातीत छ यति बेलाको एक्ले देउरालीको यो अनुपम सौन्दर्य ।

एक्ले देउरालीबाट छोमरोङ र सिनुवाका बस्तीमा नजर डुलाउँछु । छोमरोङको माथमा बसेको भुइँकुहिरो शनैःशनैः सल्बलाएको देख्छु । तल हरियो, त्योभन्दा माथि खैरो, त्योभन्दा पनि माथि कालो र सबैभन्दा माथि सेतो । यस्तै देखिन्छ अन्नपूर्णा दक्षिण र हिउँचुलीको काया । प्राकृतिक रङहरूको अपूर्व संयोजन ।

गगनचरले जस्तै कावा खान निम्तो दिएझैँ भान हुन्छ आकाशले मेरा नयनलाई । अनि त नीलिम आकाशगङ्गामा डुबुल्की मार्न पुग्छ मेरो मन अनायासै ।

"ऊ त्यो खोचबाट बग्छ मर्दीखोला ।" मेरो छेउमै आएर मर्दी हिमाल मुन्तिरको खोंचतिर औँला सोझ्याउँछन् आदर्श ।

मर्दी खोलाबाट दूर छौँ हामी । खोचभित्र लुकेको छ खोला । न देखिन्छ, न

त सुनिन्छ नै त्यसको आवाज । बरू एक्ले देउरालीमै चलिरहेको मन्द वायुमा उल्लासमय गीत गुञ्जेको प्रतीत हुन्छ मलाई ।

दुई दिनअघि हुमालमा भेटिएका पोखराका 'फ्रिल्यान्स गाइड' परी अधिकारी हाम्रो छेउमा आइपुग्छन् ।

उनी मलाई भन्छन्- ऊ त्यो मर्दी बेस क्याम्पदेखिको परको भागलाई गहिरिएर हेर्नुस् त सर, सुतिरहेको बाघको आकृतिजस्तै देखिन्छ नि !"

गहिरिएर हेर्दा त्यस्तै आकृति देखिन आउँछ आँखामा । सुतिरहेको एउटा बाह्रहाते बाघको कल्पना गर्छु म ।

हर्षित देखिन्छन् योगी पिटर यतिबेला ।

मेरो सामु आएर भन्छन्- "हाउ पिसफुल इज द सन राइज ! इजन्ट इट ?"

उनी थप्छन्- "ओपन योर हार्ट एन्ड फील इट ! एन्ड अलाउ इट टु परमियट योर बिइङ !"

दुरूस्तै अनुभूत हुन्छ उनले भनेझैं गर्दा ।

घामको गुलाबी रङमा डुबुल्की मार्दा मार्दै आठ बजिसकेको थियो एक्ले देउरालीमै । पौने नौ बजे हामी केउ फर्कंदा ब्रुस एउटा म्याट्रेस भुइँमा बिछ्याएर पद्मासनमा थिए । उनले आँखा खोलेपछि मैले सोधेँ- "हाउ आर यु ब्रुस ?"

"ओ राज, यु गाइज ह्याभ अराइभ्ड ! आई रियल्ली इन्जोइड द मर्निङ भ्यूज । आई वोक अप याट सिक्स एन्ड केम आउट अफ द रूम । बाइ द टाइम, दि इन्टायर हाइक्याम्प वाज एम्टी । दोज माउन्टेन्स वेयर सो ड्याजलिङ । वेल ! आइ वाज एलोन । आई फेल्ट लाइक दे वेयर कलिङ मी । यु नो, आई रियल्ली ह्याड अ फ्रेन्ड्ली कन्भरसेसन विथ देम ।"

उनको कुराले यस्तो प्रतीत हुन्थ्यो कि ४२०० मिटरमा पुगेर फर्केका हामीभन्दा कैयौं गुणा प्रसन्न थिए उनी ।

**नुवाकोट**



## राजन सिलवाल


टोपी, धोती, चोली र भोटोमा देश हुने रहेछ
अगेनो, गोठ, छिँडी र चोटोमा देश हुने रहेछ
१ शम्भु ! जब टाढा भइन्छ देशको भूगोलदेखि
मातृभूमिको प्रत्येक फोटोमा देश हुने रहेछ ।

सिकारीहरू गैँडा देख्दैनन्- केवल खाग देख्छन्
जसको हृदय सुन्दर छैन- जूनमा दाग देख्छन्
२ मलाई थाहा छ जूनको महिमा, मयूरको हुलिया
प्रज्ञा ! दोषीहरू मेरो मयूरलाई पनि काग देख्छन् ।

मैले झुक्नुपर्छ भन, झुक्न तयार छु म
बाढी नसम्झ मलाई, सुक्न तयार छु म
३ प्रशस्त छन् यहाँ बुझीबुझी निदाउनेहरू
तिमीसँगै एउटा शङ्ख फुक्न तयार छु म ।

भरिँदैन सधैँ यो पेट सरकारी रासनबाट
पण्डितले पनि झर्नुपर्छ व्यास आसनबाट
४ तिम्रो लागि केवल सडक बाँकी रहन्छ
जब झर्नेछौ अवश्य देशको शासनबाट ।

शकुनीहरूको शक्तिहीन पासा देखिँदैछ
बौरिँदै रीति, भेषभूषा र भाषा देखिँदैछ
५ अन्धकारको कुनै कमी छैन हामीसँग
यस्तैमा पनि प्रभातको आशा देखिँदैछ ।



## चेतनाथ धमला

१ अचेल भोलि मान्छे देख्छु पग्लिएको
मनभरि आफ्नै मृगतृष्णा सल्किएको
मरूभूमि जस्तै हुँदा उराठलाग्दा सपनाहरू
बेवारिसे मूलढोकाबाटै चोर पल्किएको ।

२ जालझेलको प्रक्रिया कता गयो कुन्नि किन ?
दक्षिणको धारा दफामै सही ढोक्यो किन ?
तितरीको मुखै बैरी त्यसै भन्या होइन रै'छन्
वाणले सोला रोप्थ्यो, साधु बनी आयो किन ?

३ हावा हुरी चलेपछि छानो उडाउँछ नि
आगो बतासिएपछि जलाएरै छाड्छ नि
खेलाँची खेलाँचीमै बाँच्न चाहनेहरू
सिसाको घर एकै धक्कामै फुट्छ नि ।

४ आ–आफ्नै तरान भर्ने आ–आफ्नै दाउ छ
पाउरोटी जस्ता मोटाघाटाको मात्रै भाउ छ
भाषण जति नै मिठो भए पनि रोग चुलिँदा
दूरदराजमा जिउनेलाई सिटामोलकै अभाव छ ।

ओखलढुङ्गा



# एक जोर पुरानो जुत्ता

जीवन आचार्य 'निश्चल'

सधैँ मुख बाएर बसिरहन्छ
माथि बार्दलीमा
एक जोर पुरानो जुत्ता
र,
सधैँ चिन्तन गरिरहन्छ
आफ्नो हराएको
एक जोर खुट्टाको बारेमा ।

कहिले सिमलको रूख
कहिले साज, सखुवा, खयर
कहिले बयरको झाङ त
कहिले खरीको बोटमा झुन्डिएको
एक जोर पुरानो जुत्तामाथि
सधैँ शासकको त्रसित नजर पर्छ ।

जुत्ताहरूको आफ्नै जात छ
खुट्टाहरूको आफ्नै गीत छ ।

आफूलाई निल्न निस्केका
बाँसुरीको स्वर कुल्चँदै
कहिले सडकको किनारैकिनार
कहिले जङ्गलैजङ्गल त
कहिले भिरैभिर हिँडेका सङ्घर्षका दिन सम्झिन्छ
र,
टकटक्याउँछ धुलोमाटो

टुँडिखेलको छातीमा
एक जोर पुरानो जुत्ता ।

जब फनफनी घुमेको कुमालेको चक्र हेर्दै
वर्तमानले सङ्गीत भरेर भविष्यको गीत गायो
एक जोर पुरानो जुत्ताले
अचानक सोचमग्न बन्यो शासक
झुन्ड्यायो जामुनको बोटमा
र
निस्फिक्री बान्ता गर्‍यो भ्रमको गीत
जुत्ताको यो इतिहास
स्मृतिको बन्द एल्बमभित्र कैद छ ।

छातीमा थापेर गोली
समयको आँगनमा
लडेको छ निस्फिक्री
अचानोमाथि राखेर गर्दन
उज्यालो खोज्दै निस्केको हो ऊ सडकमा
आन्दोलन गर्न ।

मध्यदिउँसो टाँगिएको हो
एक जोर पुरानो जुत्ता,
धुपी र सल्लाको बोटमा ।

अझै पनि विजय जुलुस मनाएको सम्झेर
सधैँ मुख बाएर बसिरहन्छ साक्षीका रूपमा
माथि बार्दलीमा
तुन्द्रुङ्ङ झुन्डिएर
एकजोर पुरानो जुत्ता ।

यात्रामा निस्कन नपाएर बेचैन छ
एक जोर पुरानो जुत्ता ।

**कर्मैया, सर्लाही**



# जिन्दगीको गीतभित्र देशको गीत

आविष्कार कला


ताारापसाद वस्ती रेडियोको साथी ।

**साहित्यको साथी ।**

**आवाजको साथी ।**

साहित्यका विविध विधाहरू कविता, गीत, गजल, मुक्तकलगायत अन्य विधाहरूमा नयाँ र पुराना पुस्ताका साहित्यिक मनहरूलाई देशको जेठो प्रसारक संस्था रेडियो नेपालको स्टुडियोमा साहित्यिक मन्थन गरी देश र विदेशको कुना काप्चामा अन्तरमन र साहित्यिक ध्वनि पुऱ्याउने साहित्यिक मन ताराप्रसाद वस्तीको नयाँ गीत सङ्ग्रह तारापुञ्ज बजारमा आएको छ ।

धादिङका दुई पाखा जगाउँदै बगेको त्रिशूलीबाट सिकेर होला, धादिङका स्रष्टा ताराप्रसाद वस्तीले मानव जीवनमा आवश्यक दुई पाटाहरू- जिन्दगीको प्रेम र देशप्रेम जगाउने गीत यस सङ्ग्रहमा सङ्गृहीत गरी साहित्यिक बजारमा पेस गर्नुभएको छ ।




तारापुञ्जमा साठी गीतहरू समावेश छन् । सङ्ख्याको हिसाबले अधिकांश गीतहरू व्यक्तिको जीवन देखाइ, जीवन भोगाइसँग अत्यन्तै नजिकको सम्बन्ध राख्ने प्रकारका छन् । जिन्दगीको हर समयमा पार गनुपर्ने ती महत्वपूर्ण चरणहरू र जिन्दगीका कष्टपूर्ण अवस्थाहरूलाई सरल सहज र आफ्नै भाकामा गाउन सकिने लयमा धेरै गीतहरू आएका छन् । गीतकारले धेरै ठाउँमा पीडा, चोट, घात र विश्वासघातहरू नचाँहदा पनि जिन्दगीमा आइरहन्छ है भनेर गीतको माध्यमले नेपाली समाजलाई गीतिलयमा जानकारी र सूचित गरेका छन् ।

जीवन मेरो सुक्खा सुक्खा भयो तिम्रो भरमा परी
तै नि किन आउँछ फेरि तिम्रै याद घरी घरी ।   **जीवन मेरो सुक्खा सुक्खा**

कहिले माया-नङ मासु कहिले आगो-पानी
तन-मन सुम्पिदा नि पाइनँ आनी-बानी ।   **कहिले माया-नङ मासु**

"उमेरमा स्याल पनि घोर्ले हुन्छ" भन्ने नेपाली उखानलाई गीतमा सचेतनाका साथ प्रस्तुत गरिएको छ । फक्रिँदो बैँस, बल्दो उमेर जवानीको गन्धमा रम्न खोज्ने दुनियासँग हर समयमा सचेत हुनपर्छ भन्ने आशयको सामाजिक चेतनासहितको गीत मजाले पढ्न पाइन्छ ।

किन हेर्छन् सबले मलाई के छ ममा कुन्नि
कलेजीमै राख्छु भन्छन् जाल बुनी बुनी ।   **किन हेर्छन् सबले मलाई**

त्रिशूलीमात्र बगेर परदेश गएको छैन । त्रिशूलीकै उच्च वेगमा नेपाली जनहरू परदेशिएका छन् । परदेशिनुको पीडा, परदेशमा भोग्नु परेको पीडा अनि परदेशमा रहँदा घरपरिवार गाउँ, देश, समाज, आफ्नो रहनसहन, चाडपर्व, धर्म संस्कृति सम्झँदाका अझ अधिक पीडाहरू गीतमा त्रिशूली बनेर बगेका छन् । त्यसैगरी गाउँघरमा रहेका बुढा बाबा आमाको पीडा, सँगै बस्नुपर्ने जीवनसाथी विदेशिँदा जीवन सङ्गिनीले भोग्नुपरेको पीडा र साना साना नानी बाबुले बाल्यावस्थामा पाउनुपर्ने पिताको स्नेह नपाउँदा ती बाल हृदयमा उठेका भावनाहरू गीतमा सररर आएका छन् । जनस्तरका बोलीमा हाम्रै कुरा लेखेको रहेछ भन्ने भान हुने शब्दहरू गीतभरि नै पढ्न पाइन्छ । सबै पक्षको व्यवस्थापन मिलाएर ती गीतहरू रेकर्ड गर्नसके ती गीतहरूमा रहेका जीवन भोगाइ र नेपाली समाजको वर्तमानको पीडा पाठकका साथ साथै श्रोता र दर्शकका सामु पनि पुग्ने थियो ।

धन त तिम्रो कमाइ होला मनचाहिँ कमाएनौ
तिमीले पठा धनले मेरो आँसु थमाएनौ ।   **मेरो साथ खोज्छ खोज्दैन ?**

पछिल्लो समय हाम्रा चाडपर्व, सांस्कृतिक मूल्य मान्यता मनाउँदा मौलिकता चटक्क बिर्सिएर भड्किलो देखावटी उपभोक्तावादी संस्कृति बढ्दै गएकोप्रति पनि गीतकारको राष्ट्रिय पीर निकै गहिरो छ । सुसंस्कारित सभ्यता ऋषिमुनिका सन्तान हामी, ती विद्वान पुर्खाले चलाएको सामाजिक चलनलाई मौलिक मान्यता अनुसार मनाउँदै अगाडि बढाएर भावी पुस्तालाई वास्तविक सांस्कृतिक धार्मिक र आध्यात्मिक पक्षका साथ सुम्पन नपाइने हो कि भन्ने डर गीतकारमा रहेको


पाइन्छ । हाम्रो मौलिक भेष पहिरनमा आएको बढ्दो विकृतिका बारेमा पनि गीतकारले समाजलाई सचेत रहेर आफ्नो मौलिकता जोगाइराख्न गीतका माध्यमबाट आव्हान गरेका छन् ।

दशैँ तिहार मौलिक चाड हाम्रो हो
हाँसी खुसी रमाउनु राम्रो हो
धोको फेरेर
चाडपर्व मनाऔँ गच्छे हेरेर । **धोको फेरेर**

गीतमा देशभक्तिको पाटो निकै उच्च रूपमा आएको छ । नेपाली वीरताको इतिहास, शहीदहरूको बलिदानबाट प्राप्त उपलब्धिहरू जोगाउँदै आधुनिक भौतिक पूर्वाधारको विकास गरेर समुन्नत, सम्पन्न, सुखी र खुसी नेपाली बनाउन आव्हान गरेका गीतहरू यस सङ्ग्रहमा पढ्न पाइन्छ । गीतमा व्यक्त गर्नुपर्ने नेपाली देशभक्तिका पाटाहरू विभिन्न स्वरूपबाट गीतमा आएका छन् । चन्द्रसूर्य अङ्कित झन्डा खुकुरीकै भरमा विश्वविजेता बनेका हामी नेपालीको बारेमा लेखिएको गीत सधैँ गाइरहूँ जस्तो छ ।

चन्द्रसूर्य अङ्कित झन्डा उहिल्यै फर्फराको
खुकुरीकै चम्काइमा विश्व थर्थराको
नेपाली हो जात हाम्रो वीर रगतको
विश्वभरकै सुरा हामी साक्षी विगतको । **प्राणभन्दा प्यारो लाग्छ**

यस सङ्ग्रहका सबै गीतहरू मन मुटु र मस्तिष्कले एकसाथ राख्न र गाउन मिल्ने खालका छन् । जीवनका गीतहरूले जीवनका हरेक पाटोलाई छपक्कै छोएका छन् । देशभक्ति गीतहरूमा देशभक्तिको भावना सगरमाथा जस्तै उच्च रूपमा प्रस्तुत भएको छ । सर्जक वस्तीले जीवन र देशलाई कलमको सहायताले लयबद्ध तवरले गीतको रूपमा उन्नु भएको छ । आगामी दिनमा उहाँको गीति लेखनको कलम निरन्तर अगाडि बढिरहोस् शुभ कामना ।




**मल्लरानी, प्यूठान**

# सौराहाको सौन्दर्यमा संरक्षणको लय



दीपेन्द्रसिंह थापा

मध्यतिर हिँड्दै गरेको पुस । चिसोको ग्राफ निकै उकालो लागिसकेको थियो, काठमाडौंमा । यस्तोमा एकाबिहानै घरबाहिर निस्कँदा मुटुको भित्री कुनाबाट नै महसुस हुन्छ, जाडो । कठ्याङ्ग्रिन बेरै लाग्दैनन् हातखुट्टाका औँला । तैपनि घुमफिरमा रम्न आतुरियो मन । लाग्यो, स्वाभाविक र सामान्य मौसमी प्रतिकूलता पनि के प्रतिकूलता ? हरेक याम र आयामका आफ्नै विशेषता छन् । त्यसमै निहित हुन्छन्, रमाइलोका फरक फरक आभास । प्रकृतिको फरकपनामा फरक तरिकाले रम्न किन सकिँदैन ? पक्कै सकिन्छ । खुसी हुने एउटा कला हो यो पनि । अन्ततः पन्ध्रौं हात्ती महोत्सवमा सौराहा जान तयार भएँ म । जाडोको केही जोड चलेन ।

चितवन, पोखरातिर जाने पर्यटक बस सोह्रखुट्टेबाट छुट्छन् । काठमाडौंबाट बाहिरिने पर्यटकको दैनिकी सामान्यतया यहीँबाट शुभारम्भ हुन्छ । देवेन्द्र बस्नेत दाइ हाम्रा लागि गाडीको बन्दोबस्ती गर्न बिहान छिट्टै पुगिसकेका थिए, सोह्रखुट्टे । हामीचाहिँ उनलाई पर्खिंदै थियौँ कलङ्कीमा ।

स्रष्टाहरूलाई सौराहा पुगेर संरक्षणका स्वर गुञ्जायमान बनाउने हतारो थियो, हात्ती महोत्सवको उपलक्ष्यमा । अभय श्रेष्ठ, हेमन्त विवश, गणेश राई, कञ्चन अधिकारी, प्रजु पन्त, सरिता खड्कालगायतका लेखक, पत्रकारको समूहसँगै पर्यटक बसमा चितवनतिर लागेँ म, कलङ्कीबाट । क्षेत्रीय होटल संघ चितवन, कार्यक्रमको आयोजक । सहयोगीको भूमिकामा चाहिँ कन्सेप्ट नेपाल । यसै संस्थाका तर्फबाट देवेन्द्र दाइ हाम्रो यात्राका संयोजक ।

गन्तव्य ताकेर बस आफ्नो रफ्तारमा अगाडि बढ्दै गयो । बिहानको उज्यालोजस्तै उज्यालिँदै थियो मन, यात्राको गतिसँगै । महोत्सवमा सहभागी हुन जाने स्रष्टाहरू सबै उत्साहित मुडमा देखिन्थे । बस नैकाप, सतुङ्गल हुँदै थानकोटतर्फ अगाडि

बढ्दै थियो । सामुन्नेमा देखिएको चन्द्रागिरि डाँडोसँग मेरा आँखा जुधे । सोचैँ, युगौँदेखि यो चुचुराले मौनतापूर्वक नियालिरहेको छ काठमाडौँ । सहरिया सभ्यताका नाममा प्रकृतिको सत्तामाथि नै हुने हमला चाहिँ कहिलेसम्म चुपचाप हेरिबस्ला उसले ? जेहोस्, राजधानी सहरका हरेक परिवर्तनको साक्षी बनेको छ, यो चुचुरो ।

विकासका नाममा हरियाली ननासिए हुन्थ्यो, कलकल बग्ने पानीका मूल नसुके हुन्थ्यो लाग्छ मलाई । पर्यावरणीय स्वच्छता जोगाइराख्नु पनि एउटा ठुलै चुनौती बनेको छ, आज हाम्रासामु । यस्तै केके भाव मनमा तरङ्गित हुँदाहुँदै काठमाडौं कटेर धादिङतिर पुगिसकेको थियो बस ।

राजधानीको छिमेकी धादिङ । पृथ्वी लोकमार्ग र त्यस आसपासका परिवेशलाई मात्र हेरेर यो जिल्लालाई चिन्न त कहाँ सकिएला र ? टाढाटाढा भिरपाखाभित्र छेकिएका छन् अझै कतिकति गाउँबस्ती । त्यहाँका अभाव, गरिबी र जीवनभोगाइका दर्दनाक पीडा देखिदैँन यो सडकबाट । मनमनै प्रश्न गर्छु, कहिले पुग्ने होला त्यहाँसम्म समृद्धिको शीतल छहारी ?

पहाडी सडकको संवेदनशीलतालाई ध्यान दिई चालकले ठिकै गतिमा गाडी चलाउँदै थिए । यही त हो, परिपक्व चालकको विशेषता । अङ्ग्रेजीमा एउटा भनाइ छ, 'सेफ ड्राइभ, सेभ लाइफ ।' तीन घण्टा जतिमा हामी मलेखु पुग्यौं र केही बेर रौकियौं, खाना खान ।

तरकारी, फलफूल र गेडागुडी बेच्न तल्लीन देखिन्थे, केही स्थानीय व्यापारी । उनीहरू भन्दै थिए, 'यी सबै स्थानीय उत्पादन ।' छिमेकी नै राजधानी सहर अनि त्यहाँ केन्द्रीकृत विशाल जनसङ्ख्या । धादिङले कृषि उपज पठाएर काठमाडौँको भोक मेटाउन थोरै भए पनि सहयोग गरेकै छ । लाग्छ, यसैगरी फुली नै रहून्, झुली नै रहून् यहाँका किसानी पौरख ।

धादिङका पनि केही भागलाई अँगालेर बगेको छ त्रिशूली । माथितिर सडक, तलतल नदीको हिँडाइ । कतै नागबेली पर्दै, कतै सिधासिधाजस्तो बगाइ । त्रिशूलीकै समानान्तरजस्तो भएर अघि बढ्छ हाम्रो यात्रा । कुरिन्टार नपुग्दै केही वर छ मौवा खोला । हो, त्यही खोला तरेपछि चितवन जिल्ला सुरू हुन्छ । काठमाडौँ र चितवनलाई जोडेर बसेको धादिङ बल्ल पार गरियो । यसको मतलब गन्तव्यतिर नजिकिँदै गइयो ।

हामी चितवनको सौराहा पुग्दा समयको सुई मध्याह्नतिर ढल्किँदै थियो । त्यति बेला निकै उत्सवमय अवस्थामा रमाइरहेको थियो सौराहा । उसले हामीलाई स्वागत गऱ्यो । फुरूङ्ग भयो मन ।

कार्यक्रमस्थल पुग्दा उद्घाटन सत्रमै हात्ती 'फास्ट वाक' र दुई टिम बीचको हात्ती फुटबल प्रतिस्पर्धा सकिसकेको रहेछ । त्यतिबेला त स्थानीय कलाकारका गीत, सङ्गीत, नृत्यजस्ता सांस्कृतिक प्रस्तुतिले महोत्सवस्थल मस्त थियो । हामी पनि त्यही माहौलमा मिसियौं । थारू, बोटे, दरै, गुरूङ, मगर, तामाङ आदि अनेक जातजातिका पहिरनमा सजिएका थिए, त्यहाँ भेटिएका स्थानीय । पत्रकार साथीहरू यस्ता विभिन्न भेषभूषामा सहभागी हुन आएकाहरूको फोटो खिच्न व्यस्त भए । उत्सवमय वातावरणमा रमाइयो र यताउताका स्टलहरू अवलोकन गरियो । हिउँदको छोटो दिन, समय घर्किन बेरै लागेन । साँझको हाम्रो जमघट प्रकट पगेनी 'शिव', एलबी क्षेत्री, भूपिन, सुरेन्द्र अस्तफल, धनराज गिरीलगायतका पोखरा र चितवनका स्रस्टाहरूसँग । त्यसपछि त खानपिनसँगै राति अबेरसम्म रङ्गीन बनिहाल्यो मेहफिल ।

भोलिपल्टको रोमाञ्चक कार्यक्रम बाँकी नै थियो । त्यहीँको रोयल टाइगर सफारी रिसोर्टमा आरामले रात बिताइयो ।

सौराहाको मुख्य आकर्षण जङ्गल सफारी । आआफ्ना रोजाइअनुसार जङ्गल घुम्न सकिन्छ, जिपमा, हात्तीमा वा हिँडेर । हिंस्रक जनावरका कारण एक्लैदोक्लै वा बिना सुरक्षात्मक प्रबन्ध हिँडेर नघुमेकै राम्रो । जाडो मौसम अनि बिहानीपखको चिसो । खुला गाडीमा जङ्गल घुम्दा त मुटुमै चिसो गड्लाजस्तो । हात्ती सफारी सबैको रोजाइमा पऱ्यो । बिहान चहलपहल निकै बाक्लो थियो, बाघमारा सामुदायिक वनमा । त्यहाँ हात्ती सफारीमा जाने आन्तरिक तथा बाह्य पर्यटकहरू धेरै नै देखिन्थे । पिठ्युँमा पर्यटक बोकेर लस्करै लम्किरहेका थिए हात्ती ।

यहाँ पालिएका सबै हात्ती तालिम प्राप्त । कतिसम्म बुद्धिमान् भने चढ्नुअघि मैले दिएको १० रूपैयाँको नोट सुँढले च्याप्प समातेर आफूमाथि बसेको माउतेलाई दियो । उसलाई थाहा रहेछ, यो पैसा माउतेलाई काम लाग्छ । यी हात्तीले मान्छेसँग गर्ने व्यवहार नै अनौठो । रत्याउन सक्दा निकै सहयोग लिन सकिने रहेछ, यस्ता बलिया जनावरबाट ।

'यो हात्तीको नाम के हो ?', घुम्दै गर्दा हामी चढेको हात्तीको नाम जान्न मन लाग्यो मलाई । माउतेले तुरून्तै उत्तर दिए, 'शेरकली ।' यसै सिलसिलामा

माउतेसँग पनि परिचय र केही कुराकानी भयो । उनको नाम जयराम दास । घरचाहिँ रौतहट रहेछ । बाह्र वर्षअघिदेखि उनी पर्यटकलाई हात्तीमा घुमाउँदै रहेछन्, जङ्गलका जीवजन्तुलाई प्रत्यक्ष देखाउँदै । हामीले पनि ठाउँठाउँमा चरिरहेका गैँडालाई देख्यौँ । माउनजिक बुर्लुक्कबुर्लुक्क उफ्रिदै गरेका मृगका पाठापाठी झन् कति राम्रा ! जरायो, बँदेल, बाँदर, लङ्गुरलगायत अनेक जीवजन्तु प्राकृतिक अवस्थामै रमिरहेका देखिए । नजिकैबाट हामीलाई हेरे मयूरका जोडीले । रूखका हाँगाहाँगामा बसेर गीत गाउँदै थिए रङ्गीबिरङ्गी अनेक चरा । खै, कसलाई पो सोधूँ म यिनीहरू सबैका नाम ?

'सिकार खोज्न र डुल्न हिँडेका बेला बाघलाई पनि देखिन्छ', माउतेले भने, 'आज देखिएन । हेर्ने नै मन भए फेरिफेरि पनि आउनुहोला ।' बाघलाई पनि प्रत्यक्ष हेर्ने मेरो धोकोचाहिँ त्यस दिन पूरा भएन ।

माउतेसँगै हामी चार जना जङ्गलका भित्रभित्र घुम्दै थियौँ, एउटा हात्तीको पिठ्युँमा बसेर । एकजना साथीले भने, 'हात्तीलाई यसरी दुःख दिन त नहुने हो ।' पशुअधिकारका क्षेत्रमा बोल्नेहरूका पनि आफ्नै तर्क नभएका होइनन् । तर पनि पालेपछि मान्छेसँगै बस्न रूचाउँछन् केही जनावर । मान्छेसँग रत्तिएर बसेका कारण यी घरपालुवा हात्तीहरूलाई यहाँका व्यवसायीहरूले पर्यटकलाई जङ्गल घुमाउन प्रयोग गर्दा रहेछन् ।

मध्याह्नपछि कवितामय बन्यो, सौराहाको मध्यवर्ती वनको चउर । सौराहाका पर्यटन व्यवसायी सुमन घिमिरे लेखक पनि हुन् । उनैले संयोजन गरेका थिए, यो काव्यिक जमघटको । कविता वाचनको आकर्षण नै अर्कै । भावमय, विम्बमय र कलामय माहौल सिर्जना भयो त्यहाँ । विविध रङ र रसमा संरक्षणका स्वर गुञ्जायमान गरे कविहरूले । धैर्यपूर्वक कविता सुन्ने श्रोता पनि धेरै थिए । बबिता खनाल, डम्बर बिसी, धनराज गिरी, गणेश राई, सुरेन्द्र अस्तफल, अभय श्रेष्ठ, भूपिन, हेमन्त विवश, एल्.बी क्षेत्री, केदारनाथ खनाललगायत स्रष्टाले कविता रसास्वादन गराए । कविता वाचनको उद्देश्य साहित्यमार्फत लोपोन्मुख हात्ती संरक्षणमा ध्यानाकर्षण गराउनु, वन्यजन्तु संरक्षणमा ऐक्यबद्धता जुटाउनु र समाजमा संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्नु थियो ।

कविता वाचनपछि दर्शकको भिड कार्यक्रमस्थलको पश्चिमपट्टि केन्द्रित भयो । त्यहाँका पङ्क्तिबद्ध टेबलहरू उखु, केरा, मेवा, फर्सी, बन्दा, गाजर आदिका थुप्रोले सजिएका थिए । यी हात्तीलाई एकदमै मनपर्ने खानेकुरा । अन्ठाउन्न वटा

हात्तीका जत्था त्यहाँ उनीहरूका लागि तयार गरिएको वनभोजमा जुट्दै थिए । आयोजकले एक आपसमा चिनजान नभएका हात्तीबीच द्वन्द्व हुने खतरा न्यूनीकरण गर्न अन्य स्थानका हात्तीलाई भने त्यहाँ उपस्थित नगराइएको जानकारी दिए । उनीहरूको वनभोजको खाना भने उतै पठाइएको रहेछ ।

सिँगारपटार समेत गरेर सजाइएका थिए, लस्करै उभिएर वनभोज खाँदै गरेका हात्ती । ताजा र मिठामिठा फलफूल सुँढ घुमाइघुमाइ मुखमा लगेर खानमै मस्त देखिन्थे ती । मनपर्ने परिकार स्वाद लिईलिई खाँदै गरेका हात्तीका लस्करसँग सेल्फी खिच्न कसले पो चाहेन होला र ? त्यहाँ सेल्फी खिच्ने मान्छेको भिड नै लाग्यो ।

हात्तीका छावाको फुटबल प्रतियोगिता र हात्ती सुन्दरी प्रतियोगिता कार्यक्रम अर्को दिनको सूचीमा थियो । हात्तीको भोज सकिँदा दिन पनि ढल्किसकेको थियो । वरपरका स्टलमा फेरि आँखा डुले । थारू, दरैजस्ता विभिन्न जातीय समुदायमा प्रचलित खाद्य परिकार पनि पाकेका थिए, त्यहाँका स्टलहरूमा । एउटी बहिनीको स्टलमा रोकिए हाम्रा आँखा । देवेन्द्र दाइको चिनजान रहेछ उनीसँग । चियाले स्वागत गरिन् । अनदी चामलको परिकारलगायत दरै समुदायमा प्रचलित विभिन्न खानेकुरा पाकेका थिए त्यहाँ । लजालु थिइन् ती दरै बहिनी, आफ्नो स्टलका परिकारबारे पनि राम्ररी बताउनै नसक्ने । हामी बस्दाबस्दै अरू साथीहरू पनि आइपुगे, एकैछिन्मा । त्यहाँका खानेकुरा चाखियो । मिठो लाग्यो र बखान गर्दै खान थालियो । हामीले गरेका कुरा सुनेर नजिकैका एक हुल मान्छे छिरे । अचम्म, एकै छिन्मा त्यो स्टलमा रहेका सबै खानेकुरा सकिए । ती बोल्नै लाज मान्ने बहिनीको स्टलमा हामीले गरेको बखानको कमाल थियो यो । नेपाली उखान नै छ, 'बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन ।'

त्यो रात पनि सौराहामै बिताइयो, उस्तै रमाइलो र आराममा । तेस्रो दिन बिहानै हामी फर्कियौँ, काठमाडौं । फर्कदा पनि कानमा कताकता संरक्षणकै स्वर गुन्जेजस्तो आभास हुँदै थियो । उसैगरी मनमा सौराहाकै हरियाली र मनमोहक परिवेश छाउँदै थियो ।



# जिजीविषा र मुमूर्षा बिचको पृथक् पथ

चिरञ्जीवी दाहाल

हरेक स्पन्दित वस्तु उत्पत्ति हुनु भनेको मृत्युको विजारोपण हुनु हो । यो शाश्वत सत्य हो । भन्ने गरिन्छ उत्पत्ति पछि यिनीहरू एकदिन नास हुन्छन् । यो पनि प्राकृतिक नियम हो । हरेक मान्छेको जन्मसँगै मृत्यु पनि अनिवार्य छ । फरक यतिमात्र हो, कसैले लामो समय बाँच्ने सौभाग्य (?) प्राप्त गर्दछन् भने कोही छोटो समयमा मृत्यु वरण गर्न बाध्य हुन्छन् । मानव जातिले लामो समय बाँच्नुलाई सौभाग्य मान्ने गरेको भए पनि यसलाई किन सौभाग्य मानिन्छ ? सायद यसको चित्तबुझ्दो जवाफ भने कसैसँग पनि नहुन सक्छ । मृत्युपछिको यात्रा सुखदायी हुन्छ या दुःखदायी ? मृत्यु केही पनि होइन वा मृत्यु सबैभन्दा महत्वपूर्ण अवसर हो ? यो पनि अँध्यारोमा जँघार तर्ने कार्यजस्तै हो । संसारमा रहेका अरबौं मान्छेमध्ये एकजनालाई मात्र पनि यस कुराको अनुभव छैन । न त यस कुराको यथार्थ तथ्य विज्ञानले नै पत्ता लगाएको दाबी गरेको छ ! जसले जे अनुमान गरे पनि वास्तवमा मृत्यु रहस्यमय विषय भने पक्कै हो ।

हरेक मान्छेभित्र सुषुप्त अवस्थामा जिजीविषा र मुमूर्षा जुम्ल्याहा सन्तानजस्तै एकसाथ रहेका हुन्छन् । जिजीविषालाई सुख, सन्तोष, अभिमान र पदीय मर्यादाको रसास्वाद र आर्थिक उन्नति नामको रसायनले मलजल गर्ने गर्छ भने दुःख, पीडा, सामाजिक अस्पृश्यता र करिब तय भइसकेको मृत्युको पर्खाइले मुमूर्षालाई मलजल गरिरहेको हुन्छ । हरेक मान्छेभित्र यी दुवै यस्तो अवस्थामा सक्रिय हुन्छन्, जुन रसायनको मात्रा बढी हुन्छ त्यसैको आधारमा यिनीहरूले उर्वर हुने अवसर प्राप्त गर्छन् र व्यक्तिले यसैलाई मूल आधार मानेर जिजीविषा वा मुमूर्षामध्ये कुनै एकको छनोट गर्छ । यसबाहेक मृत्युको नजिक पुगेर पुनः जीवन र जगत्मा फर्किने अवसर प्राप्त गरेको अवस्थामा पनि मान्छेभित्र जिजीविषाको चोर हाँगा पलाउने गर्छ । जसरी कागतीको बोटमा रोग र किराले ग्रस्त पारेको अवस्थामा चोर हाँगा निस्कने गर्दछ । तथापि चोर हाँगाले गुणस्तरीय फल उत्पादन गर्न नसके पनि केही समय त्यसले बोटलाई आकार दिन भने अवश्य

पनि मद्दत गरिरहेको हुन्छ । यस अर्थमा चोर हाँगा पलाएको वृक्षले पनि बगैंचाको सुन्दरता कायम राख्न भने निकै महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । लाग्छ मान्छेको जीवन पनि करिब यस्तै हो । बोटले उत्पादन शून्य भएर पनि, जसरी बगैंचाको सौन्दर्य बढाइरहेको हुन्छ, त्यसरी नै एउटा निरीह र अशक्त रोगीले घर परिवारलाई सौन्दर्यकै काम गरिरहेको हुन्छ । त्यसैले भनिन्छ, "मर्नु भन्दा बहुलाउन निको ।" यही जगमा उभिएका व्यक्तिहरूले जिजीविषालाई मलजल गरिरहेका हुन्छन् भने जब मृत्यु निश्चित छ उसमा कुनै पनि अवस्थामा पुनः जीवन फिर्ता नहुने अवस्था आइपर्छ भने उसले निश्चित रूपमा मुमूर्षा अपेक्षा गरेको हुन्छ ।

लामो समय मिर्गौला रोगबाट पीडित बनेर, जीवनका अनगिन्ती उकाली ओराली यात्रा गर्ने क्रममा भोगेका पीडा र अभावले पढाएको कठिन पाठबाट थोरै भए पनि म आफैंले भोगेका भोगाइहरू हुन् यी । यसैको सेरोफेरोमा रहेर जन्मिएको थियो मेरो आत्मकथा "मुमूर्षा" ।

यो पङ्क्तिकारले कुनै समय यी दुवै अवस्था पालैपालो आफैंभित्र पन्पिएको अनुभूति गर्ने अवसर प्राप्त गरेको थियो । जब मान्छे मृत्युको एकदमै निकट पुग्छ, ऊभित्र मुमूर्षा बढिरहेको पाउँछ भने अचानक कुनै दैवी, भौतिक वा चामत्कारिक कारणले उसको बढिरहेको मुमूर्षाको विरूवा ओइलाएर एक्कासि जिजीविषा नामको बिरूवा हुर्कने अवस्था पनि आइदिन सक्छ । मान्छेको मन हो, केही समयअघि मुमूर्षातिर लहसिएको मन केहीबेरमा जिजीविषातिर ढल्कियो भने पनि आश्चर्य नमाने हुन्छ ।

पूर्वीय दर्शनले स्वीकार गरेको एउटा तथ्य के हो भने मान्छेको रूपमा जन्म लिन उसले विगतको जन्ममा निकै सङ्घर्ष र पुण्य कर्म गरेर मात्र मानव योनी प्राप्त गरेको हुन्छ । यो जीवन सहजै प्राप्त भएको होइन । त्यसैले मानव जीवन प्राप्त गरेपछि मान्छेले एउटा पशुले जस्तै जीवनभर पेट भर्ने कोसिस गर्दागर्दै जीवन समाप्त गर्दछ भने पशुपन्छी र मान्छे हुनुको तात्त्विक भिन्नता के नै रह्यो र ? मान्छेले पशुपन्छीभन्दा पृथक् सन्देश दिनसक्नु पर्थ्यो र मान्छे भएको उपस्थिति जनाउन सक्नुपर्थ्यो । होइन भने पशुपन्छी जस्तो इमानदार बन्न सक्नु पर्थ्यो । दुर्भाग्यवश मान्छे, मान्छे जस्तो हुन सकेन र पशुजस्तो पनि बन्न सकेन ।

यसर्थ, मान्छे भएर जन्मिएपछि कम्तीमा पनि पछिल्लो पुस्ताका अन्य मान्छेका लागि केही उपयोगी कार्यहरू छोडेर जान सक्नुपर्छ । यस कुराको ज्ञान मान्छेमा

त्यसबेला प्राप्त हुन्छ जतिबेला ऊ मृत्युको सामुन्ने पुगेर फर्किएको हुन्छ । त्यसबेला भने उसलाई लाग्छ, "बाँचे भने केही गरेर देखाउँछु ।"

आर्थिक अवस्थाले सम्पन्न हुनु, अधिकांश मान्छेहरूको नजरमा लोकप्रिय बन्नु, पराक्रमी र शक्तिशाली बन्नु मात्र पनि सफल जीवन होइन । बाँच्नु र कमाउनु मात्र जीवन होइन । इतिहासमा यस प्रकारका अनगिन्ती मान्छेहरू जन्मिए र विकास क्रमसँगै तिनको अस्तित्व पनि बिस्तारै मेटिँदै गयो ।

मान्छेको शरीर स्वचालित गर्ने आन्तरिक अङ्ग अचानक गतिहीन भएको स्थिति र त्यसलाई फेरबदल गर्न असमर्थ हुँदाको अवस्थामा, पीडाको पहाडले किच्दा, गरिबीले निचोर्दा एउटा मान्छेभित्र रहेको जिजीविषा कुनै पनि अवस्थामा जिउँदो रहन सक्दैन । कथम्कदाचित् कुनै कारणले ऊ बाँचिहाल्यो भने अब ऊभित्र मरिसकेको जिजीविषाले अचानक पात हाल्न सक्छ । यसरी जिजीविषाको सेपिलो छायामा मुमूर्षा फस्टाउन सक्दैन मात्र होइन तत्क्षण मुमूर्षाको अन्त्य पनि हुन्छ ।

कुनैबेला त्यस्तो समय आउँछ, जुनबेला मान्छेभित्र हुर्किरहेको जिजीविषाको अचानक मृत्यु हुन्छ । जब जिजीविषाको मृत्यु हुन्छ, मान्छेका अनगिन्ती सपनाको मृत्यु पनि सँगै हुन्छ । उसका इच्छा र आकाङ्क्षाहरूको पनि मृत्यु हुन्छ । मान्छेमा राग र द्वेषको समाप्ति हुन्छ । जीवनको आकर्षण तत्काल अनाकर्षणमा परिणत हुन्छ । भाइ, बन्धु, इष्टमित्र, नातागोता र यहाँसम्म कि धरा र प्रकृतिसँगको उसको गहिरो सम्बन्ध समेत अचानक टुट्न पुग्छ । मान्छेहरूले यसै अवस्थालाई मृत्यु भन्ने गरेका छन् ।

मृत्यु भनेको समाप्ति हुनुपर्ने हो, हामीले बुझेको यथार्थ यही हो तर प्राणी र वनस्पतिको कहिले पनि मृत्यु हुँदैन । उनीहरूमा एक जीवनबाट थप जीवन उत्पादन गर्ने क्षमता हुन्छ । मृत्यु त जड वस्तुको हुन्छ । जसको समाप्तिपश्चात् उसको अस्तित्व समेत समाप्त हुन्छ । एउटा विशाल पत्थर सानो ढुङ्गामा रूपान्तरित हुँदै सिमेन्टको धुलो बनेपछि उसको जीवन लीला समाप्त हुन्छ । जसमा जीवन र आत्मा पनि हुँदैन । वास्तविक मृत्यु भनेको सायद यही हुनुपर्छ ।

लामो समय मिर्गौला रोगले थलिएपछि मेरो जीवनमा निकै उतारचढाव आए । यस अवधिमा पदीय हैसियत, धनसम्पत्ति, भाइबन्धु, नातागोता, छरछिमेक भनेको के रहेछ, भन्ने कुरा वास्तविक रूपमा सजिलोसँग बुझ्ने अवसर प्राप्त भयो । मान्छे

जन्मदा मात्र र मर्दा मात्र एक्लो होइन, जीवन भोग्ने क्रममा पनि एक्लै बाँच्न सक्नुपर्छ भन्ने पाठ यस्तो अवस्थामा पढ्न पाइने रहेछ । जुन पाठ विद्यालयका पाठ्यक्रममा समावेश गरिएको हुँदैन । पाठ्यक्रममा त मान्छे सामाजिक प्राणी हो, समाजसँग एकाकार भएर बस्नुपर्छ भन्ने उल्लेख गरिएको हुन्छ । जुन प्रत्यक्ष रूपमा भौतिक उन्नति, प्रगति र व्यक्तिगत स्वार्थसँग मात्र गाँसिएको हुन्छ । आधिभौतिक रूपमा मान्छेले एक्लै जिउन सक्नुपर्छ र एक्लै जिउन सिक्नु पनि पर्छ ।

रोग भन्ने कुरा मान्छेलाई हतपती लाग्ने कुरा पनि होइन । अलिकति असावधानी, थोरै हेलचेक्र्याइँ, र प्रकृति विरूद्धका सामान्य र झिनामसिना क्रियाकलापका कारण मान्छे रोगी बन्छ । यद्यपि रोग लाग्नु भनेको अन्तिम अध्याय समाप्त हुनु पनि होइन । रोग भनेको पाठशालाको एउटा कक्षा कोठा हो । जहाँ वर्षभरिको अध्ययनपश्चात् परीक्षामा सामेल हुनुपर्छ । लगनशील र मेहनती विद्यार्थीले परीक्षा उत्तीर्ण गर्छ भने अल्छी विद्यार्थी अनुत्तीर्ण हुन्छ । मान्छेको जीवन पनि विद्यार्थी जीवनजस्तै हो । एउटा जीवन परीक्षामा अनुत्तीर्ण हुँदैमा केही हुनेवाला पनि छैन ।

सुख, दुःख, आँसु र हाँसो भनेका जीवनका क्रम हुन् । जुन आउने र जाने प्रक्रिया निरन्तर चलिरहन्छ । सुखमा मात्तिने र दुःखमा आत्तिने गर्नु हुँदैन भन्ने कुरा मान्छेले बुझ्ने प्रयास नै गर्दैन । यो त परिस्थितिले यदाकदा स्वयं देखाउने गर्छ । सुख र दुःखको भौतिक दूरी पनि खासै टाढा हुँदैन । एक आपसमा यिनीहरू अत्यन्त निकट हुन्छन् । जीवनमा आइपर्ने बाधा अड्चनलाई सहज ढङ्गले व्यवस्थित गर्नेहरूले सुखको सङ्गत गर्ने अवसर प्राप्त गर्छन् भने व्यवस्थित गर्न नसक्नेहरूले भने नजिकै रहेको दुःखसँग साक्षात्कार गर्नुपर्छ ।

आजसम्म कतै मृत्युलाई जित्नेहरूको सूची प्रकाशित भएको पनि थाहा पाइएको छैन । र मृत्युको सामूहिक र व्यक्तिगत आह्वान गरिएको पनि सुइँको सम्म पाइएको छैन । मान्छेको कर्म र भाग्यअनुसार हरेक व्यक्तिको आयु भिन्नाभिन्नै हुन्छ । आँधी, हुरी, भूकम्प र दुर्घटनाजस्ता अपवादबाहेक कसैले सँगै मर्ने इच्छा गरेर पनि पूरा हुन सक्दैन ।

जिजीविषा र मुमूर्षा, कुनै न कुनै रूपमा मृत्युसँग सम्बन्धित हुन्छन् । मृत्युसँग डराउनेले जिजीविषाको छहारी खोज्छ भने वास्तवमै शरीर थाकेर जीवनदेखि न भागे पनि अन्तर मनदेखि गलेको मान्छेले मृत्युको आह्वान गर्ने गर्छ र मुमूर्षाको छत्रछाया खोजिरहेको हुन्छ ।

मान्छे महामानव बन्नु छ भने जिजीविषा र मुमूर्षा दुवैको शरण पर्नु हुँदैन । बाँच्ने तृष्णा र मर्ने इच्छाले मान्छेलाई कमजोर बनाइदिन्छ । इच्छा लाग्दैमा मर्न पाइने र बाँच्ने रहरले बाँच्न पाइने भन्ने पनि हुँदैन । कहिले मर्ने, कसरी मर्ने भन्ने कुराको जिम्मेवारी तपाईं हामी जस्तै मान्छेले लिने विषय पनि होइन । यसको जिम्मा लिने सत्ताले कतै अदृश्य रूपमा सक्रियतापूर्वक आफ्नो जिम्मेवारी निभाइरहेको हुन्छ । हामी मान्छेले जस्तै उसले आफ्नो तोकिएको जिम्मेवारीबाट आजसम्म पन्छिएको पनि छैन । मृत्युले कसैलाई पनपच्छे पनि गर्दैन । न त यसले कसैसँग घुस, कमिसन र कोसेली लिएर कसैलाई छुट नै दिन्छ ? हामीले त जीवन सहज ढङ्गले र नियमपूर्वक कसरी घिस्स्याउने ? त्यसैलाई मात्र ध्यान दिए पुग्छ । प्रकृति सृष्टिको अलिखित संविधान हो । सबैले संविधानसम्मत चल्नुपर्छ, अनि मात्र कसैले कुनै पनि प्रकारको सजाय भोग्नु पर्दैन ।

हजारौँ वर्षअघि द्वापरयुगमा जन्मिएका कृष्णलाई आजपर्यन्त मानव सभ्यताले ईश्वरको रूपमा स्वीकार गरिरहेको छ र सम्झिरहेको छ । उनको अनुपम कृति गीतालाई हिन्दू धर्मावलम्बीले मात्र नभएर संसारका सबै धर्म सम्प्रदायले सहर्ष स्वीकार गरेको पाइन्छ । यतिमात्र होइन, उक्त ग्रन्थ यस धर्तीमा सधैं वर्तमानको ऐना बन्न सफल भएको छ । कैयौँ युग बदलिए, देश काल र परिस्थिति बदलियो, अनगिन्ती शासनव्यवस्था फेरियो, अनगिन्ती मान्छेहरू फेरिए तर पनि गीताको दर्शन जन्मजन्मसम्म पनि स्थिर रहिरहेको छ, र रहिरहने छ । मानव सभ्यताको लागि पुनः एकपटक एउटा कृष्ण र एउटा ग्रन्थ गीताको खाँचो देखिएको छ । जिजीविषा र मुमूर्षाको पथमा होइन, कृष्णबाहेक आजसम्म कसैले पनि प्रयोग नगरेको त्यही पथमा लम्कने कोसिस गरौँ, मध्यमार्गी पथ । सकिन्छ भने आजैबाट कृष्ण बन्ने कोसिस गरौँ र सिर्जना गरौँ, पुनः अर्को एक थान ग्रन्थ, गीता ।



# कालिन्चोक यात्रा

**गजेन्द्रप्रसाद श्रेष्ठ**

२०७१ सालको फागुन मसान्ततिर छिमेकी टीका भाइबाट 'चैत्रको १६ गते कालिन्चोक रिजर्भ गाडी जाँदै छ, दाइहरू पनि जाने हो कि !' भनी सोधनी भयो । त्यतिबेलासम्म केटाकेटीहरूको एस.एल.सी. पनि सकिन्छ, उनीहरूलाई पनि फुर्सद हुन्छ । परिवार सँगै जाँदा रमाइलो पनि हुन्छ । केटाकेटीहरू पनि रमाउँछन्, उनले थपे । मलाई पनि उनको कुरा एकदम ठिक लाग्यो । तर मन्दिर जाने कुरा बोलेपछि भाकल मानिने पुरानो मान्यताले गर्दा सोचौंला भन्ने छोटो जवाफ दिएँ । कालिन्चोक जाने बाटो अलि अप्ठेरो छ भन्ने सुनेको र वेबसाइटमा हेर्दा पनि बाटो अप्ठेरो लागेकाले मैले जान्छु नै चाहिँ भन्न सकिनँ । तर मेरो परिवारको लागि नितान्त नौलो गन्तव्य भएकाले मनको एक कुनामा चैं जान पाए नि हुन्छ भन्नै लागिरहेको थियो । दिनचर्या आफ्नै किसिमले गुज्रिरहेको थियो । पहिले निश्चित गरेको समय आउनै लाग्दा टीका भाइले २२ गतेको लागि मिति सरेको जानकारी दिए । बाटो सम्झेर जाने नजाने सोचको द्वन्द्वमा पिरोलेर आफू भने अझै निर्णयमा पुग्न सकिरहेको थिइनँ । अन्तमा २१ गते घर सल्लाह गरी आमा छोरालाई घुमाउनका लागि पनि सपरिवार जाने निर्णयमा पुगेर गाडी भाडा बुझायौं । २२ गते बिहान मीनभवन बस स्टेसनमा करिब एक घण्टा कुरेपछि हाम्रो यात्रा सुरू भयो ।

कालिन्चोक भगवती नेपालको मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चल दोलखा जिल्लामा अवस्थित धार्मिक पर्यटकीय स्थल हो । सदरमुकाम चरिकोटबाट करिब १५ किलोमिटर उत्तर कालिन्चोक गा.वि.स.मा अवस्थित यो मन्दिर ३८४२ मिटरको उचाइमा छ । कालिन्चोक भगवती, काभ्रेको पलान्चोक भगवती, काठमाडौंको शोभा भगवती र अन्य भगवती समेत ७ भगवती दिदी बहिनी हुन् भन्ने किंवदन्ती रहेको छ । कालिन्चोक डाँडाबाट मनोरम रोलवालिङ हिमशृङ्खला र मनोरम प्राकृतिक दृश्यहरूको अवलोकन गर्न सकिन्छ । जनैपूर्णिमा, दसैं, नववर्ष र चैते दसैंमा भक्तजनको भिड लाग्ने गर्दछ । धार्मिक मान्यताअनुसार कालिन्चोक

भगवतीले भक्तको इच्छा पूर्ति गर्दिन्छिन् । मागेको कुरा पुग्ने जनविश्वास पनि छ । कालिन्चोक चरिकोटदेखि ६ घण्टाको पैदल दूरीमा छ । यो हिन्दूहरूको लागि एक प्रसिद्ध तीर्थस्थल हो । काठमाडौंबाट केही घण्टाको यात्रामै पुगिने कालिन्चोक भगवती मन्दिरलाई नजिकको तीर्थ पनि भनिन्छ ।

चरिकोटदेखि करिब १७ किलोमिटर दूरीमा रहेको कुरी बजारसम्म कच्ची मोटरबाटो बनेको छ । जुन बाटोमा जीप, गाडी र मोटरसाइकल चलाउन सकिन्छ । सुक्खा याममा यदाकदा मिनीबस पनि चलाउन सकिन्छ । यद्यपि यस बाटोमा नियमित सार्वजनिक सवारी साधन उपलब्ध छैन । कुरी बजारदेखि उकालो करिब १ घण्टा पैदल यात्रा गरी कालिन्चोक भगवती स्थानमा पुग्न सकिन्छ ।

बिहान करिब ६ बजेतिर मीनभवनबाट छुटेको हाम्रो गाडी भक्तपुर बनेपा हुँदै धुलिखेलसम्म फराकिलो बाटो हुनाले मज्जैले कुद्यो । आफू हिँडिरहने बाटो हुनाले यतिन्जेलसम्म मेरो नजर बाहिर दृश्यावलोकनमा गएन । प्रकृतिप्रेमी हुनाले धुलिखेलको ओरालो सुरू भएपछि मेरा नजरहरू यताउता नाच्न थाले । प्रकृतिका सुन्दर उपहार डाँडाकाँडा, खोलानाला, हरिया जङ्गल- झाडीका दृश्यहरूलाई आँखामा कैद गर्दै जाँदा बाटो कटेको पत्तै पाइएन । गाडी आफ्नै रफ्तारमा गुडिरहेको थियो । म प्रकृतिसँग भुल्दै गैरहेको थिएँ । अरू यात्रीहरू धेरैजसो गफ गर्नमै तल्लीन थिए । कोही कोही भने आँखा चिम्लेर सपनामा रमाइरहेका थिए । दिउँसोको मध्यान्हमा मुढे पुगेर गाडीले एकछिन् विश्राम लिँदा हामी पारिलो घाममा आङ सेकाउन बाहिर निस्कियौँ । न्यानो घामको मज्जा लिँदै वरपरका प्रकृतिलाई पनि नियाल्न भ्यायौँ । जाडो मौसम अनि पहाडी भेग भएर होला घामसँग छुट्टिनै मन लागेको थिएन । समयको पावन्दीले गर्दा त्यहाँको दृश्यलाई नयनभित्र सजाएर त्यहाको घामसँग बिदा लिई हाम्रो यात्रा अगाडि लम्कियो ।

गाडी र हामी यात्रीहरूको क्रियाकलाप बिश्रामभन्दा अगाडिकै निरन्तरतामा रह्यो । गाडी फेरि आफ्नै रफ्तारमा गुडिरह्यो । यात्रु आ-आफ्नै धुनमा मग्न रहे । करिब डेढ-दुइ घण्टाको निरन्तर यात्रापछि हामी मकैबारी भन्ने ठाउँमा पुगेर रोकियौँ । चरिकोटबाट जङ्गलबीचको उकालो कच्ची बाटोमा पर्ने उक्त ठाउँमा रूख ढलेर बाटो छेकिएको थियो । अबको बाँकी यात्रा हिँडेरै पूरा गर्नुपर्ने भयो भनेर यात्रुहरू चिन्तित हुनथाले । हुन पनि हाम्रो यात्रामा काखे बच्चादेखि वयस्कसम्म थिए । दसौँ किलोमिटरको पैदल यात्रा त्यति सजिलो होइन । सबैले आ- आफ्नो समूहको लागि विकल्पहरू खोज्न थाले । सन्जोगले हामीले चैँ एउटा टाटा मोबाइल गाडी भेट्टायौँ । ठेलमठेल गरी उक्त गाडीको असजिलो यात्रा

कच्ची बाटोले झन् असहज बनाइरहेको थियो । ज्यानलाई असजिलो भए पनि देउराली पुगेपछि त्यहाँको प्राकृतिक सुन्दरताले मोहित भएर मन भने हलुङ्गो भैरहेको थियो । भन्ज्याङमा पुगेपछि गाडीबाट ओर्लेर बाटामा जमेका हिउँसँग रमाउँदै कुरी बजारसम्म हिँड्दै गयौँ । देवीको दर्शन गर्न भनी बिहानैदेखि केही नखाई हिँडेका हामी कुरी बजार पुगेपछि भोक र थकानले चुर भयौं । केहीबेर बजारमा विश्राम गर्ने सहमतिमा चियाले हल्का भोक र थकान मेट्ने प्रयास गऱ्यौं । समुद्र सतहबाट करिब ३३०० मिटर उचाइमा रहेको कुरी बजारको डिलबाट दक्षिणतिर हेर्दा पहाडहरू तल तल देखिएका थिए । हाम्रो गन्तव्य अझै उत्तरतर्फ ठडिएको चुचुरो थियो । चरिकोट बजार छाडेको अलिबेरपछि अग्ला रूखको घनाजङ्गल पार गर्दै उकालो लागिएको थियो । उचाइ बढेसँगै कुरी बजार आसपास आइपुग्दा घाँसे कान्ला, पहाड, बुट्यान र पोथ्रापोथ्री देखियो । ३८०० मिटरको कालिन्चोक चुचुरो पुग्न अझै ५०० मिटर उकालो पैदल हिँड्नुपर्ने थियो । अब भने ममा उकालो चढ्ने हिम्मत आएन । मैले अर्धाङ्गिनीलाई उकालो बाटो देखेरै डर लागेकाले तिमीहरू मात्र गएर आऊ म कुरी बजारमै बसिरहन्छु भनेर सम्झाउन खोज्दा उनी मानिनन् । यतिका टाढादेखि आएर कहाँ त्यस्तो भन्नुहुन्छ देवीथान जस्तो ठाउँमा भनी उल्टै मलाई पो सम्झाउन थाली । आफू आस्तिक भएकाले उसको कुरा ठिकै लागेर कोसिस गर्ने विचार गरी मन डराइ डराइ कुरी बजारमा तातोपानी र चिया पिएर हामी उकालो लाग्यौँ। होटल साहुनीले हामीलाई नियालेर करिब डेढ घण्टामा पुगिन्छ भनेकी थिइन् । कुरीबाट चुचुरो हेर्दा उति टाढा देखिएन । सुरूवाती पाइला चाल्दा एकै क्षणमा पुगिएला जस्तो । तर उकालोमा पाइला चाल्नभन्दा सुस्ताउन र मुटु तथा फोक्सोको चाल सामान्य गराउन धेरै समय लाग्दो रहेछ ।

धन्न अडेस लाग्न मिल्ने बेन्चहरू मोड–मोडमै रहेछन् । सकुन्जेल हिँड्ने अनि सुस्ताउने । फर्किने प्रायजसो सबैले अबको बाटो गाह्रो नभएको भन्दै ढाडस दिन्थे । तिनै वचनका ऊर्जा लिएर हिँडिरह्यौं । ढुङ्गाका सिँढी चढ्दै मास्तिर उक्लिरहँदा छेउमा बार नलगाइएको ठाउँमा पुग्दा कहाली लागेर आउँथ्यो । अर्कोतिर अर्धाङ्गिनीलाई लेक लाग्ने समस्याले श्वास फेर्न झन् झन् गाह्रो हुँदा उसलाई सम्हाल्नु नि थियो ।

उचाइ बढदै जाँदा अघिका पोथ्रापोथ्री ह्रास हुँदै खर, बाबियो जस्ता भित्ते झार र मसिना घाँसमा बदलिए । करिब २ घण्टामा चुचुरोसम्म पुग्यौं । चुचुरो पुग्ने बेलामा देखिएको पहाड फाटेको जस्तो भागमा रहेको फलामे सिँढी सम्झँदा अहिले पनि

आङ जिरिङ्ग हुन्छ । झल्याकझुलुक सिँढीमा हेर्नेबाहेक अधिकांश समय टुप्पोको मन्दिरतिर हेरेर मुटुको ढुकढुकी बढाउँदै टुप्पोमा पुग्यौं । सिधै ठाडो उकालो भएकाले केही असहज भए पनि मन्दिर पुगेपछि स्वर्गीय आनन्द प्राप्त भएको अनुभूति मिल्दो रहेछ । कालिन्चोक भगवती पूजा–दर्शन गर्ने तीर्थालुको भिड थियो । युवायुवती वरिपरिको प्रकृतिलाई आ–आफ्ना ग्याजेटमा कैद गर्दै सेल्फीमा मग्न थिए । नजिकै देखिएका हिमशृङ्खलाबाहेक चारैतिरका सबै डाँडाहरू होचा देखिए, जुन चरिकोटबाट उक्लिँदा भने अजङ्ग लागेका थिए । मनोरम दृश्य समेत अवलोकन गर्न पाइने यो मन्दिर परिसरबाट गौरीशङ्कर हिमाल आँखै अगाडि देखिन्छ । साथै लाङटाङ हिमशृङ्खलाको काखैमा उभिएको यहाँबाट महसुस गर्न सकिन्छ । हिमालकै समीपमा उभिएको महसुस हुँदा कसको मन नरमाउला ? कालिन्चोक भगवती मन्दिर पुग्ने जोसुकैले यसैगरी हिमालको छेउमा उभिएको महसुस गर्न सक्छन् । गौरीशङ्करदेखि नुम्बुर हिमशृङ्खलासम्म र जुगल हिमाल आँखाअगाडि नाचिरहन्छ । उत्तरतर्फ हिमाली शृङ्खला र बाँकी तीनतिर पहाडका तरेली देख्दा आँखा झिम्क्याउन पनि भुलिन्छ । दुर्भाग्य त्यस्तो कष्ट गरी पुगेको ठाउँबाट देखिने मनोरम हिमशृङ्खला दृश्यावलोकनको मज्जा हुस्सुको कारणले लिन पाएनौं । कालिन्चोकबाट मौसम खुला हुँदा सुन्दर दृश्य देखिनु कुनै नौलो कुरा भएन । तर, यहाँबाट बादल लाग्दा पनि रोमाञ्चित बनाउने दृश्य देख्न पाइन्छ । बादल लागेका बेला कालिन्चोक टुप्पोमा पुग्नुभयो भने जोकोहीलाई हवाइजहाज चढेजस्तो लाग्छ । तपाईंमाथि बादल, तल पनि बादल । बादलमाथि हिँडेजस्तो लाग्छ । शब्दको त कुरै छाडिदिऊँ– तस्विरले पनि सबै बयान गर्न मुस्किल पर्छ । बादलले ढाकेका बेला खिचेका यी तस्विरले तपाईंलाई पक्कै पनि रोमाञ्चित बनाउने छ ।

पूजा गर्दा चढाइएको ध्वजा र घण्टहरूले सजिएको रहेछ कालिन्चोक । चुचुरोको साँघुरो तर लाम्चो परेको थोरै समतल भागमा खुला आकाशमुनि सजिएकी देवी भगवतीको साथै महादेवको पनि पूजा गरिने रहेछ । डाँडाको टुप्पोमा अवस्थित कालिन्चोक भगवती मन्दिरमा एउटा सानो जलकुण्ड रहेछ, यसमा जल कहाँबाट भरिन्छ, कसैले भन्न सक्दैन। यो कुण्डमा बाह्रै महिना जल भरिएको हुन्छ । थोरै पानी देखिने सानो मुख भएको कुवाजस्तो उक्त जलकुण्डको पूजास्थलमा पुजारीले डाडु आकारको ५–६ फिट लामो साधन जलराशीमा डुबाएर करिब ७ फिट गहिरो रहेको भन्दै जल अभिषेक गराइदिए । पुजारीका अनुसार यो पवित्रस्थलमा मन्दिरको संरचना बनाउन नहुने किंवदन्ती छ । पश्चिमतर्फ १०–१५ जना उभिन मिल्ने जस्तापाताले छाएको टहरो देखियो । पूर्वपट्टि गणेशको मूर्ति । छ्याङ्ङ

खुलेर स्निग्ध, सुन्दर देखिएको निलो आकाश नै छुन सकिएला कि झैं गरेर बौद्धमार्गीले चढाउने लुङ्दर हावाको वेगसँगै फर्फराइरहन्थ्यो । चिसो स्याँठको बाबजुद चुचुरोमा रमाइलै भइरहे ओरालो झर्दा एक्लै परिएला भन्ने डरले हतार हतार सिँढीतिर तेर्सिएँ । मनमा जुन डर लिएको थिएँ, ओरालो झर्दा त्यतिको डर महसुस भएन । उक्लिएको भन्दा निकै कम समयमा नै हामी कुरी बजार पुगेर बिहानको खाना खायौँ । खानापश्चात् हामीलाई पर्खिरहेको गाडीमा सवार भई ढिलै भए पनि काठमाडौं फर्किने सुरमा हाम्रो यात्रा अगाडि बढिरहेको थियो । मकैबारीमा पुगेपछि अकस्मात् गाडी बिग्रेर हाम्रो यात्रा दुइ घण्टाजति रोकियो । गाडी बनेर हिँड्न लाग्दा हामीसँगै हिँडेका तीन-चार जना अल्लारे केटाहरू जङ्गलमा हराएर आधा घण्टाजति फेरि अलमलियौँ । रात परेर बाटो पूरै अँध्यारो भैसकेको थियो । अब काठमाडौं जान नसकिने भनेर दोलखा बजारमा गाडी रोकियो । बजारको एउटा होटलमा बास बसेर त्यो रात हामीले त्यहीँ काट्यौँ । भोलिपल्ट बिहान सबैरै उठेर होटलमै हात मुख धोइवरी बजारको पुछारमा रहेको दोलखा भीमसेन, भिमेश्वर महादेव र त्रिपुरासुन्दरी भगवतीको मन्दिर पुग्यौँ । कालिन्चोक भगवतीको दर्शनपछि त्रिपुरासुन्दरी भगवतीको दर्शन गर्नुपर्ने भनाइ रहेछ । तर यहाँ भने देवीको प्रत्यक्ष दर्शन नभई पुजारीमार्फत पूजा गराउने र प्रसाद दिइने चलन रहेछ । त्रिपुरासुन्दरी, कालिन्चोक र बगलामुखी गरी तीन भगवतीलाई दिदीबहिनीको रूपमा दोलखामा पुजिने गरिएको जानकारी त्रिपुरासुन्दरीका पुजारीले दिए । तीन दिदीबहिनी एकआपसमा देखिन मिल्ने गरी यी तीन मन्दिरको अवस्थिति त्रिकोणात्मक रूपमा स्थापना गरिएको भन्ने किंवदन्ती पनि रहेछ । त्रिपुरासुन्दरी भगवती मन्दिरतर्फबाट केही सिँढी उक्लिएपछि पुगिने रहेछ प्रख्यात दोलखा भिमेश्वर मन्दिर । दोलखा बजार छेउमा रहेको यो मन्दिर छेवैमा आकर्षक ढुङ्गाबाट निरन्तर पानी झरिरहने मूलको तीनधारे रहेछ । त्यहाँ हातमुख धोएर अँजुली भर्दै पानी पियौं । मन्दिरमा स्थापित प्रस्तर मूर्तिमा भीमेश्वर महादेव र भीमसेनको समेत पूजा अर्चना हुने थाहा पायौं । मन्दिरमा लामबद्ध भक्तहरूका हातमा रहेको पूजा सामग्रीमा ठूलो परिमाणमा धूप (अगरबत्ती) देखेर हामी एकछिन् त चकित भयौं । तर रहेछ के भने भीमेश्वर मन्दिरमा अर्पण गरेर आफ्नो व्यवसायस्थलमा लगी त्यो धूप सल्काउँदा व्यापार व्यवसाय फस्टाउने विश्वासले यो दृश्य देखिएको रहेछ ।

भीमेश्वर दर्शनपछि चिया नास्ता गरी काठमाडौंको लागि दोलखाबजार छाड्यौं । फर्कने क्रममा त्यही वर्ष जुरेको पहिरो झरेर सुनकोशी नदी थुनिएको ठाउँलाई गाडीबाटै नियाल्ने प्रयास गर्‍यौँ । प्राकृतिक विपत्तिले पहाडी भेगमा मानिसलाई

कतिसम्म दुःख दिँदो रहेछ भनेर सोच्दै मनलाई खिन्न बनाएर यात्रा अगाडि बढायौं । करिब एक बजेतिर बाटोमा पर्ने खाडीचौर बजारमा खाना खाई एकछिन् सुनकोशी किनारका दृश्यहरू मोबाइलमा कैद गरेर बजार घुमिवरी यात्रा अगाडि बढायौँ । साँझ करिब पाँच बजेतिर दोलालघाट बजारमा सुनकोशीको माछाको स्वाद लिई एकैछिन् बजार घुमेर यात्रा निरन्तर गरेको हामी आठ बजेको हाराहारीमा काठमाडौंको आफ्नो डेरामा पुग्यौँ । काठमाडौं दोलखाको दुई दिने छोटो यात्रामा प्रकृतिसँग निकै नजिकिने, राजधानी नजिकैको भूगोलसँग स्थलगत चिनारी गर्ने र केही धार्मिकस्थलको जानकारी तथा आध्यात्मिक ज्ञान प्राप्त गरेको मैले अनुभूति गरेँ ।

**आयोजना विकास विकास, ने.वि.प्रा.**

## गजल



**गङ्गा आचार्य सापकोटा**

चढी काँध मेरो उनी अग्लिँदै छन्
उनैले मलाई निचो सम्झिँदै छन्

अनौठो छ सञ्जालको मित्रतामा
कुनै जोडिँदै छन् कुनै छोडिँदै छन्

पथिकले बिराए कि जस्तो छ बाटो
जताबाट आए उतै फर्किंदै छन्

बजाएर बाजा दशा आउँदैन
अचानक समस्याहरू सिर्जिंदैछन्

यहाँ लाजले लाज मान्ने गरेर
लुटी खान कोही सधैँ तम्सिँदै छन् ।

**बागलुङ, हाल काठमाडौं**

# इहलोक



नेत्रबहादुर कुँवर

"सांसारिक बन्धनबाट मुक्ति र मोहत्याग दुःख मोचनको एक मात्र उपाय हो । यो दैहिक लोकलाई परित्याग गरेर आध्यात्मिक दैविक लोकमा उही परमपिता परमेश्वरसँग साक्षात्कार हुन पाउनुजस्तो खुसी अन्त कहाँ छ र ?" नाम चलेका भगवत् पण्डित प्रवचन दिँदै थिए ।

पण्डित देह र आत्मालाई परस्पर दुई भिन्न तत्त्वका रूपमा व्याख्या गर्दै भन्दै थिए ।

"न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीर ।

अर्थात् आत्मा न कहिल्यै जन्मन्छ न कहिल्यै मर्छ । यो त अजन्म, अन्तहीन, शाश्वत, नित्य, सनातन र अमर छ । यो सधैँदेखि थियो र सदा रहने छ । शरीरलाई मारे पनि यसको अन्त्य हुँदैन ।"

प्रवचन सुन्न आएका भक्तजन एकाग्र थिए । लाग्दथ्यो घरबार जेसुकै होस् पण्डितको यो अमर वाणी नसुनी आज छाडिन्नँ । आफ्नो प्रवचनमा यसरी भक्तजन नतमस्तक भएको देखेपछि पण्डितले आफ्नो अभ्यस्त कलालाई झन् निखार्दै भन्दै थिए–

"वासांसि जीर्णानि यथा विहाय नवानि गृहणाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ।

अर्थात् जसरी कुनै व्यक्तिले पुरानो, थोत्रो वस्त्र उतारेर नयाँ वस्त्र धारण गर्छ त्यसरी नै शरीर धारण गरेको आत्माले पुरानो शरीर त्याग गरेर नयाँ शरीर प्राप्त गर्दछ ।"

भक्तजन आत्माको अमरता र देहको क्षणभङ्गुरतासम्बन्धी अमरवाणीलाई एक शब्द पनि तलमाथि नगरी भाव ग्रहण गर्न चाहन्थे ।

"य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।
उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ।

अर्थात् जो यस आत्मालाई मार्छु भनेर चाहन्छ अथवा जसले यो आत्मा मऱ्यो भनेर सोच्दछ, ती दुवै नै आत्माको गूढ रहस्य जान्दैनन् । किनकि यो न त मर्छ न त यसले मार्छ ।"

पण्डित आफ्नो ज्ञानको सञ्चार आत्मा र देहको भेद छुट्याउन नसक्ने ती अबुझसम्म पुऱ्याउन पाएकामा भित्रभित्रै खुसी थिए ।

केही बेरको धाराप्रवाही प्रवचनपछि पण्डितले आजको प्रवचन समाप्त भएको घोषणा गरे । घन्टीको टिनिनिनिनि, शङ्खनाद, जयजयकारको ध्वनि गुन्जियो । आफ्नो प्रतिभाउपर पण्डित गर्वित भए । उनले सोचे, "म सफल भएँ ।"

साँच्चै पर्यावरण नियाल्दा पण्डितको प्रवचनले उच्च तहको प्रभाव छाडेकामा कुनै शङ्का गर्ने ठाउँ नै रहेन । उनी हर्षले मुसुक्क मुस्कुराए ।

केही समय बितेपछि पण्डितलाई तामझामका साथ बिदाइ गर्ने समय भयो । व्यवस्थापनमा खटिएकामध्ये एकको अनुरोध स्वीकार गर्दै पण्डित उनका निम्ति तयार पारिराखेको बोलेरो जिपको अघिल्लो सिटमा बसे । उसका दुई सहयोगीहरू पछिल्तिरको सिटमा बसे । निकै सम्मानका साथ पण्डितलाई बिदाइ गरियो ।

बोलेरो चालकले बोलेरो बिस्तारै अघि बढायो । चारैतिर एकै लयमा एउटै आवाज सुनियो, "भगवत् पण्डितको जय, भगवत् पण्डितको जय, भगवत् पण्डितको जय ।"

बोलेरो जिप पहाडको ओरालो बाटो दौडँदै थियो । कुन्नि के भएर हो जिपको ब्रेक फेल भयो । चालकले पण्डितलाई उत्ति नै बेला जिपको ब्रेक फेल भएको कुराको जानकारी गरायो ।

"हे ईश्वर ! यो के भयो ?" भाउन्नमा परेर पण्डितले ईश्वरको नाम जप्न थाले । एक हिसाबमा यतिबेला उनलाई आफू तलको पृथ्वी नै भासिएझैँ लाग्यो । "अहो ! ड्राइभर भाइ, म त मर्ने भएँ । घरमा मेरो सानो छोरा छ । त्यसलाई पढाउनु छ,

लेखाउनु छ । बुढी आमा र बा छन्, हेरचाह गर्नु छ । अर्धाङ्गिनी छे, कृष्णलाई राधाले प्रेम गरेजस्तो प्रेम गर्छे । मलाई बचाऊ भाइ, म मर्न चाहन्नँ ।"

जिप चालक स्टेरिङ बटार्दै थियो । बाटाभन्दा दायाँबायाँ त जिप गएको थिएन तर ब्रेक भने लागेको थिएन । यसैबिच आफ्नो गुरूका महान् वाणीहरू सम्झँदै पण्डितका सहयोगीमध्ये एकले भने,

"अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः
अनाशिनोऽ प्रमेयस्य तस्माद्युध्यस्व भारत ।

त्यसैले नआत्तिनुहोस् गुरूवर, शरीर मात्रै नाशवान् छ, आत्मा नाश हुँदैन ।"

साँघुरो पहाडी बाटाको ठिक विपरीतबाट मालबाहक ट्रक आउँदै थियो । सहयोगीमध्ये अर्कोले भन्दै थियो,

"न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीर ।"

पण्डित धुरूधुरू रून थाले । आमाले तेल लगाएर नवजात शिशुलाई सेकताप गर्दा नवजात शिशु रोएकोजस्तै रोएको देखेर ड्राइभर र सहयोगीहरू वाल्ल परे । पण्डित एकोहोरो रून थाल्यो ।



# पुप्फबग्गो (पुष्प अध्याय)

स्वर्ग र नर्क धर्ती यो प्यारो सँगै को भेट्दछ ?
धर्तीको अर्ती फूलझैँ गरी बाँधी को राख्दछ ? ॥४४॥

निर्वाण मार्गी त्रिलोक माथि विजय पाउँछ
निर्वाण मार्गी धर्मको फूल शिरमा लाउँछ । ॥४५॥

यो मृगतृष्णा निस्सार देह, चिन्दछ जसले
दुःखको डोरी कालको झोली चिन्दछ उसले । ॥४६॥

बाढीले बस्ती बढारे सरी, आशक्त भोगीले
खप्नु नै पर्छ कालको जाल कामुक जोगीले ॥४७॥

कामको फूल चुसेर अझै जो मुढ भुल्दछ
कालको पासो बर्सन्छ आई जो गूढ भुल्दछ ॥४८॥

नभाँची फूल भँमरो रस चुस्दछ जसरी
भन्तेले भिक्षा माग्नु बुझी गाउँमा उसरी ॥४९॥

अकर्म कर्म वचन वाण परको पन्छाई
निजको कर्म सत्कर्म माथि रहनू रमाई ॥५०॥

सुगन्धहीन सुन्दर फूल उराठ लाग्दछ
प्रयोगहीन बुद्धका वाणी पाषाण लाग्दछ ॥५१॥

सुन्दर पुष्प सुगन्धी भए मनमा फुल्दछ
प्रयोग भए बुद्धका वाणी अमृत झुल्दछ ॥५२॥

सुन्दर माला गाँसियो भने शोभा भो फूलको
कुशल कर्म चिनाई दिन्छ मानव कुलको ॥५३॥

श्रीखण्ड, जुही, कमल जाई, सुगन्ध दिएर
आन्नद बाँडी सजाई दिने चौतर्फ लिएर ॥५४॥

सुगन्धी हुन्छ कमल फूल, चन्दन चमेली
अधिक श्रेष्ठ मानव शील कम हुन्छ चमेली ॥५५॥

नजिक मात्र फैलन सक्छ, फूलको सुगन्ध
त्रिलोकभरि फैलन सक्छ, शीलको सुगन्ध ॥५६॥

शीलले पूर्ण प्रमादहीन, संसार बिहार
ऊ गर्न सक्छ, भाग्दछ काल, को गर्छ ? बिगार ! ॥५७॥

हिलोमा फुल्छ त्यो पद्मपत्र सुवास छरेर
दुर्गन्धबाट कसरी होला ? हलक्क बढेर ! ॥५८॥

बुद्धका श्रोता ज्ञानका पोका अज्ञान बिचैमा
शोभायमान भएर उठ्छन् संसार बिचैमा ॥५९॥

**भावानुवाद : शब्दसेना**



## उपेन्द्र पौडेल

(१) छोडी गएपछि अब, एक्लै रमाउनु पर्‍यो
लड्न लाग्दा भिरको, डाली समाउनु पर्‍यो
एक्लै आउनु एक्लै जानु, सत्य यही त हो !
दुःख भुल्न अब मनमै, महफिल जमाउनु पर्‍यो ।

(२) पानीको थोपाजस्तै मिलाउँदा मिल्ने भए
मेरो तन-बदन तिम्रै शरीरमा खिल्ने भए
मिसाई दिन्थेँ एउटै काया बनाउनलाई
तिम्रो कलेवरले मेरो देह सबै निल्ने भए ।

(३) हात समाई तिमिसँगै, सधैँ हिँड्न पाइयोस्
मायालुको प्रेमपछ्यौरी, सधैँ ओढ्न पाइयोस्
तिम्रो मुटु मेरो संसार, मेरो मुटु तिम्रो
पिरतीको आकाशमा, सधैँ उड्न पाइयोस् ।

(४) जिन्दगी तनाबै तनाबको पोको रहेछ
थोरै तल-वितलमै फुट्ने फोको रहेछ
यो गर्छु त्यो गर्छु भन्दाभन्दै सकिने
यता उता मिलाउनै बाँकी धोको रहेछ ।

(५) गर्नेलाई गर्नै दिन्न आफ्नो कला छैन
गीत गाउँछु भन्छ तर राम्रो गला छैन
जबर्जस्त साँढेजस्तो हर्कत देखाउँछ
बलमिच्याइँ गर्ने काम कहिल्यै भला छैन ।

# पागल भिखारी



राममणि सिटौला

भिक्षापात्र बोकेर
घर घर पुगेर
उसले जगाएको छैन
भिक्षांदेहि को अलख

सडकको किनारामा उभिएर
हातमा कचौरा बोकेर
आगन्तुकसँग मागेको छैन
रूपियाँ, पैसा

यतिमात्र पर्याप्त छैन
भिखारी हुनलाई
उसले पहिरिएको होस्
चिबार, गेरू वस्त्र

ऊ सोच्छ स्वयंलाई
खाँटी, विशुद्ध भिखारी

ऊ माग्छ सूर्यसँग
अँध्यारो बस्तीको निम्ति
केही प्रकाशको भिख
ऊ माग्छ हावासँग
साँघुरो छिँडीमा
निसास्सिरहेका मानिसहरूको निम्ति
हावाको भिख

ऊ माग्छ–इन्द्रेणीसँग
रङ हराइएका निम्ति
रङको भिख

ऊ माग्छ आगोसँग
चिसोले कठ्याङ्ग्रिरहेकाहरूका निम्ति
केही झिल्काहरूको भिख !



## विष्णुप्रसाद आचार्य 'अतृप्त'

### १. विशेषज्ञता

जङ्गबहादुरको ट्रकले बुद्धलाई किच्यो । लासको पोस्टमार्टम हुँदा 'पोटासियम साइनाइड' सेवन गरी आत्महत्या गरेको प्रमाणित भयो ।

### २. न्याय

भँडारेले जुँगा हेरी भाग लगायो । भोलिपल्टदेखि सबै जुँगा बाटेरै आउन थाले ।

### ३. खुच्चिङ

प्रश्नकर्ताले परीक्षार्थीलाई अन्डरइस्टिमेट गर्दै प्रश्न गऱ्यो–"तपाईं र गोरूमा के फरक छ ?" परीक्षार्थीले उत्तर दियो– "तपाईं पनि मान्छे म पनि मान्छे, तपाईं र गोरूमा जे फरक छ, म र गोरूमा पनि त्यही फरक छ !"

### ४. कानुन

उसले काँक्रो चोर्दा मुड्की सास्ती पायो । फेरि दराज फोऱ्यो; पाँच सय रूपियाँ दण्ड तिऱ्यो । पछि बैङ्कबाट करोडौँ डकैती गऱ्यो; चार वर्षको जेल सजाय पायो । उसको चार वर्षे जेल अवधि भर्खरै समाप्त भएको छ...!

### ५. सडक बुट संवाद

"तिमी मेरो छातीमा कहिलेसम्म परेड खेलिरहन्छौ हँ ?"

सडकले विनीत स्वरमा प्रश्न राख्यो ।

"जहिलेसम्म तिमी सडक भएर मलाई सहिरहन्छौ" बुटले कुटिल मुस्कानका साथ जवाफ फर्कायो ।

### ६. नामकरण

वेदप्रसाद धर्मभीरू व्यक्ति हुन् । उनको बोलीमा धर्म, ईश्वर र अध्यात्मप्रतिको गहिरो निष्ठाभाव झल्कन्छ । उनले हालै मात्र एउटा व्यवसाय सुरू गरेका छन् । जसको नामकरण गरिएको छ– 'नमो बुद्ध मिटसप एण्ड कोल्ड स्टोर !'

विदुर– ५, नुवाकोट

**हाल आयोजना विकास विभाग, ने.वि.प्रा.**

# दुब्लोगान



**रेहित सैँजू**

खाना नखाई कुनै प्राणी बाँच्न सक्छन् र भन्या ...? मान्छेहरू किन बेमेल प्रश्न गर्छन् मलाई ? हुनसक्छ यो प्रश्न मसँग सान्दर्भिक छ । अरे, पातलो ज्यान देखिँदैमा चित्त छेडेर पित्त फुट्ने गरी वचन वाण हान्न त भएन नि । हाम्रो पनि चित्त हो दुख्छ नि । आफू रोएको अरूलाई देखाउनु पनि त भएन । हो, म मोटाउन सकिनँ, ज्यान सुकेर राँगोको सुकुटीझैँ भयो, के अब मेरो ज्यानलाई पकौडा बनाएर बेच्नु हुन्छ ?

त्यसो त मैले पनि मोटाउन नखोजेको कहाँ हो र ...। मोटाउने विधि नअपनाएको कुनचाहिँ पो बाँकी होला । जानेसम्म बुझेसम्म गरेकै हो नि, अब भएन त के गर्नु ? सधैं यथास्थितिमा रहन सक्नु मेरो कला हो । अनेक सैद्धान्तिक तन्त्र मन्त्र प्रयोग गर्दा पनि शून्य नतिजा आउनु मेरो सक्षमता हो । हेर्नोस् न मेरो क्षमतालाई कदर गर्नु पर्ने ठाउँमा त्यसको ठिक विपरीत व्यवहार पो गर्छन् मलाई । मैले आरक्षण कोटा मागेको पनि होइन तर खै यो तरिका त भएन नि ! पुड्का, अग्ला कदका मान्छेहरूको सङ्गठन त देखेको हो यो दुब्ले, मोटेहरूको चाहिँ छन् कि छैनन् होला !

मोटाउनु पनि कसरी ! भात खायो बिहानै जान्छ । पानी पियो पानी नै जान्छ । खाएको कुरा जिउमा अडिने नामोनिसान छैन । दिसा पिसाब नगरेर खाएको कुरा पेटमै सञ्चित भएर पो मान्छेहरू मोटा, खाइलाग्दा भएका हुन् कि भनौं भने पनि होइन होला । आफूले एकदिन पाइखाना गएन भने अर्को दिन कनेर भए पनि निकाल्नु पर्छ । सायद ढिलो आयो कडा आयो भनेको यही हो । थोरै गाह्रो हुन्छ र... कनी कनी पाइखाना गर्नु पर्दा आन्द्रा चुँडिएर बाहिर आएको हो कि जस्तो भान हुन्छ । यस्तै मनोवादको लौरोले रातभरि हिर्काएर अनिँदो भई चिन्ताले दुब्लाएको पो हो कि । फेरि चिन्ताले चितामा पुऱ्याउँछ पनि भन्छन् ।

चितामाथि चढेको लासलाई आगोले पोलेको सबैले देख्छन् तर हरबखत चिन्ताले जलेर जिउँदो लास बनेको कसैले नदेख्दा रै'छन् ।

ज्यान अलि खाइलाग्दो मोटो बनाउने मामलामा मैले धेरै जनाको सल्लाह सुझाव पाएको छु । मेरो ज्यानमा मासुले हड्डी नछोप्नुको कारण धेरैको अर्ती सुनेर पनि हुन सक्छ । आफूलाई फेरि जसको अर्ती सुन्यो, त्यही ठिक लाग्छ । उपदेशलाई कुन रूपमा आफूले समावेश गर्ने भनेर निर्क्योल गरी ग्रहण गर्न नसक्नु मेरो ठूलो कमजोरी हो । भात धेरै खाए मोटाइन्छ रे तर मलाई ग्यास्ट्रिक बढाउँछ । ग्यास्ट्रिक बढेपछि अपानवायु आइरहन्छ । आफूले खुस्काएको अपानवायुले आफैँलाई ठुस्काउँछ । गन्हाएपछि आफूलाई आफैँसँग रिस उठ्छ । आफूले आफैंलाई पिट्न पनि नमिल्ने । अलि भिडमा साथीभाइ भएको ठाउँमा केही गरी अपानवायु खुस्कियो भने अहो ! बाघले पनि आफ्नो सिकारलाई त्यसरी झम्टिँदैनन् होला । ठूलो अपराध गरेझैँ गरी आँखा तर्छन् ।

हुन त 'धेरै खाए मल थोरै खाए बल' भन्ने उखान पनि छ तर आफूलाई चित्तै बुझ्दैन । एकजनाले घिउ खाएपछि मोटाइन्छ भन्यो । मैले एक चम्चाको साटो एक दर्जन चम्चा एकैचोटि खाएँ । ज्यान लाग्नु त कता हो कता झाडापखालाचाहिँ लाग्यो । चर्पी जाँदा जाँदै हैरान भएँ । यसरी त मेरो तौल मात्र घट्यो । फेरि एकजनाले बियर पिउनु पर्छ भन्यो । कहिल्यै पिएको थिइनँ, जिब्रो पर्रर... गऱ्यो । एक बोतल बियर पिउन बीस सेकेन्ड पनि लागेन । पेट ढुस्स फुलेर हलचल गर्न गाह्रो भो । आफ्नो ज्यान आफैँलाई भार भयो । पछि थाहा भयो, बियर पानी जसरी पिउन नहुने रहेछ । बिस्तारै बिस्तारै पिउनु पर्ने रहेछ । जोसमा होस गुम्यो । आयुर्वेदिक औषधिहरू पनि सेवन गरियो । झन्डुबाम, च्यवनप्रास, हर्लिक्स यस्तै यस्तै । तर मेरो समस्या बीसको उन्नाइस पनि भएन ।

पातलो मान्छेहरू सहनशील हुन्छन् । सहनशील हुनैपर्छ । 'सुकेको ज्यानमा लुकेको बल हुन्छ' भनेर आफ्नो तौलभन्दा तीन गुणा बढी गरूङ्गो भारी बोकाउँछन् । जे भने पनि पातलो मान्छेलाई खच्चड बनाउनु त भएन नि ! पातलो मान्छेहरूको नाम जसले जे राखे पनि मिल्छ । नाम राख्न कुनै पण्डित, ज्योतिष चाहिँदैन । दाउरे, च्याँसे, सुइरे, गँजेडीजस्ता नाम राख्न दिन, बार, गते किन हेर्नुपऱ्यो र ... ! पात्रो नमिलाई नाम राखिदिनाले हाम्रो राशि मिल्दैन । राशि नमिलेपछि चिना कुण्डलीमा फरक पर्छ । त्यही भएर होला जुनै बेला पनि शनि ग्रहको दशाले घेरिरहेको हुन्छ ।

पातलो मान्छेहरूलाई बाहिर निस्कन पनि ठूलो जोखिम मोल्नु पर्छ । अझ झन् बेतमासको हुरीबतास चलेको बेला बाहिर निस्कनु अभिशाप बन्न पनि सक्छ । पातलो मान्छे भनेको झरिसकेको पात जस्तै हो । कुन बेलाको हावाले कसिङ्गर बनाएर उडाउने हो थाहै हुँदैन । कुनै भिडभाड बजारतिर जाऊँ भने पनि अनाहकमा थिचिएर किचिने हो कि भन्ने डर छ्याप्छ्याप्ती । चाहे बसमा होस् या अन्त सानो पातलो मान्छेहरू जहाँ पनि हेपिएर चेपिन्छन् । नीति र नियतिमा बाँधिएपछि जस्तो पनि सहनै पऱ्यो ।

छन् त ज्यान पातलो हुनुको पनि फाइदाहरू प्रशस्त छन् । भएर के गर्नु अहिले अलि अलि भए पनि बचेका ती फाइदाहरूलाई बेफाइदाहरूले मिचेर ढाकिदिएका छन् । नागरिकतामा उमेर पैँतीस वर्षको पुगिसक्यो तर पातलो मान्छेहरू सोह्र सत्र उमेरको बालबालिका जस्तो देखिन्छन् । उमेरअनुसारको जवानी देखाउन मिल्दैन । बच्चा भएर उत्ताउलो भएका भनिदिन्छन् । ज्यान पातलो हुनु पूर्वजन्मको पाप हो ? पातलो मान्छेहरूले सम्मानपूर्वक, स्वतन्त्रतापूर्वक बाँच्न कहिले पाउँछन् ? भन्न पायो भन्दैमा प्याच्च भन्दिनेहरूले आफ्नो बोलीमा लगाम लगाउने कहिले ? यी प्रश्नहरूको जवाफ कहिले मिल्छ ?

हुन त म भन्नु मेरो देश हो । म दुब्लाउनु भनेको मेरो देश दुब्लाउनु हो । देश दुब्लाउनु भनेको कमजोर हुनु हो । जब देश कमजोर हुन्छ तब देशमा आर्थिक, प्रशासनिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्र कमजोर हुन्छ । यी तत्त्वहरू दुब्लाएपछि देश सामान्य अवस्थाबाट असामान्य अवस्थातिर धकेलिन्छ । गतिविधिहरू बदलिन्छन् । विचौलिया र भ्रष्टाचारीहरू दिनप्रतिदिन मोटाउँदै जान्छन् । महङ्गीलाई मोटाउन दिएपछि व्यापार व्यवसाय दुब्लाउँदै जान्छ । उद्योग कलकारखाना दुब्लाएर मर्दै जान्छन् । द्वन्द्वको क्षेत्र मोटाएपछि शान्ति दुब्लाउँछ । कृषक अनि कृषि क्षेत्र दुब्लाउँदै जान्छन् । गरिबी, बेरोजगारी मोटाउँछ । अभाव, दबाबसँग कुस्ती खेल्नु पर्छ । युवाशक्ति विदेश पलायन हुन्छ । युवा भनेको देशको भिटामिन हो । भिटामिन नै नरहेपछि देशको स्वास्थ्य कस्तो होला ? पहरेदार युवा निर्बल भएपछि साँध सिमाना साँघुरिँदै जान्छ । उसै त देश दुई ढुङ्गाबीचको तरूल हो । देशको शेष नरहन पनि सक्छ । देश अवशेषमा मात्र रहन सक्छ । यो सबै कारण म दुब्लाउनु हो । तपाईं दुब्लाउनु हो । हामी दुब्लाउनु हो । हामी दुब्लाएरै देश दुब्लाएको हो । देशको सिमाना दुब्लाएको हो । देशको अर्थतन्त्र दुब्लाएको हो । अब मैले/हामीले मोटाउनै पर्छ किनकि हामीलाई देश दुब्लाउन दिनु छैन । अब मैले/हामीले मोटाउने ओखती खानै पर्ने छ ।



# वृद्धाश्रम

मुकुन्दप्रसाद प्रसाईं

मायाको लागि भोका, चाउरिएका अनुहारहरू,
जीवन जिउनका लागि गर्नुपर्ने सङ्घर्ष
आँखाले देख्दैन, कानले सुन्दैन ।
फेरि पनि बचपन आउन लागेको भान हुन्छ
वृद्धपनले गाँजेको शरीर, हातगोडा कामेको छ
कोही आउने बाटो हेर्दै कुरिरहेको जस्तो !
अफसोच वृद्धवृद्धा थुनिएका छन्-
एउटा जेलभित्र जीवन जिउने कैदीजस्तै मन थुनिएको छ ।

व्यग्र प्रतीक्षा गरिरहेका प्रतिमूर्तिहरू केही आस गरिरहेछन्
मानिस हराएको सूचना जस्तो-कहीँ कतै भेटिन्छ कि
बिहान बेलुकी भगवान्को नाम जप्दै गर्ने मनहरू
अटेका छन् वृद्धाश्रममा !
फाटेका मनहरू जोडिने थलो भएको छ,
चोटैचोटले थलिएको जिउँदो लासजस्तो
बेनामीहरूको परिचय बोकेकाहरूको आश्रयस्थल- वृद्धाश्रम !
सहानुभूति बटुल्ने सपना कतै भेटिए
उतैतिर दौडिन्छ मन !
फेरि त्यो आउला कि भनी औंला गन्दै,
वृद्धाश्रमको आँगनमा चाडपर्वको खुसी लिएर आउने
विशाल छाती अनि चौडा आकाश भएका
मनकारी-सहयोगी हातहरूको पर्खाइमा
रूँगिरहेछन् वृद्ध आमा-बुबा !
वृद्धाश्रममा खुसी देख्ने रहर जागेको बेला

बल, तागत, पसिनाले रूझेको बुढ्यौलीपन
ढल्दै जान्छ–सन्तानको मायाका खातिर ।
तर वृद्धाश्रममा पुऱ्याउने उनैका सन्तानले
बाबु– आमा भनेका जिउँदो देवता हुन् भनेर कहिले बुझ्ने ?
मीठो व्यवहार कहिले पाउलान् त
ती आमा बाबा जसका सन्तानहरू ठूलो मान्छे भएका छन् ।

वृद्धाश्रमको चार दिवारभित्र
कुँजिएको–मक्किएको शरीर घिस्रिरहेछ ।
कसैको दानमा पनि कता कता स्वार्थ मिसिएजस्तो !
मभित्रको म अहिले यही वृद्धावस्थालाई अनुभूत गर्दैछ–
समयको गतिसँगै वृद्धाश्रममा पुऱ्याउने
मानिसहरू खोजिरहेछन् परिस्थिति ।
अपनत्वको अनुभूति गर्न वृद्धाश्रम चहारिरहेछ–
अहिलेको सुखी चाहने झुन्डहरू !
हाइसन्चो भन्दै अचेल अन्तिम गन्तव्य बनाउँदै छ वृद्धाश्रम !
आमा बुबाको मुख हेर्ने दिन कुर्दै
अचेल अन्तिम बिसाउनी बनेको छ वृद्धाश्रम !!

**रत्नपार्क वितरण केन्द्र, ने.वि.प्रा.**



नरेश अमात्य

### १. जुत्ता संवाद

कुनामा फ्याँकिराखेको चप्पल र टिलिक्क टल्केको आयातित जुत्ताबीच संवाद भइरहेको छ,

अङ्ग्रेजी लवजमा जुत्ताले भन्यो -

'हेर, नेताज्यूको सान नै म भएको छु, तँ न्याउरी यहाँ किन, कसैले नदेख्ने ठाउँमा लुक्न जा !'

आफूलाई अपमानित भाषा प्रयोग गरेकाले चप्पल बोल्यो– 'यही चप्पल लगाएर त नेताज्यूको यो सानसौकत भयो, मैले नै नेताज्यूलाई ठाउँ ठाउँमा लगेर यो अवस्थामा पुऱ्याएँ ।'

केही क्षणपछि नेता बाहिर निस्किए । आफ्नो मालिक बाहिर आउनासाथ चप्पल खुसी भएर मालिकको अघि अघि गयो । नेताले थोत्रो चप्पल आफू अघि देख्नासाथ भ्वाक्क हानेर कुनामा पुऱ्याइदिए । अनि, टिलिक्क टल्किने जुत्ता लगाएर गाउँतिर लम्किए ।

थोत्रो चप्पलले आँखाबाट आँसु बगायो,

टिलिक्क टल्किने जुत्ता मर्ने गरी हाँस्यो ।

### २. लास संवाद

त्यो लास जुरूक्क उठ्यो, आफ्नो लासको चारैतिर भन्किरहेकाहरूलाई एकपटक राँगो आँखाले खाऊँलाझैं हेऱ्यो । अनि उसले विचार गऱ्यो, बाँचुन्जेल एकचोटि आउनु नपर्ने, अझ नदेखेकोझैं गर्ने स्वार्थी मान्छेहरू यी !

-यी गुठियारहरू बाँचुन्जेल सुताइराख्न खोज्छन् , सके अझ उठ्न नसक्ने गरी थिचिराख्छन्, मर्नासाथ उठाउन आउँछन् !

–दलिन एउटाको निम्ति वर्सौंवर्ष लडे, अहिले हेर, गोहीको आँसु चुहाइरहेछन् !

यसरी चारैतिर रहेका मान्छेहरूलाई उसले आँखा गाडेर एकेकजनालाई फेरि एकचोटि चिन्न हेऱ्यो ।

अनि अनुहार अँध्यारो पारेर ऊ पुनः आफ्नो ठाउँमा नै पल्टिएर आँखा चिम्ल्यो ।

**(नेपालभाषाबाट अनुवाद : रासा)**

*लघुकथा*

# चिन्ता



**सत्या अधिकारी**

स्वदेशमा रोजगार पाएर युवाहरूको अनुहार उज्यालो थियो । बन्द भएका सबै कलकारखाना सञ्चालनमा थिए । शिक्षा, स्वास्थ्य र बाटाघाटा गाउँगाउँसम्म पुगेका थिए । गाउँका खाली जमिनमा धानका बाला झुलेका थिए । सर्वत्र सफा सुग्घर र हरियाली छाएको थियो ।

वृद्ध बाआमाहरू हँसिला देखिन्थे । काला पहाडहरू सेता दाँत देखाएर हाँसिरहेका थिए । विश्वकै सुन्दर शान्त देश नेपाल साँच्चिकै स्वर्गको टुक्राझैँ भएको थियो ।

नेपालको यस्तो दृश्यले समृद्ध नेपाल, सुखी नेपालीको नारा बल्ल पूरा भएझैँ मलाई लाग्दै थियो । नेपाल आमाको खुसीमा म छोरो पनि खुसी भएको थिएँ । एकदिन म घरबाट कार्यालय जाँदै थिएँ । बाटोमा दुईजना भाइहरू हातको माइक र क्यामेरा भुइँतिर फर्काएर मलिन अनुहारमा झोक्राउँदै गरेको देखेँ ।

मनमा कुतूहलता जाग्यो र सोधेँ, "भाइहरू त निकै ठूलो चिन्तामा परेझैँ देखिनुहुन्छ नि, के भयो ?"

मेरो प्रश्न भुइँमा खस्न नपाउँदै एकजना भाइ बोले, "के गर्नु दाजु ! सबैतिर समृद्धि छायो । हामी बेकम्मा भयौँ । हाम्रो पेसा नै धरापमा पऱ्यो ।

मेलै सोधेँ– "तपाइँहरू मनगढन्ते समाचार लेखेर जनतालाई भ्रमित पार्ने पत्रकारहरू हो नि ?"



# आमा : माया (२)

सानुराजा श्रेष्ठ अन्जान

म आमा तिम्रो -
दुई तीन शताब्दी त भो
चोइटिएर बाँकी भएँ/टुक्रिएर बाँकी भएँ
मेरा बहादुर सन्ततिले बढाएर पनि
अङ्गभङ्ग हुनपर्ने तिम्रै नियतिले !?
बल्ल शान्ति र समृद्धितिर लाग्यौ कि
बल्ल मेरो महत्त्व बुझ्यौ कि ?

मेरा चारै दिशाकाहरू चतुर छन्
अझै मलाई टुक्र्याउन आतुर छन्
खै तिमीले बुझेको ?
आफ्नो स्वाभिमान थाँती राखेर
खै प्रजातन्त्रको नाममा बिक्यौ कि ?
सङ्घीयताको नाममा टुक्राउँदैछौ
प्रदेशको नाममा अङ्गभङ्ग पार्दैछौ ।

खै कसको भाषामा बोल्छौ आजकल
खै कसको इसारामा नाच्छौ आजकल

माथिकाले नङ्ग्याउँदैछ चाल पाउन गाह्रो छ,
तलकाले दाँत गाड्छ बराबर
चाल पाउँछु/आँसु झार्छु
मेरा सन्तानहरू महाकाली र मेचीमै साँघुर्‍याउँछन्
मेरा सन्तानहरू भविष्य देख्दैनन्,
दक्षिणकाले काट्छन् अङ्गहरू
कसैलाई सुम्पेर खुसी हुन्छन्,
भोलि सिङ्गो म आमा नेपाल रहन्नँ
तब के गर्छौ निरीह मेरा सन्तानहरू ... ???

पशुपति, देउपाटन, पाचटोल

# करनालको सूर्य मन्दिर



राजु शर्मा

भुवनेश्वरबाट हिँडेपछि लमतन्न राजमार्ग सुरू भयो । त्यसपछि बाटाको रूख बिरूवाहरू पछाडि धकेलिँदै गए । केही समयपछि एउटा सानो बस्ती सुरू भयो जसको नाम थियो करनाल । त्यही करनालमा प्राचीन धरोहर सूर्यको विशाल मन्दिर थियो । कोणार्क सूर्यदेवको नामले परिचित त्यो मन्दिर (भग्नावशेषमा परिवर्तन हुन खोजिरहेको त्यो प्राचीन सूर्य मन्दिर) को नामकरण कसरी भयो या गरियो । यो त्यही करनालमा अवस्थित सूर्य मन्दिरको कथा बोकेको आलेख हो । त्यहाँ पुगेपछि मानिसहरू त्यस मन्दिरलाई आश्चर्यको आँखाले नियालिरहन्छन् । त्यसैगरी मैले पनि नियालिरहेको थिएँ । केहीले त्यस मन्दिरमा कुँदेका कलाकृतिलाई मायालु बालकलाई सुम्सुम्याएझैँ सुम्सुम्याउँछन् । त्यसैगरी मैले पनि सुम्सुम्याएँ । मान्छेहरू कलाकृतिका ती अनुपम नमुनालाई देखेर अवाक् बन्छन् । म पनि अवाक् भएको थिएँ ।

सामान्य दृष्टिले हेर्दा जहाँ मान्छेले अनौठौ वस्तु देख्छ, त्यसबेला उसलाई मनोवैज्ञानिक झट्का लाग्छ । त्यस दिन मलाई पनि त्यहाँका कलाकृति र त्यसभित्रका रहस्यहरूले झड्का महसुस गराएको थियो । मभित्र त्यहाँको रहस्य खोतल्ने हुटहुटी जागेर आयो । काठमाडौंबाट तीर्थयात्राको उद्देश्यले भ्रमणमा निस्किएका धेरै तीर्थयात्रुमध्ये हामी सात त्यहाँ पुगेका थियौं । आफू स्वयम्लगायत केशव रूपाखेती सर, भगवती म्याडम, कमु अर्थात् मेरी पत्नी, सरिता दिज्यू, भण्डारी बा आमा । भुवनेश्वरबाट जगन्नाथ पुरी जाने बाटोमा पर्ने कर्नालमा अवस्थित प्राचीन सूर्य मन्दिर दर्शन तथा अवलोकन गर्न ।

हामी काठमाडौंस्थित निवासबाट पौष ३ गते तीनधाम यात्राको लागि प्रस्थान गरेका थियौं । हेटौंडा, रक्सौल, पटना, झारखण्ड, कलकत्ता हुँदै हामी उडिसा पुगेका थियौं । दुई वर्ष कोरोनाले रोकिएको यात्राको दशौं दिनमा यस स्थानमा आइपुगेका थियौं । गुगल म्यापले इसारा गर्‍यो भुवनेश्वरबाट करनाल ६६ किलो

मिटरको दूरीमा छ । मैले कैंयौ तीर्थस्थल मठमन्दिरमा पुगेर दर्शन गरेको छु । कैयौं ऐतिहासिक महत्त्वका अवशेषहरूको अवलोकन गरेको छु भन्ने अहम् पाल्दै गर्दा कहिलेकाहीँ यस्ता नसोचेका र नचिताएका ठाउँहरूले हौस्याइरहन्छन् यात्राका लागी । पिता पुर्खाले आरम्भ गरेको तीर्थयात्रा गर्ने र धर्मग्रन्थहरूमा उल्लेख भएअनुसार पिता पुर्खालाई पिण्ड दान दिइ मुक्त गर्ने उत्कट चाहना ममा पनि जुर्मुराएर आयो, त्यसै सिलसिलामा विभिन्न तीर्थ हुँदै आज यस ऐतिहासिक पुरातात्त्विक महत्त्वको अवशेष भएको स्थानमा डोऱ्याएर ल्यायो ।

मठमन्दिर र तीर्थस्थलहरूप्रति यतिविधि मोह मलाई किन जागेको होला ? यसको कारण खोज्दा म बाल्यकालीन दिनहरूमा विचरण गर्न पुग्छु । ती दिनमा पशुपति मन्दिर वरिपरिको वातावरणमा हुर्किएँ, बढेँ, र वयस्क भएँ । त्यसबेला ती मठमन्दिरमा म एक्लै कैयौँ पटक र साथीभाइसँग धेरै पटक टहलिन पुगेको छु । त्यसबेला मठमन्दिरमा कुँदिएका चित्रहरू, कलात्मक टुँडाललगायत प्राचीन स्मारकहरूसँग मेरो साक्षात्कार भएको छ । मेरो कलिलै दिमागमा ती सबै वस्तुहरूप्रति जिज्ञासा सलबलाएरै रहिरहेको त छँदै थियो । त्यति मात्र कहाँ हो र ! मेरो घरपरिवारको वातावरण पनि कम्ता आध्यात्मिक थिएन । कडा अनुशासनमा बाँधिएको थियो । बिहान सखारै अर्थात ४ बजे नै उठनुपर्ने, कुचो कसिङ्गर लगाउनु पर्ने , दैनिक लिपपोत गर्नुपर्ने, बिहानको पूजा, साँझको आरती अनिवार्य गर्नु पर्ने, धोतीपाटा कसेर भान्छामा छिर्नु पर्ने दृश्य अहिले पनि आँखाअगाडि झलझल्ती नाच्न थाल्छ । त्यसले पनि होला ! ममा आध्यात्मिक चेतना उजागर भएको ।





मन्दिरका भित्तामा कुँदिएका ढुङ्गाको पाङ्ग्रा २४ वटा सरसर्ती देखियो । यसरी २४ वटा पाङ्ग्राहरू मिलेर एउटा रथलाई तान्न लागेजस्तो देखिन्थ्यो । उल्लेख भएअनुसार ती पाङ्ग्राहरूको व्यास ९ फिट ९ इन्चीका गोलाकार अवस्थामा बनेका रहेछन् । मन्दिरले कलिंगा वास्तुकलाको परम्परागत शैलीलाई पछ्याएको पाइयो । पूर्वतर्फ उन्मुख भएर रहेको मन्दिरले सूर्योदयको पहिलो किरणलाई सबैभन्दा पहिले स्पर्श गर्छ भन्ने मान्यतामा मन्दिरलाई पूर्वतर्फ उन्मुख गराएको हुनुपर्छ । चट्टानै चट्टानहरूबाट बनेको मन्दिर मूलतः चन्द्रभागा नदीको मुखमा निर्माण गरिएको थियो भन्ने कथन रहेको छ, तर मन्दिर निर्माण भएपश्चात् पानीको मात्रा कम हुँदै गएको हो भन्ने पनि गरिएको रहेछ ।

यो मन्दिर पूर्व गङ्गा राजा नरसिंहदेव-१ को शासनकालमा १२५० इस्वीमा सूर्य देवता सूर्यलाई समर्पित विशाल अलङ्कृत रथको रूपमा ढुङ्गाबाट बनाइएको थियो भन्ने अनेकौँ लेख तथा सन्दर्भ सामग्रीमा उल्लेख भएको पाइन्छ । हिन्दू वैदिक मूर्तिकलामा सूर्यलाई पूर्वमा उदाउने र सात घोडाहरूद्वारा तानिएको रथमा विराजमान भइ द्रुत गतिका साथ आकाशमा यात्रा गर्ने भगवान्को रूपमा चित्रण गरिएको पाइन्छ । जसलाई सामान्यतया एक देदीप्यमान व्यक्तिको रूपमा वर्णित गरिएको छ । जसको रथ अरूणाद्वारा मार्सल गरिएको रथमा सवार भएको मानिन्छ । जसको दुवै हातमा कमलको फूल लिएको जसलाई गायत्री, बृहती, उष्णिह, जगति, त्रिशटुभा, अनुष्टुभा, र पङ्क्ति सात घोडाहरूद्वारा तानिएको रथमा विराजमान भएको भगवान् मानिन्छ । सामान्यतया देखिने सूर्य दुई महिला

हुन् जसले बिहानी देवी उषा र प्रत्युषाको प्रतिनिधित्व गर्छन् । ती देवीहरूलाई तीरहरूले हानिरहेको देखाइएको छ । अन्धकारलाई चुनौती दिन त्यसो गरिएको मानिन्छ । हिन्दू क्यालेन्डरका १२ महिनासँग मेल खाने गरी रथको बाह्र जोडी पाङ्ग्राहरू निर्माण गरिएका छन् । त्यसलाई प्रत्येक महिनाको दुई चक्र शुक्ल पक्ष र कृष्ण पक्षको रूपमा अर्थ्याइएको पाइन्छ ।

यो मन्दिरले ठूलो प्रतिमालाई प्रस्तुत गरेको देखिन्छ । यसमा २४ ढुङ्गाका पाङ्ग्राहरू समावेश गरिएका छन् । जसको व्यास लगभग १२ फिटको छ । यसलाई सात घोडाको सेटद्वारा तानिएको छ । सूर्योदयको समयमा भित्रबाट हेर्दा, रथ–आकारको मन्दिर सूर्य बोकेको नीलो समुद्रको गहिराइबाट उभिइरहेको जस्तो देखिन्छ ।

यो मन्दिर जीर्ण भग्नावशेषको रूपमा रहेको छ । यसको विनासको कारण स्पष्ट छैन र अझै पनि विवादित नै छ । १५ औं र १७ औं शताब्दीको बीचमा मुस्लिम सेनाद्वारा धेरै पटक विनास गर्न खोजिएको थियो । यस मन्दिरलाई १६७६ को प्रारम्भमा युरोपेली नाविक किताबहरूमा 'ब्ल्याक प्यागोडा' भनी उल्लेख गरिएको पाइन्छ । किनभने त्यसबेला यो कालो देखिने ठूलो टायर टावरजस्तो देखिन्थ्यो । त्यसैगरी, पुरीको जगन्नाथ मन्दिरलाई 'सेतो प्यागोडा' भनिन्थ्यो । दुवै मन्दिरहरू बङ्गालको खाडीमा नाविकहरूका लागि महत्त्वपूर्ण स्थलचिह्नका रूपमा रहेका थिए । यो मन्दिर ब्रिटिश भारत–युगमा पुरातात्विक टोलीहरूको संरक्षण र उनीहरूकै प्रयासले आंशिक रूपमा पुनर्स्थापित गरिएको थियो । हाल यो युनेस्कोको विश्वसम्पदा सूचीमा सूचीकृत स्थल रहेको छ । यसको महत्त्वलाई उजागर गर्न भारतीय १० रूपैयाँको नोटको एक भागमा यसलाई चित्रण गरिएको पाइन्छ । त्यसबाट पनि यो मन्दिरको महत्त्व झल्किन्छ ।

ऐतिहासिक, पुरातात्त्विक भग्नावशेषहरूको जीवन्त मन्दिर र त्यसमा कुँदेका कलाकारिताहरूको एक झझल्कोले पनि मनै लोभ्यायो । यी कलाकृतिको अवलोकन गर्नको लागि रू १००/– भारूको टिकट काटनु पर्ने रहेछ । भग्नावशेषको रूपमा परिणत हुन खोजीसकेको मन्दिरलाई संरक्षण गरी फूलबारी सहितको बगैँचा निमार्ण गरी आकर्षक पर्यटकस्थलको रूपमा विकास गरिएको पाइयो । नेपालको राजधानी काठमाडौंबाट लगभग १२६८ किलोमिटरको दूरीमा अवस्थित यो मन्दिर विश्वका हिन्दू धर्मावलम्बी मात्र नभई मानव मात्रको पुरातात्त्विक महत्त्वको रहेको पाइयो ।

# सार्वजनिक बसका पीडितहरू



विमल पोखरेल

धेरै मान्छेहरूलाई एकैपटक एक ठाउँबाट अर्को ठाउँमा लैजाने काममा प्रयोग हुने इन्जिनबाट गुडेर चल्ने साधनलाई सार्वजनिक यातायात भनिन्छ । इन्जिनको आविष्कार मानव जातिको लागि वरदान सावित भएको छ । त्यसको एउटा हिस्सा यातायातका साधनहरू पनि हुन् । रेल, बस, मिनी बस तथा माइक्रो बसहरू सार्वजनिक यातायातका साधन हुन् । नेपालको सन्दर्भमा सार्वजनिक यातायात भनेकै बसहरू हुन् भन्दा फरक पर्दैन । ती साधनहरूले यात्रुहरूसँग निश्चित भाडा रकम लिएर तोकिएको ठाउँसम्म पुऱ्याउने गर्दछन् । सबै सार्वजनिक यातायातहरूको निश्चित रूट हुने गर्दछ । तोकिएको रूटअनुसार तिनीहरू नियमित गुड्ने गर्दछन् । सार्वजनिक यातायातले विश्वका अरबौँ मान्छेहरूको दैनिक जीवनलाई निकै सहज बनाइदिएको छ ।

हिँडेर टाढा जान सम्भव नहुने र सम्भव भएका ठाउँमा पनि धेरै समय लाग्ने भएको हुनाले मान्छेहरूले सार्वजनिक यातायात चढ्ने गर्दछन् । धनी, पुँजीपतिहरूले आफ्नै सवारी साधन चढ्ने गर्दछन् । जसको आफ्नै साधन हुँदैन, तिनीहरूको एउटा मात्रै सहारा भनेको सार्वजनिक यातायात हो । सार्वजनिक यातायातका कारण मान्छे छोटो समयमा टाढा पुगेर आफ्नो काम गरेर फर्किन सक्ने भएको छ । सार्वजनिक यातायातको अवधारणा सबै मान्छेको लागि व्यावहारिक, वैज्ञानिक, सहज र सरल बनेको छ । सार्वजनिक यातायातले टाढा-टाढाका मान्छेलाई नजिक ल्याइदिएको छ भने सिङ्गो मानव समाजलाई एक-आपसमा जोड्ने काम गरेको छ । सार्वजनिक यातायातबिना मान्छेको दैनिक जीवनको परिचालन कल्पना गर्न सकिँदैन ।

यति सुन्दर अवधारणा भएको, मान्छेको सहयोगीको रूपमा स्थापित सार्वजनिक यातायातले आफ्नो लक्ष्य र उद्देश्य हासिल गर्न सकेको छैन । आफ्नो लक्ष्य र उद्देश्यबाट निरन्तर विमुख बनिरहेको छ । नेपालमा सार्वजनिक यातायात

प्रयोगकर्ताले दुःख, दुर्व्यवहार, अपमान व्यहोर्नु सामान्य जस्तै बनेको छ । सञ्चालक, कर्मचारीहरू र चालकले मान्छेहरूलाई किन दुःख दिने गर्दछन् ? किन तिनीहरूले यति राम्रो सैद्धान्तिक, दार्शनिक अवधारणाको दुरूपयोग गरिरहेका छन् ? यसका दोषीहरू को हुन् भनेर बहस भएको पाइँदैन । यदाकदा बहस भइहाले पनि सार्वजनिक यातायात सुधार गर्नतिर देशमा कोही, कसैको ध्यान गएको देखिँदैन । पैसा तिरेर फोहरमा बस्नु पर्ने, शारीरिक कष्ट भोल्नु पर्ने र अभद्र व्यवहार सहनु पर्ने ठाउँ हो, सार्वजनिक यातायात । दुनियामा यस्तो कुनै ठाउँ छैन, जहाँ पैसा तिरेर अभद्र व्यवहार सहनु परोस् ।

नेपालमा सबैभन्दा असभ्य मान्छेले सार्वजनिक यातायात सञ्चालन गरेका छन् भन्दा फरक पर्दैन । एउटा ३० रूपैयाँको रूमाल किन्न जाँदा पसलको व्यापारीले सम्मानपूर्वक व्यवहार गर्छ, दर्जनौँ रूमाल देखाउँछ । तपाइँलाई मन परेको लैजानुस्, म ५ रूपैयाँ घटाइदिन्छु भनेर ग्राहकको चित्त बुझाउने प्रयत्न गर्दछ । सार्वजनिक यातायातमा हुने अभद्र व्यवहार, अपमानबाट धेरैजसो यात्राहरूमा लगभग सबै यात्रुहरू पीडित छन् । सार्वजनिक यातायातले तोकिएको समयमा कहिल्यै गन्तव्यमा पुऱ्याउने गर्दैन । समयमा नपुऱ्याउँदा विद्यालय छुट्छ, कार्यालय छुट्छ, काम छुट्छ । जब सबै कुरा छुट्दै जान्छ, त्यसपछि दैनिकी नै अस्तव्यस्त हुन्छ । अस्पतालमा डाक्टर छुट्छन् र बिरामी जाँच गर्न पाइँदैन । भद्रगोल, खराब र आपराधिक प्रयोगबाट सार्वजनिक यातायातको उद्देश्यमाथि हमला भएको छ । मान्छे हालेर कोच्नका लागि तिनीहरूले बसमा चढेका सबै यात्रुहरूको समय बर्बाद गरिदिन्छन् । पैसा तिरेर समय बर्बाद गर्ने ठाउँ भनेको पनि सार्वजनिक यातायात हो । यात्रुहरूको अमूल्य समय बर्बाद गरेर यातायातका मालिकहरूले पैसा कमाइरहेका हुन्छन् । यसरी मान्छेको समग्र जीवनमाथि हमला भइरहेको हुन्छ ।

नेपालको सार्वजनिक यातायात यस्तो ठाउँ हो, जहाँ अपाङ्ग र जेष्ठ नागरिकहरूको लागि सरकारले दिएको छुट पनि असुल गर्न छोडिँदैन । चढाउने र ओराल्न केही समय लाग्ने भएको हुनाले धेरै सार्वजनिक यातायातका ड्राइभर र कर्मचारीले चढाउने गर्दैनन् । चढाए पनि सही ठाउँमा ओराल्ने गर्दैनन् । आम यात्रुहरूसँग तोकिएको भन्दा धेरै भाडा लिनु सामान्य भइसकेको छ । दैनिक हजारौं यात्रीहरूले तिरेको त्यति धेरै भाडा तिनीहरूले कहाँ लगेर राख्छन् होला ? फाटेर, च्यातिइसकेका सिटहरू कहिल्यै सिलाएको देखिँदैन । फोहर भएर डुङ्डुङ्ती गन्हाउने सिटहरू कहिल्यै सफा गरेको देखिँदैन । फुटेका सिसाहरू फेरेको

देखिँदैन । भाँचिएका फलामका सिट र डन्डीहरू पनि मर्मत गरेको देखिँदैन । बसको भित्र जस्तोसुकै फोहर किन नहोस्, तिनीहरूलाई मान्छे अटाउने ठाउँ भए पुग्यो । जति धेरै मान्छे खाँदेर राख्न सक्यो, मान्छेलाई जति पीडा दिन सक्यो, अभद्र व्यवहार गर्न सक्यो, बसका ड्राइभर, कर्मचारी र खलासी खुसी हुन्छन् । तिनीहरूलाई त्यसो गर्दा धेरै पैसा आउँछ । मान्छेको सहज र सरल यात्रामा तिनीहरू खुसी हुँदैनन्, किनभने त्यतिबेला धेरै पैसा प्राप्त हुँदैन । आफ्नो गाडीमा यात्रुहरू केही थोरै छन् र अर्को गाडीले भरिभराउ, कोचाकोच यात्रुहरू ओसारेको छ भने तिनीहरूले रिस गर्छन्, डाह गर्छन् । किनभने जसले धेरै यात्रु कोच्न सक्यो, पैसा उसैले बटुल्न सक्छ । तिनीहरूका लागि यात्रु मान्छे होइनन्, पैसा तिर्ने मेसिन हुन् । पैसा नै तिनीहरूका लागि सबथोक हो ।

होटलले फोहर टेबलमा राखेर जुठो भाँडोमा खाना वा खाजा दियो भने कसैले खाँदैन । त्यसैले हरेक पटक भाँडाकुँडा सफा गरिरहनुपर्दछ । जुत्ता र फेन्सी पसलका सामानहरूमा धुलो लाग्यो भने धुलो झारिन्छ र सफा राखिन्छ । यदि सफा भएन भने कपडा बिक्री हुँदैन । विभिन्न डिपार्टमेन्टल स्टोर तथा बैंकहरूको कुरै नगरौँ, त्यहाँ फोहर लगभग वर्जित हुने गर्दछ । तर बसका सिटहरू खान नमिल्ने भएर, सुँघ्न नपर्ने भएर होला, कहिल्यै सफा गरेको पाइँदैन । सार्वजनिक यातायात जत्तिकै फोहर ठाउँ कहाँ भेटिएला ? फोहर फाल्ने डम्पिङ साइट पछिको फोहर ठाउँ भनेको नेपालको सार्वजनिक यातायात हो । बसका मालिक, चालक र कर्मचारीहरूलाई सफा भनेको के हो भन्ने जानकारी हुँदो हो त ती बसहरू कति धेरै सफा हुन्थे होलान् ? यात्रुहरू कति आनन्द तन र मनले यात्रा गर्थे होलान् ? वर्तमान समयमा यो चाहिँ मिठो कल्पना मात्रै हो । नयाँबाहेक किनेको एक वर्षपछिका सबै सवारी साधन फोहरैफोहरले भरिएको हुन्छ ।

नेपालमा बस सफा हुनका लागि, टुटेफुटेको मर्मत गर्नका लागि हरियो प्लेट टाँसिएका पर्यटक बस नै हुनुपर्छ । गोरा पर्यटकहरू चढ्ने बस हुनुपर्छ । नेपालीहरूलाई जस्तोसुकै फोहर, गन्हाउने, टुटेफुटेका, पुराना, थोत्रा, धुवाँ फाल्ने बस भए पनि हुन्छ । सयौँ वर्षअगाडि दासहरूलाई बिक्री गर्नको लागि पानीजहाजमा जसरी कोचेर लग्ने गरिन्थ्यो, सार्वजनिक यातायातमा त्यसैगरी मान्छेलाई कोच्ने गरिन्छ । जसरी दासहरूको कुनै अधिकार हुँदैनथ्यो, त्यसैगरी सार्वजनिक बसमा यात्रा गर्ने यात्रीहरूको कुनै अधिकार हुँदैन । तिनीहरूलाई सफा सिटमा बस्ने, शरीर सहज हुने गरी शान्त राख्ने, खलासी र ड्राइभरले गर्ने दुर्व्यवहार विरूद्ध बोल्ने कुनै अधिकार हुँदैन । जेजस्तो मनोमानी, दादागिरी, गुण्डागर्दी चल्छ, सबै

यातायात व्यवसायी, टिकट काउन्टरका कर्मचारीहरू, ड्राइभर र खलासीको चल्ने गर्दछ । तिनीहरूले पैसा तिरेर यात्रा गर्न तयार यात्रुहरूमाथि शासन गर्ने र पैसा असुल्ने गर्दछन् । सार्वजनिक यातायातमा तिनीहरूको शोषण, दमन, अन्याय, अत्याचारको विरूद्धमा यदि कोही यात्रु बोली हाल्यो भने तुरून्तै झारिदिने धम्की आउने गर्दछ । 'राम्रो सिटहरू, राम्रो बसहरू चढ्ने मन भएकाहरूले आफ्नै गाडी किन्नुपर्छ, सार्वजनिक बसमा सुविधा खोज्ने होइन, मैले यहीँ झारिदिन्छु, अर्को गाडीमा आउने' भनेर धम्की सहनुपर्दछ ।

नेपालका सांसदहरू सार्वजनिक यातायात चढ्ने गर्दैनन् । तिनीहरू ट्याक्सी र आफ्नै गाडी चढ्ने गर्दछन् । सार्वजनिक यातायात चढ्ने भए संसद्मा कुरा उठाउँथे होला । सरकारका मन्त्रीहरू (यातायात मन्त्रीसमेत), उच्च पदस्थ कर्मचारीहरू चढ्ने कुरै भएन । तिनीहरू सरकारले उपलब्ध गराएको महँगा गाडीहरू चढ्ने गर्दछन् । तर तिनीहरूको देशको सार्वजनिक सुधार गर्नेतर्फ पटक्कै ध्यान गएको पाइँदैन । ड्राइभिङ लाइसेन्स केन्द्रबाट तिनीहरूलाई फोहर र पुराना सवारी साधन चलाउन दिएबापत घुसको रूपमा, कमिसनको रूपमा पैसा जान्छ । रूट परमिटबाट तिनीहरूलाई पैसा जान्छ, पुराना गाडीहरू नहटाइ दिएबापत पैसा जान्छ । गरिबको ढाड सेक्ने गरी यातायात भाडा बढाइ दिएबापत तिनीहरूलाई पैसा जान्छ । सार्वजनिक यातायात तिनीहरूको कमाइको मुख्य स्रोत हो । बैङ्क नै भरिने गरी पैसा आउने स्रोत बन्द गर्न कोही कसैले चाहँदैन ।

सार्वजनिक यातायात पत्रकारहरूले पनि चढ्दैनन्, तिनीहरू आफ्नै मोटरसाइकल वा गाडी चढ्ने गर्दछन् । तिनीहरू सार्वजनिक यातायात चढ्थे त यात्रुहरूका विरूद्ध हुने अन्याय र अत्याचारका समाचार बन्थे, बेथितिहरूका विरूद्धमा समाचार र फिचरहरू आउँथे । सार्वजनिक यातायात तिनीहरूको प्राथमिकताको विषय होइन किनभने सार्वजनिक यातायात चढ्ने गरिबहरूले तिनीहरूको थैली भरिदिँदैनन् । प्रहरी तथा प्रशासनका हाकिमहरू सार्वजनिक यातायात चढ्दैनन् । यदि तिनीहरू चढ्थे होला त अनुगमन हुन्थ्यो, दोषीलाई कारबाही हुन्थ्यो । पुराना र थोत्रा सवारी साधनहरू हटाइसकिन्थ्यो । सार्वजनिक यातायात सुधार हुन्थ्यो । सार्वजनिक यातायात चढ्ने भनेका साधारण जनता, गरिब, मजदुर हुन् । ती असङ्गठित छन् । तिनीहरू आवाज उठाउन सक्दैनन् । आवाज उठाइ हाले भने पनि तिनीहरूको आवाज कोही कसैले सुन्दैन ।

यसरी सार्वजनिक यातायात यातनाशाला बनेको छ । भाँचिएको, टुटेफुटेको, फोहर भरिएको फलामको डङ्गुर बनेको छ । दुनियाँमा सार्वजनिक यातायात

चुस्त, दुरूस्त र सुविधा सम्पन्न बन्दै गएको छ । विकसित देशका सरकारहरूले सार्वजनिक यातायातको जिम्मेवारी बोक्ने गरेका छन् । जनतालाई सस्तो मूल्यमा गुणस्तरीय यातायात सेवा दिइरहेका छन् । सार्वजनिक यातायातले यात्रुहरूको समयलाई ध्यान दिँदै समयमै पुग्ने तालिका बनाउने र कार्यान्वयन गरिएको हुन्छ भनेर विदेश गएका व्यक्तिहरूले भनिरहेका हुन्छन् । पत्रपत्रिकाहरूले समाचार, फिचर लेखिरहेका हुन्छन् । नेपालको सार्वजनिक यातायात जसरी खत्तम भइरहेको छ, त्यसले समग्र देशलाई अस्तव्यस्त बनाइरहेको छ । चालक, सडक र थोत्रा सवारी साधनको कारण दैनिक दुर्घटना हुने गर्दछन् । नेपालमा सडक दुर्घटनाबाट हरेक वर्ष ६ हजार व्यक्तिको मृत्यु हुने गर्दछ । सार्वजनिक यातायात मान्छे मार्ने लाइसेन्स जस्तै भएका छन् । सार्वजनिक यातायातको दर्शन छ, सिद्धान्त छ, व्यवहार छ । सार्वजनिक यातायातको दर्शन, सिद्धान्त र व्यवहारलाई कार्यान्वयन गरेपछि मात्रै सार्वजनिक यातायात सुरक्षित हुन्छ र देश अगाडि गुडिरहन्छ । फराकिलो बाटोमा पाङ्ग्राको सहयोगमा कहिल्यै थकाई नमानीकन सार्वजनिक यातायात गुडिरहन्छ र सबै यात्रुहरूले सुरक्षित महसुस गर्दछन् । सरल, सुन्दर, सुरक्षित र सुविधासम्पन्न सार्वजनिक यातायात सबै जनताको आवश्यकता र अधिकार हो ।



# परिवर्तनको सङ्घारबाट

मधुर भट्टराई

ठानेको थिएँ–
आफ्नै ठाउँ पनि नचिन्ने भएछु
तर आफ्नै ठाउँले पनि नचिन्ने भएछ ।

हलक्क बढ्छन्–
बकाइनोका रूखका छायाजस्ता समय
बाटाहरूले पारेनन् आफ्नो छाती चौडा
घरहरू कोरिबाटी गरेर रेमिट्यान्सले
बनाएछन् आफैँलाई सुकिला

म उभिएर–
आफ्नै शैशव पैतालाले बनाएको बाटोबाट
हेरिरहेछु स्मृतिका पोखरीमा उठेका छालहरू
देखिरहेछु आफैँलाइ झल्याक झुलुक
देखिरहेछु धुर्मैलो परिचित केही अनुहारहरू
जो चिनेर पनि नचिनेझैं लाग्छन्
नदेखेर पनि देखेझैं लाग्छन् ।

लाग्दैछ यतिबेला–
समय बगिगएको खोलाको किनारमा उभिएको म
माछा भेट्टाउन असफल
बुढो माझी हुँ
र बजाइरहन्छु बिरक्त्याइलो साँझमा
आशा रित्तिएको विदारक धुन

धुनको रङ्ग उदास भएको छ
र निरन्तर पग्लिरहेछु आफैँ आँखाबाट
निरन्तर खसिरहेछु आफ्नै स्मृतिबाट ।

खोज्दै थिएँ आफ्नै सपनाको प्वाँख
खसेको थियो उठ्न खोज्दा
त्यहीँ कतै आँगनको डिलमा
छाम्दै थिएँ वयसँगै पोखिएका रहरहरू
फुलेका थिए त्यतै कतै
कदमका हाँगाहरूमा
त्यहाँ त केवल अब
केही शून्यताहरू बाँकी रहेछन्
त्यहाँ त केवल अब
समयको किराले टोकेका
स्मृतिका दागहरू मात्र बाँकी रहेछन् ।

सोचेको थिएँ–
समयको नदी निकै परसम्म बगिसकेछ
तर म पनि पुगिसकेको रहेछु टाढा
धेरै टाढा
नदीकै बहाब भएर ।

# मुक्तक तथा गजल लेखन प्रशिक्षण कार्यशाला सम्पन्न

नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले कर्मचारीहरूको साहित्यिक सिर्जनशीलता प्रवर्द्धन गर्ने हेतुले एक दिवसीय मुक्तक तथा गजल लेखन प्रशिक्षण कार्यशाला भव्यताका साथ सम्पन्न गरेको छ ।

२०७९ चैत्र १० गते शुक्रबार अपरान्ह दुईबजेदेखि नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालयको रूफ टप हलमा सो कार्यक्रम सञ्चालन भएको हो ।

पूर्व प्राज्ञ, वरिष्ठ समालोचक एवम् सुप्रसिद्ध कवि डा. देवी नेपाल प्रशिक्षक रहनुभएको सो कार्यक्रममा उहाँले मुक्तक र गजल लेखनको सैद्धान्तिक पक्षका बारेमा प्रशिक्षण दिँदै लेखन शिल्प विकासका लागि व्यावहारिक अभ्यास पनि गराउनुभएको थियो ।

सो कार्यक्रममा नेपाल विद्युत प्राधिकरणका उपनिर्देशक नारायणप्रसाद आचार्यसहित विभिन्न पद र तहका अधिकृत र सहायकस्तरका कर्मचारीको सक्रिय सहभागिता रहेको थियो । आयोजक संस्था विद्युतकर्मी साहित्यिक समाज सातौं कार्यसमितिका सबै पदाधिकारीहरू सो कार्यक्रममा पदेन प्रशिक्षार्थीका रूपमा उपस्थित भएका थिए ।

सबै प्रशिक्षार्थीहरूलाई लेखन अभ्यासमा सरिक गराउन समय पुगोस् भन्ने उद्देश्यले सो कार्यक्रमलाई विषय केन्द्रित र अनौपचारिक स्वरूपमा सञ्चालन गरिएको थियो ।




सो कार्यक्रममा सङ्क्षिप्त मन्तव्य राख्दै विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना' ले कार्यशाला गोष्ठी फलदायी हुने विश्वास व्यक्त गर्दै प्रशिक्षणका क्रममा र प्रशिक्षणपश्चात् सिर्जना हुने स्तरीय रचनाहरूलाई समाजको त्रैमासिक प्रकाशन 'अमरज्योति' मा स्थान दिइने कुरा बताउनुभएको थियो । उहाँले यस्ता प्रशिक्षणमूलक कार्यक्रमहरू आवधिक रूपमा सञ्चालन गर्दै जाने वचनबद्धता समेत प्रकट गर्नुभएको थियो ।

यस अघि 'तीन तियाँ', 'गजल मुशायरा', 'पुस्तकसँग पाठक', 'बहुभाषिक काव्यगोष्ठी' लगायतका विविध स्वाद र शैलीका साहित्यिक कार्यक्रम सञ्चालन गरिसकेको सो संस्थाले यस पटक लेखनमा रूचि भएका नवोदित स्रष्टाहरूलाई मुक्तक र गजल लेखनशैलीका आधारभूत पक्षहरूका बारेमा ज्ञान दिने उद्देश्यले कार्यशाला गोष्ठीको आयोजना गरेको संस्थाका सचिव विष्णु आचार्य 'अतृप्त' ले जानकारी दिनुभएको थियो ।

प्रशिक्षण कार्यक्रम समाप्त भएपछि प्रशिक्षक डा. देवी नेपालले विद्युत प्राधिकरणका कर्मचारीले 'विद्युतीय झट्का' दिन सक्ने मुक्तक र गजल लेख्न सक्ने कुरामा आफू विश्वस्त रहेको विचार प्रकट गर्नु भएको थियो । उहाँले प्रशिक्षणका क्रममा सिकाइएको ढाँचालाई अवलम्बन गरी साहित्यिक मूल्ययुक्त रचना सिर्जना गर्दै लेखकीय निरन्तरता कायम राख्न सबै प्रशिक्षार्थीहरूलाई शुभकामना समेत दिनुभएको थियो ।

प्रशिक्षण कार्यक्रममा सहभागी कर्मचारीहरूले पनि कार्यक्रम उपलब्धिमूलक रहेको र विधागत लेखन शैलीका बारेमा आधारभूत जानकारी हासिल गरेको भनी प्रसन्नता जाहेर गरेका थिए। प्रशिक्षार्थीहरूले लेखनमा हुन सक्ने गल्ती र त्यसबाट जोगिने उपायहरू, लेखनलाई प्रभावकारी बनाउने विधि आदिका बारेमा छोटो




समयमै धेरै कुरा सिकिएकोले यस्ता कार्यक्रमहरू पुनः पुनः सञ्चालन गर्दै जानु पर्ने धारणा व्यक्त गरेका थिए ।

४० जना प्रशिक्षार्थीहरू सहभागी भएको र करिब ३ घन्टासम्म सञ्चालन भएको सो कार्यशालाको सहजीकरण विद्युतकर्मी साहित्यिक समाजका सचिव विष्णु आचार्य 'अतृप्त' ले गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना' ले प्रशिक्षक डा. देवी नेपाललाई मायाको चिनो र 'अमरज्योति' साहित्यिक पत्रिका प्रदान गर्नुभएको थियो ।

# मोहनकृष्ण उप्रेतीको 'नेपालको बिजुली र जनसरोकार' पुस्तक बजारमा




नेपालको समग्र ऊर्जा क्षेत्रको विविध विषय समेटिएको 'नेपालको बिजुली र जनसरोकार' नामक पुस्तक बजारमा आएको छ । नेपाल विद्युत प्राधिकरणका पूर्व उप-कार्यकारी निर्देशक इन्जिनियर मोहनकृष्ण उप्रेतीद्वारा लिखित यो पुस्तक बिहीबार विमोचन भएपछि सार्वजनिक बिक्रीका लागि बजारमा आएको हो ।

सोसाइटी अफ इलेक्ट्रिकल इन्जिनियर्स नेपाल (सीन) तथा विद्युतकर्मी साहित्यिक समाजको संयुक्त आयोजनामा विद्युत प्राधिकरणमा आयोजित विशेष कार्यक्रममार्फत पुस्तकको विमोचन गरिएको छ । ४ खण्डमा विभाजित यो पुस्तकमा ३२ वटा उप-खण्ड समावेश गरिएको छ । पहिलो विद्युतका स्रोत, नीति, माग र आपूर्ति खण्डमा विद्युत उत्पादनको स्रोत, नेपालको जलस्रोत र विद्युत उत्पादन, जलविद्युत उत्पादनका मुख्य संरचना शीर्षकका उप-खण्ड राखिएको छ ।

यही खण्डमा विद्युतीय नीति, वैकल्पिक स्रोत, माग र आपूर्तिको अवस्था, प्रसारण तथा वितरण प्रणालीको आवश्यकता र चुनौती, जलवायु परिवर्तन, हरित हाइड्रोको सम्भावना, विद्युतगृह सञ्चालनका चुनौती लगायत उप-खण्ड पनि समावेश छन् ।

यस्तै, दोस्रो विद्युत विकासका चुनौती र उपलब्धि खण्डमा जलविद्युत विकासका चुनौती, राज्यको लगानी, लोडसेडिङ समस्या र समाधान, डिजेल प्लान्टको विकासक्रम, विद्युत प्राधिकरणका सहायक कम्पनी, जलविद्युत उत्पादनमा निजी क्षेत्र तथा जनसरोकारलगायत उप-खण्ड लेखक उप्रेतीले समावेश गरेका छन् ।

तेस्रो खण्ड व्यवस्थापकीय संरचना विकास र जनसरोकारमा विद्युत प्राधिकरणको बदलिँदो संगठनात्मक संरचना, र यसका चुनौती, विद्युत क्षेत्रका बहसयोग्य प्रसङ्ग, विद्युत चुहावट, कमजोर अनुगमन, जलस्रोत र राजनीतिक दललगायत उप-खण्ड छन् ।

पुस्तकको चौँथो खण्डमा विद्युत व्यापारसँग सम्बन्धी विषय उल्लेख गरिएको छ ।

यो खण्डमा विद्युत व्यापार सम्झौताको आवश्यकता, विद्युत व्यापार र बजारको बदलिँदो स्वरूप, नेपालको जलस्रोतमा भारतीय चासो र जलस्रोत उपयोगको भोलिको बाटो शीर्षकको उप-खण्ड छन् । बिहीबारबाटै बिक्री खुल्ला गरिएको पुस्तकको मूल्य प्रतिगोटा ५ सय रूपैयाँ तोकिएको छ ।

पुस्तक विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै लेखक उप्रेतीले पुस्तकमा देशको ऊर्जा क्षेत्रको सम्पूर्ण अवस्था झल्किने गरी विषयवस्तु उठान गरेको बताउनुभयो। '३२ वर्ष विद्युत प्राधिकरणमा काम गर्दाको अनुभवले आज पुस्तक प्रकाशन गर्न सक्षम भएको छु,' उहाँले भन्नुभयो, 'जलविद्युत उत्पादन, प्रसारण, वितरणदेखि व्यापारसम्मका सबै कुरा पुस्तकमा अटाउने प्रयास गरेको छु ।'

पुस्तकको प्राविधिक पक्षबारे समीक्षा गर्दै प्राध्यापक डा. जगन्नाथ श्रेष्ठले यो पुस्तक विद्युत प्राधिकरणका उच्च पदस्थ कर्मचारी, इन्जिनियर अध्ययन गर्ने विद्यार्थी, बैङ्कर्स, सरकारको प्रतिनिधित्व गर्ने पदाधिकारी सबैले पढ्नु पर्ने बताउनुभयो । उहाँले पुस्तकमा देखिएका केही कमी कमजोरीबारे टिप्पणी गर्दै आगामी संस्करणमा सुधार गरेर प्रकाशन गर्न सुझाव पनि दिनुभयो ।

पुस्तकको साहित्यिक पक्षबारे समीक्षा गर्दै विद्युतकर्मी साहित्यिक समाजका सचिव विष्णु आचार्य 'अतृप्त' ले मस्तिष्क पोषण गर्ने कृति तयार भएको बताउनुभयो । उहाँले पुस्तकमा जलविद्युत नै सस्तो नवीकरणीय ऊर्जा भएको, पम्प स्टोरेज र क्यासकेड प्रकृतिका आयोजनाबाट हुने फाइदाका बारेमा ब्याख्या गरिएको र हरित हाइड्रोजन उत्पादनको सम्भावनाबारे समेत उल्लेख गरिएकोले यो कृति सबैले पढ्नुपर्ने बताउनुभयो ।

# विद्युतकर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति - २०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी,
भगवती प्रसाईं, मातृका पोखरेल,
रमेशप्रसाद तिमल्सिना,
रमेशप्रसाद न्यौपाने,
रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
कुसुम ज्ञवाली, भगवती प्रसाईं,
मातृका पोखरेल, विन्दु शर्मा,
यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाई, विन्दु शर्मा मञ्जुलाल श्रेष्ठ, दीपक दहाल कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा,
कौशल भट्टराई, यादवराज घले
चण्डिका रायमाझी, शिशिर थापा
कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौं निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद प्रसाई, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौं कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरूः
सङ्गीता अधिकारी ९८४१८२७८३६, विष्णुप्रसाद आचार्य ९८४१५४८४२५, आविष्कार कला ९८५७०३७५८३, बलराम पुडासैनी ९८४१४०५००७, रीता खनाल ९८४१६०२१७२, शारदादेवी भट्टराई ९८४४७८८३२

## सातौं एवं वर्तमान कार्यसमिति २०७९

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - शारदा भट्टराई पोखरेल ९८४४७८८३२
सचिव - विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव - शारदा पराजुली ९८४१३६३३२५
कोषाध्यक्ष - मुकुन्दप्रसाद प्रसाईं ९८४३०५१४५०
**सदस्यहरूः**
सङ्गीता अधिकारी ९८४१८२७८३६
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता चालिसे खनाल ९८४१६०२१७२
भोला शर्मा ९८४१३३७७७२,
मिमन पुलामी ९८४५९५८४५३

## विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

**संरक्षक :**

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

**सहसंरक्षक:**

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर गः सी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

**संस्थापक आजीवन सदस्यहरू:**

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

**आजीवन सदस्यहरू**

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी - ९८४१६८१४७५
४. शान्ता सुवेदी - ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा - ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा - ९८५१०१८८४४
८. देवराज प्रसाईं - ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती - ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे - ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी - ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल - ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान - ९८५११०६१०७
१५. कौशल भट्टराई - ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल - ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा - ९८४१४११६४४
२१. मातृका बजिमय - ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा - ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य - ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली -
२७. केशवराज पन्त -
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली - ९८४२०२७७५६
३२. विन्दु शर्मा - ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य - ९८५१०५४३६०
३४. हरिहरमान पालिखे-
३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान - ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल - ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक - ९८४१२७८६५८
४०. सरोज अर्याल - ९८४६०८८२३१
४१. यादवराज घले - ९८४१३६१६९६
४२. उषा सिंह - ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल - ९८४१८३५६८५

४६. राजु शर्मा - ९८४१४२६४६२
४७. रीता खनाल - ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई - ९८४९३६५९९७
४९. सुभाष दाहाल - ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरूद्रप्रसाद यादव - ९८४१५०२३५८
५५. हरिकृष्ण शाह - ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय - ९८४१३९०१९३
५७. दीपक दाहाल - ९८४९१७४७९९
५८. आर. आर. चौलागाई - ९८४५३५१०००
५९. कृष्णहरि दाहाल - ९८५११९९००२
६०. गोसाईं के.सी. - ९८५१०१२२५३
६१. मधुकर थापा -
६२. ओमप्रकाश घिमिरे - ९८४१६३५९१९
६३. सुजाता थापा - ९८४१३८९४३१
६४. दीपकराज आचार्य -
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण - ९८४१२३४३५३
६७. उमा घिमिरे - ९८४१९३२५४२
६८. महामनचन्द्र खनाल ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल - ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पनेरू ९८४१८१८२५७
७३. प्यारू राणा - ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी - ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल - ९८५११९०६७५
७९. कोमल कौशिक - ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने - ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी - ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल - ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित - ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी. - ९८४१४०२७३५
८६. चण्डिका रायमाझी - ९७४१०१८८३४
८७. मनोरञ्जन मल्ल ठकुरी - ९८४१४०२८३६
८८. तारादत्त भट्ट - ९८५११२८६९८
८९. शारदा पराजुली - ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट - ९८४८०२४९६५
९१. कपिलदेव महतो - ९८४१२७२७६६
९२. थर्कबहादुर थापा - ९८४१२२४९३९
९३. इन्दिरा पौडेल -
९४. शारदादेवी भट्टराई - ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य - ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान - ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल - ९८४१५४८३९३
१०१. शिव राई - ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई - ९८४१२२८४५९
१०४. सुशीला लामा - ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती - ९८५१०३६७७६
१०७. चूडामणि आचार्य - ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम - ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल - ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप' - ९८४९४४७४८९
१११. बलराम पुडासैनी - ९८४१४०५००७
११२. केदारराज सिलवाल - ९८५१०९४४५९
११३. भरतकुमार खड्का - ९८५१०३४६७५
११४. भोला शर्मा - ९८४१३३७७७२
११५. उर्मिला शर्मा - ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाई - ९८४३०५१४५०
११८. बलराम चौलागाई - ९८४९२३५४९६
११९. मनोज सिंह - ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल - ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित - ९८४१७६२९४०
१२३. देवीमाया दाहाल - ९८४१३३३७९४
१२४. निर्मला सुवेदी - ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने - ९८४६०६५२०६

१२६. लक्ष्मण रेग्मी - ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल - ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल - ९८४१५४८३७८
१३०. कल्पना कोइराला - ९८४१८०३२००
१३१. थीरकुमार खत्री - ९८४१५७०९२२
१३२. सोमराज शाह - ९८४१०२७९२७
१३३. सङ्गीता कार्की - ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती - ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले - ९८४१५१०५४७
१३९. प्रशून अधिकारी - ९८५११६६८१०
१४०. रामहरि गौतम - ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल - ९८४५४६०५२
१४२. मदन तिम्सिना - ९८५११९८३४५
१४३. हरराज न्यौपाने - ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र - ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी - ९८४१४७५२८७
१४६. मनोज सिलवाल - ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल - ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी - ९८४१२४२६५५
१५०. शम्भु बस्नेत - ९८५१०७४००४
१५१. हरिहर बराल - ९८४१३०५२४२
१५२. केदार प्र. धिताल - ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर - ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा - ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी - ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल - ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई - ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई - ९८४१३२०३१०
१६२. मणिराज नेपाल - ९८५१०४००५६
१६३. दीपा खकुरेल - ९८४१४४८५३०
१६४. मैया थापा - ९८४११८४४०३
१६५. सागर ज्ञवाली - ९८५११४०२३०
१६६. शम्भु बस्नेत - ९८५१०७४००४
१६७. राजेशकुमार राजथला - ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी - ९८४६११९१७४
१६९. ममता वली खरेल - ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी - ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य - ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो - ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल - ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे - ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला - ९७४५००७६६६
१७७. नरेश मैनाली - ९८४१४४९०१५
१७८. विकास चित्रकार - ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र - ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली - ९८४१६८५९८२
१८३. रीता बस्नेत - ९८६००१३५६१
१८४. सरस्वती अर्याल - ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी - ९८५११२४४८६
१८७. प्रमिला चौधरी - ९८४११९४७०७
१८८. वसन्तराज नेपाल - ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य - ९८६०११९७११
१९०. चन्द्रकला निरौला - ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने - ९८४१५०१६०९
१९३. अम्बिका खत्री - ९८४१५६२६९७
१९४. प्रकाश पराजुली - ९८४३७२२०९५
१९५. सुभाष पाण्डे - ९८४९०३३७६२
१९६. विकास पुडासैनी - ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला - ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने - ९८५११२३२४५
२००. अम्बिका घिमिरे - ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का - ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ - ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र - ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र - ९८४९८२९६९९
२०५. जनक महत - ९८४१४६३८१३/५५७४४४३

२०६. रमेश खड्का - ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे - ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे - ९८४१३६५४९०
२०९. आविष्कार कला - ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला - ९८४९७५३२३२
२११. विमला खड्का - ९८४६०९६७५७
२१२. पङ्कज राना - ९८४७१९४६०
२१३. जमुना पोखरेल - ९८४१८४७२१३
२१४. रीता खत्री - ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल - ९८९११०५४६६
२१६. गङ्गा सापकोटा - ९८४७५५४१०८
२१७. प्रकाश कुँवर - ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल - ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने - ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल - ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद - ९८५१०९९१३३
२२२. अञ्जु कटुवाल - ९८४१२५०७६६
२२३. सरिता डङ्गोल - ९८४१५०२९१२
२२४. खेमराज भण्डारी - ९८५१२४००७७
२२५. सरोज घिमिरे - ९८४१५४८०७२
२२६. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२७. वीरेन्द्र कुमार झा - ९८५२०२४९४०
२२८. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२२९. आनन्द नेपाल - ९८५२०२४६४५
२३०. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३१. विनोद सुवेदी - ९८४१३०८३९६
२३२. रमेशप्रसाद घिमिरे - ९८५२०३१०७९
२३३. निर्मला शर्मा - ९८४१५४८७२५
२३४. हरिप्रसाद घिमिरे - ९८४१८२१४९२
२३५. राजेन्द्र कोइराला - ९८४१२९२०६०
२३६. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३७. सुरेन्द्रजङ्ग थापा - ९८५१०४११८८
२३८. राजनप्रसाद प्याकुरेल - ९८४१७००७७०
२३९. तुलाराम गिरी - ९८५११६८२१९
२४०. राजनऋषि कँडेल - ९८४१३४५४२३
२४१. महेश्वर सत्याल - ९८५१०९३१७०
२४२. अनिता बजगाईं - ९८४१६८६३४८
२४३. नागेन्द्रकुमार यादव - ९८५२०३९७०१
२४४. हरिबोल हुमागाई - ९८४११७४८७१
२४५. चाँदनी बि.क. - ९८४७१०७२१४
२४६. राजन पालुङ्गा - ९८४१३७३७७६
२४७. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४८. नारायण रेग्मी - ९८५११४७४५४
२४९. सागर शिवाकोटी ९८४१७८१२६४
२५०. उमा न्यौपाने - ९८१३६३६७९०
२५१. मिमन पुलामी ९८४४५९४२३६
२५२. राजन फुयाँल -
२५३. शमशेरबहादुर न्हुच्छे प्रधान
२५४ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५५. राजु भण्डारी....
२५६. जयराम आचार्य - ९८५११३१६९३
२५७. मान्चु कुमारी श्रेष्ठ ९८४१८६५०१५
२५८. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२५९ मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६०. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६१. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६२ नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६३. मधुकर बस्नेत - ९८४१७९०७४८
२६४. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६५. हरिबहादुर थापा ९८४९००२१२३
२६६. सुमनराज मानन्धर ९८४९३९३१६९
२६७. तेजकान्त उपाध्याय - ९८५५०३१९६४
२६८. रञ्जित शाह ९८४९१२४५९०
२६९. विवेक तिम्सिना - ९८५११९९२७३
२७०. सरस्वती केसी - ९८४१८२७७५१
२७१. दीपकराज श्रेष्ठ, ९८४१०९५८७९
२७२. दीपक चौधरी, ९८५११-६२६५०
२७३. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७४. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७५. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७६. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७७. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७८. सुनिता खड्का, ९८४५०३०९९९
२७९. उपेन्द्र सिंह, ९८४१३०००२६
२८०. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८१. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८२. सुलोचना आचार्य, ९८४१८६१८१९
२८३. एलिना कार्की, ९८४३४७३६५९
२८४. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८५. मधुराम व्यञ्जनकार, ९८५११६६६३४

२८६. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८७. सोबित थपलिया, ९८४१८९८७२३
२८८. अनिल पुडासैनी, ९८४१४४६५६५
२७९. शोभा दर्लामी, ९८४९१२८४५७
२९०. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९१. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९२. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९३. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९४. भक्ती चौलागाईं, ९८६५१५४३९८
२९५. छविलाल अधिकारी, ९८५६०४१९९९
२९६. बबिता पौडेल, ९८४६१३४६०२
२९७. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९८. राजु बराल, ९८५६०४६४०८
२९९. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३००. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०१. निरोज पौडेल, ९८५११९१९२६
३०२. कवीन्द्रकुमार झा, ०९६८२१४६४२
३०३. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०४. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०५. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०६. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०७. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०८. अर्जुन तिवारी, ९८४६०९७६४२
३०९. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३१०. अनिल अर्याल, ९८४६१२२६०२
३११. किशोर घिमिरे, ९८५७०६६६८१
३१२. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१३. सुदिप पौडेल, ९८४६१९९१०४
३१४. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१५. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१६. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१७. नमराज रिमाल, ९८४०७३९१७५
३१८. विकास चौधरी, ९८५६०३११९१
३१९. किरण चौधरी, ९८४६९४०५०३
३२०. कृष्णप्रसाद पौडेल, ९८४३७३५८१
३२१. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२२. सन्तोष गौतम, ९८४१३७८९५१
३२३. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२४. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२५. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२६. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२७. युवराज न्यौपाने, ९८५११५२३५४
३२८. पेमा डुम्रे, ९८४६५४६०२९
३२९. खगेन्द्र अधिकारी, ९८४२३१६४७६
३३० कविता पोखरेल सुवेदी, ९८४९६७८४४७
३३१. राजु भट्टराई, ९८४१०३७६२०
३३२. तारादेवी धमला, ९८४१०२५४६५
३३३. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६
३३४. दामोदर काफ्ले, ९८४२३४१२२२
३३५. निलम मरासिनी, ९८४९०७९८५३
३३६. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७०
३३७. सञ्जीव रेग्मी, ९८४१९९१९९२
३३८. अनिल पौडेल, ९८५१०३७०५७
३३९. राजबाबु पाण्डे, ९८०८९४५६५७

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई. आर. घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |

---

## 'अमरज्योति सम्मान' बाट सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| १. कुलप्रसाद पराजुली | २०६७ |
| २. मोहनबहादुर कायस्थ | २०६८ |
| ३. पुष्पनाथ शर्मा | २०६९ |
| ४. विष्णुबहादुर सिंह | २०७० |
| ५. कृष्णमोहन जोशी | २०७१ |
| ६. केशव रूपाखेती | २०७२ |
| ७. वीरेन्द्र पाठक | २०७३ |
| ८. पुण्य घिमिरे | २०७४ |
| ९. मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. भुवनचन्द ठकुरी | २०७५ |
| ११. मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. पुष्कर पुरी | २०७५ |
| १३. जुजुकाजी रञ्जित | २०७६ |
| १४. देवेन्द्र अधिकारी (दुःखी माइला) | २०७६ |
| १५. कमला श्रेष्ठ | २०७७ |
| १६. आर.आर. चौलागाईं | २०७८ |
| १७. मातृका पोखरेल | २०७९ |
| १८. रमेशप्रसाद न्यौपाने | २०७९ |

# अमरज्योति साहित्यिक त्रैमासिकका लागि लेख रचना उपलब्ध गराउने बारेको सूचनाः

विद्युतकर्मी साहित्यिक समाजद्वारा नियमित रूपमा प्रकाशित हुँदै आएको "अमरज्योति" साहित्यिक त्रैमासिकको आगामी अङ्कका लागि निम्नानुसारका लेख रचनाहरू उपलब्ध गराइ दिनुहुन समस्त सर्जक महानुभावहरूमा विनम्र अनुरोध गरिन्छः


१. साहित्यका विविध विधा (कविता, आख्यान, नाटक निबन्ध लगायत) सँग सम्बन्धित सिर्जनात्मक लेखहरू
२. समीक्षात्मक, समालोचनात्मक, अनुसन्धानात्मक वा संस्मरणात्मक भाषिक- साहित्यिक लेख रचनाहरू
३. साहित्यका विभिन्न सिद्धान्त र वादहरूका सम्बन्धमा पूर्वीय र पाश्चात्य दृष्टिकोण सम्बन्धी आलेखहरू ।
४. नेपाली र विश्व साहित्यमा देखापरेका नयाँ मान्यताहरूमा आधारित आलेख/ साहित्यिक रचना
५. अनुवाद साहित्य
६. भाषाविज्ञान, व्याकरण, कला र संस्कृतिमा आधारित लेख रचनाहरू

उपरोक्त अनुसारको लेख रचना प्रीति फन्ट (१४) मा तयार गरी निम्नलिखित विद्युतीय ठेगानामा फोटो र मोबाइल नम्बर सहित पठाइ दिनुहुन समस्त सर्जक- समीक्षक महानुभावहरूमा हार्दिक अनुरोध गरिन्छ ।

## लेख रचना पठाउने विद्युतीय ठेगानाहरूः

amarjyoti@nea.org.np
अथवा
jyotinea@gmail.com

प्रार्थीः
विद्युतकर्मी साहित्यिक समाज परिवार
नेपाल विद्युत प्राधिकरण



सस्तोमा विजुली दिँदै नेपाल विद्युत प्राधिकरण ।
उच्च उत्पादकत्वका लागि कृषिमा आधुनिकीकरण ।।



नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
NEPAL ELECTRICITY AUTHORITY
ESTD. 1985


# नेपाल विद्युत प्राधिकरण

‘उज्यालो नेपालको संवाहक’

‘समृद्ध नेपालका लागि हरित ऊर्जाको उच्च खपत’

नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
NEPAL ELECTRICITY AUTHORITY
ESTD. 1985

GO GREEN SAVE EARTH




# नेपाल विद्युत प्राधिकरण

## ‘उज्यालो नेपालको संवाहक’